# गण्डकी प्रदेश आर्थिक सर्वेक्षण
## आर्थिक वर्ष २०८२/८३



## गण्डकी प्रदेश सरकार
### आर्थिक मामिला मन्त्रालय
### पोखरा, नेपाल

## प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा

गण्डकी प्रदेशको आर्थिक अवस्था, स्रोत–साधनको उपयोग, उत्पादन, व्यापार, रोजगारी तथा सामाजिक विकासका विविध आयामहरूको तथ्याङ्क, विवरण तथा सूचनाहरूलाई यथार्थपरक चित्र प्रस्तुत गरी नीति निर्माण, बजेट तर्जुमा तथा विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश आर्थिक सर्वेक्षण २०८२/८३ तयार गरिएको हो। यसले प्रदेशको समग्र आर्थिक तथा सामाजिक अवस्थाको वस्तुगत विश्लेषण प्रदान गर्नुका साथै दीर्घकालीन योजना निर्माण, अध्ययन तथा अनुसन्धानका लागि महत्वपूर्ण आधार सामग्रीका रूपमा समेत कार्य गर्ने अपेक्षा गरिएको छ। साथै, संघीयता कार्यान्वयनपश्चात् अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १३ उपदफा (२) बमोजिम बजेट तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्नुअघि आर्थिक सर्वेक्षण पेश गर्ने कानुनी व्यवस्थालाई समेत यस प्रकाशनले सम्बोधन गरेको छ।

यसका लागि प्रदेश सरकारका विषयगत मन्त्रालय, निकाय, सार्वजनिक संस्थान, संघ–संस्था तथा अन्य सरोकारवाला निकायहरूबाट प्राप्त प्रतिवेदन, अभिलेख, विवरण तथा प्रकाशित सामग्रीका आधारमा तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र विश्लेषण गरिएको छ। प्रदेश सरकार स्थापनाकालदेखि हालसम्मका प्रमुख आर्थिक तथा सामाजिक प्रवृत्तिहरूलाई समेट्ने प्रयत्न गरिएको यस सर्वेक्षणमा तथ्याङ्कलाई तालिका, चार्ट तथा अनुसूचीमार्फत सरल र बोधगम्य ढङ्गले प्रस्तुत गरिएको छ। यद्यपि विभिन्न स्रोतबाट प्रकाशित तथ्याङ्कहरूमा देखिने भिन्नता तथा प्रदेशस्तरमा तथ्याङ्क व्यवस्थापनका लागि समर्पित संस्थागत संरचनाको अभावका कारण तथ्याङ्कको एकरूपता कायम गर्न चुनौतीहरु रहेका छन्। अद्यावधिक स्रोतहरूबाट प्राप्त तथ्याङ्क प्रयोग गरिएकाले अघिल्ला आर्थिक सर्वेक्षण वा अन्य प्रकाशित प्रतिवेदनका केही तथ्याङ्कसँग सामान्य भिन्नता देखिन सक्ने सम्भावना रहेको छ।

प्रदेश आर्थिक सर्वेक्षणलाई थप विश्लेषणात्मक, वस्तुपरक तथा समयसापेक्ष बनाउन विगतका संस्करणहरूको तुलनामा केही नयाँ विषयवस्तु तथा सूचकहरू समावेश गरिएको छ। अधिकांश क्षेत्रको तुलनात्मक विश्लेषणका लागि फागुन महिनासम्म उपलब्ध तथ्याङ्कलाई आधार मानिएको छ। यसमा आवश्यकता अनुसार आर्थिक वर्ष, शैक्षिक सत्र तथा अन्य अवधिका अद्यावधिक तथ्याङ्क समेत समेटिएका छन्। यस सर्वेक्षणमा प्रदेशको राजस्व अवस्था, सार्वजनिक खर्च, उत्पादन, कृषि, उद्योग, व्यापार, पर्यटन, वित्तीय क्षेत्र, पूर्वाधार विकास, सामाजिक सेवा, सुशासन तथा सेवा प्रवाह लगायतका विषयहरूको समग्र विश्लेषण प्रस्तुत गरिएको छ, जसले गण्डकी प्रदेशको वर्तमान आर्थिक तथा सामाजिक अवस्थाको समग्र प्रतिविम्ब प्रस्तुत गर्दछ।

**जेठ, २०८३**

**गण्डकी प्रदेश सरकार**

**आर्थिक मामिला मन्त्रालय**

## प्राक्कथन

प्रदेश सरकारको आर्थिक गतिविधि एवम् सामाजिक स्थितिको प्रतिविम्ब प्रस्तुत गर्ने उद्देश्यले प्रदेश आर्थिक सर्वेक्षण सार्वजनिक गरिएको छ। प्रदेश सरकारको स्थापना पश्चात आठ वर्षको यात्रा सफलतापूर्वक पूरा गरी नवौं वर्षमा प्रवेश गरेको सन्दर्भमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक अवस्थालाई विभिन्न आर्थिक–सामाजिक परिसूचकहरूको आधारमा विश्लेषण गर्दै प्रदेश आर्थिक सर्वेक्षण प्रस्तुत गरिएको छ। यद्यपि, नेपाल सरकारका प्रकाशित प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क विभाग र कार्यालयबाट प्राप्त खण्डीकृत तथ्याङ्क, क्षेत्रगत मन्त्रालयबाट प्राप्त प्रगति तथा नतिजा विवरण र विभिन्न सार्वजनिक निकायका अद्यावधिक तथ्याङ्क, अध्ययन प्रतिवेदन तथा प्रमाणित तथ्यका आधारमा विश्लेषण गरिएको छ।

चालु आर्थिक वर्षमा समग्र राष्ट्रको अर्थतन्त्रमा परेको दबाबको प्रभाव प्रदेशमा पनि परेको छ। अपेक्षाकृत रुपमा प्रदेशको आर्थिक वृद्धिदर हासिल हुन नसके तापनि राष्ट्रिय वृद्धिदरको तुलनामा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर बढी रहेको छ। आर्थिक विकासका साथै केही सामाजिक क्षेत्रमा पनि उपलब्धि हासिल भएको छ। आधारभूत खानेपानीको पहुँच विस्तार, केही कृषि उत्पादन र क्षेत्रफल विस्तार, सामुहिक खेती प्रवर्द्धन, महिला सशक्तिकरण लगायतका आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगति हासिल भएका छन्। तथापि, प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले लिएको लक्ष्य हासिल गर्न थप प्रयासको आवश्यकता छ।

अन्त्यमा, गण्डकी प्रदेश सरकारको समग्र आर्थिक सामाजिक स्थितिका सम्बन्धमा जानकारी लिन तथा थप विश्लेषण गर्न चाहने सबै सरोकारवालालाई यो प्रकाशन उपयोगी हुने विश्वास लिइएको छ। प्रदेश आर्थिक सर्वेक्षण २०८२/८३ तयार गर्ने क्रममा तथ्य, तथ्याङ्क, सूचना एवम् विवरण उपलब्ध गराई सहयोग गर्नुहुने सवै मन्त्रालय, निकाय, पदाधिकारी तथा सरोकारवाला, विश्लेषण कार्यमा सहयोग गर्नुहुने सबै मन्त्रालय, निकाय र आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशका कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

जेठ, २०८३

माननीय

**आर्थिक मामिला मन्त्री**
**जित बहादुर शेरचन**

गण्डकी प्रदेश सरकार · आर्थिक मामिला मन्त्रालय

# गण्डकी प्रदेशको २०८२ फागुनसम्मको आर्थिक स्थितिको तथ्यचित्र




| | | | |
|---|---|---|---|
| **४.८३%** आर्थिक वृद्धिदर (राष्ट्रिय ३.६८%) | **रु.५.९३ खर्ब** प्रादेशिक कुल गार्हस्थ्य उत्पादन | **$१,६५१** प्रतिव्यक्ति आय | **११.८८%** गरिबी |

## १ अर्थतन्त्रको चित्र

### 🧩 GDP क्षेत्रगत संरचना (%)




### 📊 आर्थिक वृद्धिदर तुलना (%)




**$१,६५१**
प्रतिव्यक्ति आय (गत वर्ष $१,६३६)

**२५.६६%**
कृषि,वन,मत्स्य — सबैभन्दा बढी योगदान

## २ सार्वजनिक वित्त

### 💰 कुल आयको स्रोत संरचना (%)




🚗 **५४.१९%**
आन्तरिक आयमा सवारी कर

⚖️ **६३.०७%**
वित्तीय समानीकरण हिस्सा

📉 **२३.५६%**
कुल विनियोजनमा प्रथम ८ महिनाको खर्च प्रगति

## ३ वित्तीय क्षेत्र

### 💰 निक्षेप र कर्जा (रु. खर्बमा)




### 🤝 सहकारी सदस्यता (%)




**१,३९०**
बैंक शाखा · प्रति शाखा ~१,७७४

**८७८**
सहकारी · पूँजी रु.१३.९९ अर्ब

**रु.२.७१ अर्ब**
जीवन+निर्जीवन बीमा दाबी भुक्तानी

## ४ कृषि, भूउपयोग, वन तथा वातावरण

### 🗺️ भू-उपयोगको स्थिति (%)




### 🌾 जमिनको अवस्था (हेक्टर)




**४५.६८%**
संरक्षित क्षेत्र (नेपालको २९.१७%)

**७.४७ लाख**
पशुमा खोप सेवा




## ५ ऊर्जा, सिँचाइ तथा खानेपानी

### ⚡ जलविद्युत क्षमता (मे.वा.)




### 💧 पहुँच सूचक (%)




**६९,५३८ हे.**
आधुनिक सिंचित — लक्ष्य पार

**२७० कि.वा.घ.**
प्रतिव्यक्ति विद्युत खपत

## ६ भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

### पञ्चवर्षीय योजना — सडक/पुल




### 🌐 डिजिटल पहुँच सूचक (%)




**१,३०,०५४**
कुल दर्ता सवारी (मोटरसाइकल ८८.५%)

**४४,३६१**
FTTH Data सेवा प्रयोगकर्ता

## ७ उद्योग, वाणिज्य तथा पर्यटन

### पर्यटक रोजाइका पदमार्ग (संख्या)




### उद्योग दर्ता प्रवृत्ति




**२,५१,९८८**
अन्नपूर्ण क्षेत्र पर्यटक (५७.९% भारत)

**६,२२,७८८**
PAN करदाता · ३३२ होमस्टे

## ८ सामाजिक क्षेत्र

### 👥 जनसंख्या — लिङ्ग अनुसार (%)




### 🎓 शिक्षा र स्वास्थ्य सूचक




**४,८६,४०६**
कक्षा १–१२ विद्यार्थी (↓१४,६८८)

**५,९१,८६५**
स्वास्थ्य सेवाग्राही (८ महिना)

## ९ सार्वजनिक प्रशासन तथा सुशासन

### ♀ लैङ्गिक उत्तरदायी बजेट (%)




### 🌱 जलवायु परिवर्तन बजेट (%)




**रु.५९.५० करोड**
बेरुजु (१.४४%) · ↑रु.७.५२ करोड

**३,५७३**
लोक सेवा सिफारिस (५,४४९ पद)

## विषयसूची

प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा ........ I

प्राक्कथन ........ II

तालिका सूची ........ VI

छोटकरी रुप ........ XI

कार्यकारी सारांश ........ XII

१. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र ........ १

राष्ट्रिय अर्थतन्त्र ........ १

प्रदेशको अर्थतन्त्र ........ ३

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना ........ ६

औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान ........ ६

२. सार्वजनिक वित्त ........ ८

प्रदेश सरकारको वित्तको आकार ........ ८

प्रदेश सरकारको खर्च ........ १०

प्रदेश सरकारको स्रोत ........ १४

प्रदेश सरकारको आय ........ १५

संघ सरकारबाट प्राप्त अनुदान ........ १६

स्थानीय तहलाई वित्तीय हस्तान्तरण ........ १८

राजस्व बाँडफाँट ........ १९

३. वित्तीय क्षेत्र ........ २०

बैंक तथा वित्तीय संस्था ........ २०

बैंकको निक्षेप तथा कर्जा लगानी ........ २१

सहकारी संस्था ........ २४

बीमा २६

जीवन/निर्जीवन बीमा ........ २८

४. कृषि, भूउपयोग, वन तथा वातावरण ........ ३०

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ........ ३०

विविध कृषि बाली उत्पादन र उत्पादकत्व ........ ३०

पशुपंक्षी तथा मत्स्य ........ ३६

वन क्षेत्र ३९

जैविक विविधता संरक्षण........ ४४

५. गरिबी निवारण,श्रम तथा रोजगारी........ ४५

गरिबी ४५

प्रधानमन्त्री रोजगार कार्यक्रम........ ४५

श्रम स्वीकृतीको विवरण........ ४६

६. ऊर्जा, सिँचाइ तथा खानेपानी........ ४७

उर्जा ४७

सिँचाइ तथा तटबन्ध........ ४८

खानेपानी तथा सरसफाई........ ४९

७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार........ ५२

सडक ५२

पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि........ ५२

यातायात ५३

सूचना तथा सञ्चार........ ५४

८. उद्योग, वाणिज्य तथा पर्यटन........ ५६

उद्योग तथा वाणिज्य........ ५६

पर्यटन ६१

पर्यटक लक्षित घरवास कार्यक्रम........ ६१

प्रदेश भित्र दर्ता भएका फर्म तथा प्रतिष्ठानहरू........ ६४

एक स्थानीय तह एक औद्योगिक ग्राम........ ६५

प्रदेश औद्योगिक क्षेत्र........ ६५

९. सामाजिक क्षेत्र........ ६६

शिक्षा ६६

विद्यालय, विद्यार्थी र शिक्षक........ ६७

धार्मिक विद्यालय........ ७१

उच्च शिक्षा........ ७१

गण्डकी विश्वविद्यालय........ ७३

प्राविधिक शिक्षा........ ७३

स्वास्थ्य सेवा........ ७६

राष्ट्रिय खोप कार्यक्रम........ ७७

स्वास्थ्य शिक्षा, सूचना तथा संचार........ ७८

जनसंख्या........ ७९

१०. सार्वजनिक प्रशासन, सुशासन र विविध ........ ८१
सुशासन ८१
लेखापरीक्षण र बेरुजुको स्थिति ........ ८१
लैंगिक उत्तरदायी तथा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण बजेट ........ ८३
विपद् व्यवस्थापन ........ ८४
शान्ति सुरक्षा ........ ८४
प्रदेश किताबखाना ........ ८४
नवप्रवर्तन साझेदारी कार्यक्रम ........ ८५
सार्वजनिक प्रशासन ........ ८५
नीति तथा योजना ........ ८६
प्रदेशको जनशक्ति व्यवस्थापन ........ ८७
कानूनी प्रतिरक्षा ........ ९२
विद्युत खपतको विवरण ........ ९३
प्रदेश व्यवस्थापिका ........ ९५
अनुसूची ........ ९६
अनुसूची १: कुल गार्हस्थ्य उत्पादनको विवरण आधारभूत मुल्यमा ........ ९६
अनुसूची २: संघीय सरकारबाट प्राप्त अनुदान र खर्चको विवरण ........ ९८
अनुसुचि ३: स्थानीय तहलाई विभिन्न शीर्षकमा भएको हस्तान्तरण ........ ९९
अनुसूची ४: प्रदेश सरकारको खर्च ........ १००
अनुसूची ५: प्रदेश सरकारको कर अधिकारबाट प्राप्त आय ........ १०१
अनुसूची ६: प्रदेश सरकारको आम्दानी (रु. करोडमा) ........ १०२
अनुसूची ७: पशु पन्क्षीहरूको विवरण ........ १०३
अनुसूची ८: अन्नपूर्ण संरक्षण क्षेत्रमा भ्रमण गर्ने पर्यटकको विवरण ........ १०४
अनुसूची ९: औद्योगिक फर्ममा लगानी कर्ताहरुको विवरण ........ ११०
अनुसूची १०: वाणिज्य फर्ममा लगानीकर्ताको विवरण ........ १११

## तालिका सूची


तालिका १: तालिका समष्टिगत आर्थिक परिसूचक ........ १
तालिका २: प्रदेश सरकारको बजेट विनियोजन र तुलनात्मक खर्च स्थिति (रु. लाखमा) ........ १०
तालिका ३: प्रदेश सरकारको बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (रु. लाखमा) ........ १०
तालिका ४: आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८२/८३ सम्मको विनियोजन ........ १३
तालिका ५: बजेट विनियोजन र जम्मा प्राप्ति बीचको अन्तर ........ १४
तालिका ६: प्रदेश सरकारको स्रोत संरचना ........ १६
तालिका ७: संघ सरकारबाट विनियोजन र प्राप्त अनुदानको खर्चगत उपलब्धि (प्रतिशतमा) ........ १७
तालिका ८: स्थानीय तहलाई भएको विनियोजनको तुलनामा खर्च (प्रतिशतमा) ........ १८
तालिका ९: वित्तीय संस्थाका शाखा संख्या तथा प्रति शाखा जनसंख्या ........ २०
तालिका १०: निक्षेप संकलन र कर्जा प्रवाह (रु. करोडमा) ........ २२
तालिका ११: जिल्लागत बैंक तथा वित्तीय संस्थाको शाखा (लघुवित्त वित्तीय संस्था बाहेक) ........ २२
तालिका १२: बैंकिङ सेवा सम्बन्धी सूचकहरूको विवरण ........ २३
तालिका १३: बैंकिङ सेवा विस्तारको विवरण ........ २४
तालिका १४: जिल्लागत रुपमा दर्ता भएका सहकारीको विवरण ........ २४
तालिका १५: वर्गीकरणको आधारमा सहकारी संस्थाको विवरण ........ २५
तालिका १६: सहकारी संस्थाको आर्थिक विवरण ........ २६
तालिका १७: सहकारीमा आबद्ध सदस्य र कर्मचारीहरूको विवरण ........ २६
तालिका १८: जिल्ला अनुसार बीमितको विवरण ........ २७
तालिका १९: गण्डकी प्रदेशमा रहेका बिमकको शाखा संख्या ........ २८
तालिका २०: प्रदेश भित्रका जीवन बीमाको विवरण (रु. लाखमा) ........ २८
तालिका २१: प्रदेश भित्रका निर्जीवन बीमाको विवरण (रु. लाखमा) ........ २९
तालिका २२: प्रदेश भित्रको जमिनको अवस्था ........ ३१
तालिका २३: खाद्यान्न बालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) ........ ३२
तालिका २४: रासायनिक मलको बिक्री वितरण (मे.ट.) ........ ३३
तालिका २५: तेलहनबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) ........ ३३
तालिका २६: दलहनबालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) ........ ३४
तालिका २७: मसलाबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) ........ ३५
तालिका २८: आलु र तरकारी खेतीको विवरण (हेक्टरमा) ........ ३६
तालिका २९: पशुपंक्षीको विवरण (संख्यामा) ........ ३७
तालिका ३०: खोप (भ्याक्सिन) को विवरण ........ ३७

तालिका ३१: दुध उत्पादनमा अनुदानको विवरण ........ ३८
तालिका ३२: पकेट क्षेत्र घोषणाको विवरण ........ ३८
तालिका ३३: दुध, अण्डा तथा मासु उत्पादन ........ ३९
तालिका ३४: वन क्षेत्रको विवरण ........ ३९
तालिका ३५: प्रदेशभित्र रहेका संरक्षित क्षेत्रहरूको विवरण ........ ४०
तालिका ३६: वन पैदावारमा आधारित उद्योगहरूको विवरण ........ ४०
तालिका ३७: भू–उपयोगको स्थिती ........ ४१
तालिका ३८: वनको प्रकार अनुसार संख्या र क्षेत्रगत विवरण ........ ४२
तालिका ३९: दाउरा र गैरकाष्ठ वन पैदावरको विवरण ........ ४३
तालिका ४०: प्रदेशगत निरपेक्ष गरिबीको अवस्था ........ ४५
तालिका ४१: प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशगत अवस्था ........ ४५
तालिका ४२: प्रदेश भित्र श्रम स्वीकृतिको विवरण ........ ४६
तालिका ४३: प्रदेश भित्रको उर्जा सम्बन्धी विवरण ........ ४७
तालिका ४४: पञ्चवर्षीय आयोजनाको लक्ष्य र फागुन मसान्तसम्मको प्राप्ति ........ ४८
तालिका ४५: सिँचाई र तटबन्धनको विवरण ........ ४८
तालिका ४६: सिँचाइ तथा तटबन्धन निर्माण ........ ४९
तालिका ४७: प्रदेश भित्रको खानेपानीको विवरण ........ ५०
तालिका ४८: दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य र प्रगति ........ ५०
तालिका ४९: प्रदेशभित्र निर्माण गरेको नयाँ सडकको लम्बाइ ........ ५२
तालिका ५०: प्रदेशभित्र निर्माण गरेको नयाँ सडकको लम्बाइ प्रथम आठ महिनामा उपलब्धि ........ ५२
तालिका ५१: दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि ........ ५३
तालिका ५२: सडक पुल र झोलुङ्गे पुलको विवरण ........ ५३
तालिका ५३: गण्डकी प्रदेशमा दर्ता भएका सवारी साधनहरू ........ ५४
तालिका ५४: नेपाल टेलिकमले प्रवाह गर्ने तारयुक्त सेवाको जिल्लागत विवरण ........ ५५
तालिका ५५: पछिल्लो पाँच वर्षमा दर्ता भएका औद्योगिक फार्महरुको संख्या ........ ५६
तालिका ५६: पछिल्लो पाँच वर्षमा दर्ता भएका औद्योगिक फर्महरुमा लगानी भएको पूँजी (रु. लाखमा) ५६
तालिका ५७: रोजगारी सिर्जनाको विवरण ........ ५७
तालिका ५८: पछिल्लो पाँच वर्षमा दर्ता भएका वाणिज्य फर्महरुको संख्या ........ ५८
तालिका ५९: वाणिज्य फर्महरुको लगानी (रु. लाखमा) ........ ५९
तालिका ६०: खारेजी र सक्रिय उद्योग तथा वाणिज्य फर्मको विवरण ........ ५९
तालिका ६१: प्रविधि हस्तान्तरण (थान) ........ ६०
तालिका ६२: सीपमुलक उद्यमविकास तालिमबाट लाभान्वितको विवरण ........ ६१
तालिका ६३: गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे ........ ६१
तालिका ६४: अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमण गर्ने पर्यटकको विवरण ........ ६२
तालिका ६५: पदयात्रा अनुमति लिनेको विवरण ........ ६३

तालिका ६६: पर्यटकले प्रयोग गरेको पदमार्ग ........ ६३
तालिका ६७: पर्यटन तथा उद्योग कार्यालयबाट संकलित राजस्व ........ ६४
तालिका ६८: दर्ता भएका फर्महरूको विवरण ........ ६५
तालिका ६९: प्रदेश औद्योगिक क्षेत्रको अवस्था ........ ६५
तालिका ७०: प्रदेशका विभिन्न तहका विद्यालयको विवरण (शैक्षिक सत्र अनुसार) ........ ६७
तालिका ७१: प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार) ........ ६८
तालिका ७२: गण्डकी प्रदेशमा तहगत खुद विद्यार्थी भर्ना दर (शैक्षिक सत्र अनुसार) ........ ६९
तालिका ७३: प्रदेशगत रूपमा संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना ........ ७०
तालिका ७४: सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको विवरण ........ ७०
तालिका ७५: सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ........ ७१
तालिका ७६: प्रदेशका उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्था र विद्यार्थी भर्ना विवरण ........ ७२
तालिका ७७: माध्यमिक शिक्षा परीक्षा, कक्षा १०,( SEE) ........ ७२
तालिका ७८: गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी संख्या ........ ७३
तालिका ७९: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू ........ ७४
तालिका ८०: विभिन्न विषयमा अध्ययनरत विद्यार्थी विवरण ........ ७५
तालिका ८१: स्वास्थ्य सेवा विस्तारको विवरण ........ ७७
तालिका ८२: निःशुल्क खोपको स्थिति (पटक संख्यामा) ........ ७८
तालिका ८३: स्वास्थ्य सम्बन्धि सूचकको गण्डकी प्रदेशको विवरण ........ ७८
तालिका ८४: स्वास्थ्य मन्त्रालय मार्फत भएको हवाई उद्धार सेवा विवरण ........ ७९
तालिका ८५: भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८ ........ ८०
तालिका ८६: घरजग्गा रजिष्ट्रेशन छुटको विवरण ........ ८१
तालिका ८७: बेरुजुको वर्गीकरण (रू. हजारमा) ........ ८३
तालिका ८८: लैङ्गिक उत्तरदायी बजेट (रु. करोडमा) ........ ८३
तालिका ८९: जलवायु परिवर्तन बजेट विनियोजनको अवस्था (रु. करोडमा) ........ ८४
तालिका ९०: आर्थिक सहायताको विवरण ........ ८६
तालिका ९१: मन्त्रिपरिषद्को बैठकको विवरण ........ ८६
तालिका ९२: पाठ्यक्रम निर्माणको विवरण ........ ८७
तालिका ९३: प्रकाशित विज्ञापनको विवरण ........ ८७
तालिका ९४: दरखास्त संकलनको विवरण ........ ८९
तालिका ९५: प्रतिस्पर्धा र बढुवा मार्फत् सिफारिसको संख्या ........ ९२
तालिका ९६: मुद्दाको संख्यागत विवरण ........ ९२
तालिका ९७: प्रदेश भित्र संचालनमा रहेका र निर्माणाधिन जलविद्युत आयोजनाको विवरण ........ ९४
तालिका ९८: प्रदेश सभाका विभिन्न समितिको बैठकको विवरण ........ ९५
तालिका ९९: प्रदेश राजपत्रमा प्रकाशन भएका ऐन कानुनको विवरण ........ ९५

## चार्ट सूची


चार्ट १: नेपालको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (आधारभूत मूल्यमा) ..................................... २
चार्ट २: औद्योगिक समूह अनुसार कूल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान ..................................... ३
चार्ट ३: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा) ..................................... ४
चार्ट ४: उपभोक्ता मूल्यमा वार्षिक वृद्धिदर (प्रतिशतमा) ..................................... ५
चार्ट ५: कुल राष्ट्रिय उत्पादनमा गण्डकी प्रदेशको योगदान ..................................... ५
चार्ट ६: गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा) ..................................... ६
चार्ट ७: गण्डकी प्रदेश र नेपालको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान ..................................... ६
चार्ट ८: पछिल्लो ६ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा) ..................................... ७
चार्ट ९: प्रदेश सरकारको विनियोजन र खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) ..................................... ८
चार्ट १०: कुल गार्हस्थ्य उत्पादनमा बजेट बचतको अनुपात ..................................... ९
चार्ट ११: आन्तरिक आय र चालु खर्चको फरक ..................................... ९
चार्ट १२: प्रदेश सरकारको चालु र पूँजीगत खर्च संरचना ..................................... ११
चार्ट १३: महिना अनुसार पूँजीगत खर्चको विवरण ..................................... ११
चार्ट १४: चालु खर्चको शीर्षकगत विवरण ..................................... १२
चार्ट १५: चालु खर्चको शीर्षकगत विवरण (प्रथम आठ महिनाको) ..................................... १२
चार्ट १६: विभिन्न आर्थिक वर्षमा विनियोजित बजेट (रु. लाखमा) ..................................... १३
चार्ट १७: बजेट विनियोजन र जम्मा प्राप्ति बीचको अन्तर ..................................... १४
चार्ट १८: संघीय सरकारबाट प्राप्त राजस्व (मू.अ.कर र भ्याट) र आन्तरिक राजस्वको हिस्सा ..................................... १५
चार्ट १९: अनुदान फिर्ताको विवरण प्रतिशतमा ..................................... १७
चार्ट २०: अनुदानको योगदान ..................................... १८
चार्ट २१: लक्ष्यको आधारमा सवारी साधन कर प्राप्तिको अवस्था (प्रतिशतमा) ..................................... १९
चार्ट २२: शाखा संख्याका आधारमा प्रदेशमा वित्तीय संस्थाको योगदान (फागुन मसान्तसम्म) ..................................... २१
चार्ट २३: बैंकहरूबाट भएको कर्जा संकलन र लगानीको तुलनात्मक रेखा चित्र (अर्बमा) ..................................... २१
चार्ट २४: प्रदेशका बीमितको विवरण ..................................... २७
चार्ट २५: गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा) ..................................... ३०
चार्ट २६: मुख्य खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल (फागुनसम्म) ..................................... ३२
चार्ट २७: काठ उत्पादन/उपभोगको विवरण फागुन मसान्तसम्म ..................................... ४२
चार्ट २८: काठ उत्पादन/उपभोगको विवरण ..................................... ४३
चार्ट २९: नेपाल टेलिकमले प्रवाह गर्ने तारयुक्त सेवाको जिल्लागत विवरण ..................................... ५४
चार्ट ३०: प्रदेश भित्र फर्म दर्ताको विवरण (प्रतिशतमा) ..................................... ६४
चार्ट ३१: कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत) ..................................... ६६
चार्ट ३२: जिल्लागत साक्षरता दर (५वा +उमेर समूह) ..................................... ६६

चार्ट ३३: गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र २०८२)........................ ६७
चार्ट ३४: गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी संख्या ...................................... ७१
चार्ट ३५: प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय (कक्षा ९-१२) को विद्यार्थी विवरण ............ ७४
चार्ट ३६: कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा)..... ७६
चार्ट ३७: जिल्लागत रुपमा सञ्चालित एम्बुलेन्सको विवरण .................................................. ७९
चार्ट ३८: प्रदेश मातहतका सरकारी निकायको लेखापरीक्षण ................................................ ८२
चार्ट ३९: प्रदेशगत बेरुजुको विवरण आर्थिक वर्ष२०८१/८२ (रू. हजारमा)............................. ८२
चार्ट ४०: प्रकाशित विज्ञापनको विवरण ........................................................................ ८८
चार्ट ४१: विज्ञापनको किसिम अनुसार विज्ञापन (प्रतिशत)..................................................... ८९
चार्ट ४२: दरखास्त संकलनको विवरण .......................................................................... ९०
चार्ट ४३: सिफारिसको विवरण.................................................................................... ९०
चार्ट ४४: प्रदेश तथा स्थानीय तहमा आर्थिक वर्ष अनुसार सिफारिस......................................... ९०
चार्ट ४५: प्राविधिक र अप्राविधिक तर्फको सिफारिस .......................................................... ९१
चार्ट ४६: जिल्ला अनुसार विद्युत खपत युनिट मेघावाटमा.................................................... ९३
चार्ट ४७: महिना अनुसार विद्युत खपतको विवरण (कि.वा.)................................................. ९३

## छोटकरी रुप

| | |
|---|---|
| आ. व. | आर्थिक वर्ष |
| कि.वा.घ. | किलोवाट घण्टा |
| के.जि. | किलोग्राम |
| क.सं. | क्रम संख्या |
| डि.ए.पि. | डाइ-अमोनियम फस्फेट |
| प्र.ले.नि.का. | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| ब.सु.पू. | बर्दघाट सुस्ता पूर्व |
| मू.अ.क. | मूल्य अभिवृद्धि कर |
| मे.ट. | मेट्रिक टन |
| मे.वा. | मेगावाट |
| रु. | रुपैयाँ |
| हे. | हेक्टर |
| हे.अ. | हेल्थ असिस्टेन्ट |
| BPAN | Business Permanent Account Number |
| CSF | Classical Swine Fever |
| DHPPL | Distemper, Hepatitis, Parvovirus, Parainfluenza, Leptospirosis |
| FMD | Foot and Mouth Disease |
| FTTH | Fiber To The Home |
| GDP | Gross Domestic Product |
| IPTV | Internet Protocol Television |
| IT | Information Technology |
| LSD | Lumpy Skin Disease |
| MIS | Management Information System |
| NDHS | National Demographic Health Survey |
| PHCC | Primary Health Care Centre |
| PPAN | Personal Permanent Account Number |
| PPR | Peste des Petits Ruminants |
| WPAN | Withholding Permanent Account Number |

## कार्यकारी सारांश

१. आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय अर्थतन्त्र आधारभूत मूल्यमा ३.६८ प्रतिशतले विस्तार हुने अनुमान रहेकोमा गण्डकी प्रदेशको अर्थतन्त्र आधारभूत मूल्यमा ४.८३ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ।

२. गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा चालु आर्थिक वर्ष २०८२/८३ का लागि करिब रु.५ खर्ब ९३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ ।

३. चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय, तृतीय क्षेत्रको योगदान क्रमश: २६.३, १८.४ र ५५.३ प्रतिशत रहने अनुमान छ। औद्योगिक वर्गीकरण अनुसार कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २५.६६ प्रतिशत रहने अनुमान छ।

४. गण्डकी प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औसतभन्दा माथि रहँदै आएको छ। चालु आर्थिक वर्षमा यस्तो आय १ हजार ६५१ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

५. चौथो नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८० अनुसार राष्ट्रिय निरपेक्ष गरिबी २०.२७ प्रतिशत रहेकोमा गण्डकी प्रदेशको निरपेक्ष गरिबी दर राष्ट्रिय तथा प्रदेशगत रूपमै सबैभन्दा न्यून ११.८८ प्रतिशत रहेको छ।

६. आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म मुख्य खाद्यान्न बालीतर्फ क्षेत्रफलका आधारमा मकै र उत्पादनका आधारमा धान, तेलहनतर्फ भटमास, दलहनतर्फ मास, मसलातर्फ अदुवा र फलफूलतर्फ सुन्तलाको उत्पादन बढी छ।

७. प्रदेशको कुल क्षेत्रफलमध्ये करिब ४ लाख ९९ हजार २३३ हेक्टर खेतीयोग्य जमिन रहेकोमा १ लाख ३० हजार ५६३ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। आधुनिक सिँचाइ पूर्वाधारबाट ६९ हजार ५ सय ३८ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ।

८. प्रदेशको कुल क्षेत्रफलको करिब ३७.८ प्रतिशत वनले ढाकेको छ। संरक्षित क्षेत्र १० लाख ३ हजार ९ सय ५१ हेक्टर रहेको छ। जुन नेपालको कुल संरक्षित क्षेत्रफलको २९.१७ प्रतिशत हो।

९. पशुपन्छी स्वास्थ्य सेवातर्फ चालु आर्थिक वर्षको फागुन मसान्तसम्म जम्मा ९६ हजार ७९० उपचार सेवा, ७ लाख ४७ हजार १६४ पशुमा खोप सेवा र ८५ हजार ४१५ पशुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ।

१०. आर्थिक वर्षको फागुन मसान्तसम्म कुल विनियोजित बजेटको २३.५६ प्रतिशत खर्च भएको छ। जसमध्ये पूँजीगत खर्च र चालु खर्चको अनुपात क्रमशः ५३.२० र ४६.८० प्रतिशत रहेको छ।

११. चालु आर्थिक वर्षको प्रथम आठ महिनामा प्रदेश सरकारको कुल आयमा सबैभन्दा बढी योगदान संघीय सरकारबाट प्राप्त अनुदानको ४६.४६ प्रतिशत रहेको छ।

१२. आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको आन्तरिक आयमा सबैभन्दा बढी योगदान सवारी साधन करको ३३.८२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म यस्तो योगदान ४०.७४ प्रतिशत रहेको छ ।

१३. स्थानीय तहसँगको साझेदारी कार्यक्रममा दायित्व भुक्तानीमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १८.३२ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

१४. आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेशका ११ जिल्लामा बैंक तथा वित्तीय संस्थाका शाखा १ हजार ३९० कायम भएको छ। प्रति शाखा जनसंख्या करिब १ हजार ७७४ रहेको छ।

१५. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म रु. ६ खर्ब ७१ अर्ब ९४ करोड निक्षेप सङ्कलन र रु. ३ खर्ब ६० अर्ब ९२ करोड कर्जा लगानी भएको छ।

१६. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेशभित्र रहेका सहकारी संस्थाको संख्या ८७८ रहेको छ। सहकारीको शेयरपूँजी ३.६४ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ९९ करोड ७० लाख पुगेको छ र शेयर सदस्यमध्ये ५४.३७ प्रतिशत महिला रहेका छन्।

१७. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म जीवन बीमातर्फ रु.१ अर्ब ९९ करोड ४६ लाख र निर्जीवन बीमातर्फ रु.७१ करोड ३६ लाख बीमा दावी भुक्तानी गरिएको छ।

१८. आर्थिक वर्ष २०८१/८२ सम्म कुल २१ हजार २२० उद्योग र १८ हजार १२७ वाणिज्य फर्म दर्ता भएका छन्।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेशका ८५ स्थानीय तहका १ हजार ४४५ आयोजनामा ५ हजार ७६१ जनाले औसतमा ७४.८ दिन रोजगारी प्राप्त गरेका छन्।

२०. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेशको कुल विद्युत जडित क्षमता ९५९.१० मे.वा. पुगेको छ। यसमध्ये सौर्य उर्जा ९ मे.वा. रहेको छ ।

२१. आर्थिक वर्ष २०८१/८२ मा आधारभूत खानेपानीमा पहुँच पुगेको जनसंख्या ९५ प्रतिशत रहेको छ। निजी धारा जडान भएका घरपरिवार ६५ प्रतिशत रहेका छन्।

२२. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म करिब १ हजार २३९ कि.मि. कालोपत्रे भएको छ। सडक पुल १२२ र झोलुङ्गे पुल ९० वटा सम्पन्न भएका छन्।

२३. प्रदेशमा चालु आर्थिक वर्षको फागुनसम्म १३ हजार ८ सय ८७ नयाँ सवारी साधन दर्ता भई कुल दर्ता संख्या १ लाख ३० हजार ५४ पुगेको छ। नयाँ दर्तामध्ये मोटरसाइकल/स्कुटर सबैभन्दा बढी ८८.५५ प्रतिशत रहेको छ।

२४. राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशका ४७.७ प्रतिशत घरधुरीमा इन्टरनेट र ७७.८ प्रतिशत घरधुरीमा स्मार्टफोनको पहुँच पुगेको छ। २०८२ फागुन मसान्तसम्म नेपाल टेलिकमको तारयुक्त FTTH Data सेवा ४४हजार ३६१ पुगेको छ।

२५. अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमण गर्ने पर्यटक २०८२ चैत मसान्तसम्म २ लाख ५१ हजार १८८ पुगेका छन्। जसमध्ये जोमसोम-मुक्तिनाथ ट्रेक भ्रमण गर्ने सबैभन्दा बढी १ लाख ३४ हजार ४३२ रहेको छ। प्रदेशमा सञ्चालनमा रहेका सामुदायिक होमस्टेको संख्या ३३२ पुगेको छ ।

२६. चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशमा रहेका आन्तरिक राजस्व कार्यालयहरूमा व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) १ लाख ९९ हजार २८३, व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) ४ लाख १९ हजार २२८ अग्रिम करकट्टी प्रयोजनको (WPAN) ४ हजार २७७ गरी जम्मा ६ लाख २२ हजार ७८८ करदाताले स्थायी लेखा नम्बर लिएका छन्।

२७. राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.५७ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८२ मा कक्षा १-१२ का विद्यार्थी संख्या ४ लाख ८६ हजार ४०६ रहेको छ।

२८. चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ४३३ आधारभूत स्वास्थ्य केन्द्र, ४७८ स्वास्थ्य चौकी, ६० सरकारी अस्पताल र ७४ निजी अस्पताल रहेका छन्।

२९. राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको जनसंख्या २४ लाख ६६ हजार ४ सय २७ रहेको छ। जसमा ५२.५ प्रतिशत महिला र ४७.५ प्रतिशत पुरुषतथा औसत परिवार आकार ३.७२ र वार्षिक जनसंख्या वृद्धिदर ०.२५ प्रतिशत रहेको छ।

३०. चालु आर्थिक वर्षको कुल बजेटमा लैङ्गिक उत्तरदायी र जलवायु परिवर्तन बजेट अन्तर्गत प्रत्यक्ष लाभतर्फ क्रमश: ३०.३४ प्रतिशत र १०.१४ प्रतिशत स्रोत विनियोजन भएको छ।

३१. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणबाट प्रदेश सरकारको बेरुजु रू. ५९ करोड ५० लाख १९ हजार रहेको छ ।

३२. प्रदेश लोक सेवा आयोगले चालु आर्थिक वर्षको चैत मसान्तसम्म तेस्रो देखि एघारौं तह सम्मका ५ हजार ४४९ पदमा विज्ञापन गरी कुल ३ हजार ५७३ उम्मेदवार सिफारिस गरेको छ। प्रदेश किताबखानामा १ हजार ५१ कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) दर्ता भएको छ।

# १. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र

## राष्ट्रिय अर्थतन्त्र

१.१ अन्तर्राष्ट्रियस्तरमा आफ्नो वर्चश्व कायम गर्ने होडबाजीले विश्व अर्थतन्त्रमा देखिएको अस्थिरता र अनिश्चितताको कारण सुस्त बन्दै गएको अर्थतन्त्र पछिल्ला आर्थिक वर्षहरूमा क्रमिक रुपमा सुधार हुदै गएको छ। शक्तिशाली देशहरूको शक्ति प्रदर्शन, भू-राजनीतिक तनाव, मध्यपूर्वी एशियामा जारी युद्ध र इन्धनको मूल्यमा भएको भारी वृद्धि, अन्तर्राष्ट्रिय व्यापार, लगानी र समग्र अर्थतन्त्रमा नकारात्मक प्रभावको असर विकासशील देशहरूको अर्थतन्त्रमा पनि परेको देखिन्छ। ठूलो अर्थतन्त्र भएका मुलुकबीचको व्यापारिक युद्धका कारण आयातमा निर्भर विकासशील र विकासोन्मुख राष्ट्रको समग्र वस्तु तथा सेवाको मूल्य बढ्न सक्ने जोखिम रहेको छ। विगतका वर्षहरूलाई अध्ययन गर्दा संकुचित हुदै गएको आन्तरिक एवम् बाह्य परिसूचक हालका वर्षहरूमा सुधार र सबल बन्दै गएको देखिन्छ, जसले गर्दा कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन बढ्ने अनुमान गर्न सकिन्छ। प्राकृतिक प्रकोप तथा विपद्जन्य घटनाले कृषि र पूर्वाधार क्षेत्रमा ठूलो क्षति भएका कारण आर्थिक परिचालन उत्पादनमुलक क्षेत्रमा केन्द्रित नभई विपद्जन्य जोखिम न्युनीकरण, पुनर्स्थापना तर्फ केन्द्रित हुँदा तोकिएको अन्य परिमाणात्मक लक्ष्य हासिल गर्न कठिनाइ भएको देखिन्छ। अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यमा देखिएको सुधारले मुलुकको आन्तरिक गतिविधिका अधिकांश समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक र उत्साहप्रद रहेका छन्। अर्थतन्त्रमा प्रत्यक्ष असर गर्ने घरजग्गा कारोवार, पूर्वाधार निर्माणका क्षेत्रमा देखिएको सुस्तता क्रमिक रुपमा सुधार हुने प्रारम्भिक संकेतहरु देखिएका छन्।

तालिका १: तालिका समष्टिगत आर्थिक परिसूचक

| विवरण | इकाई | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रू. अर्बमा | ३८८८.७ | ४३५२.६ | ४९७६.६ | ५३४८.५ | ५०६०.६५ | ६१९९.८६* | ६६००.०९** |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | -२.४२ | ४.४९ | ५.२८ | २.३१ | ३.३८ | ३.३०* | ३.६८** |
| कृषि | प्रतिशत | २.३२ | २.८९ | २.५० | २.७२ | ३.३ | ३.०५* | १.५८** |
| उद्योग | प्रतिशत | -४.११ | ७.०६ | १०.७९ | १.४० | १.२० | १.३९* | ३.५२** |
| सेवा | प्रतिशत | -४.५३ | ४.७१ | ५.३२ | २.३६ | ४.४ | ३.८८* | ४.५१** |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलरमा | ११८० | १२८४ | १४१९ | १४१० | १४८० | १५३५* | १५३५** |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ६.२ | ३.६ | ६.३ | ७.७ | ५.४ | ४.१ | ३.१ |
| कुलस्थिर लगानी | जीडिपीको अनुपातमा | ३०.४७ | २९.३४ | २८.९८ | २५.०८ | २४.३३* | २४.७** | |
| कुलगार्हस्थ्य वचत | जीडिपीको अनुपातमा | ५.७२ | ६.३७ | ६.५८ | ७.४१ | ६.२* | ६.६** | |
| तीनतहको एकीकृत खर्च (अनुदान हस्तान्तरण बाहेक) | रू. अर्बमा | ११९१.१ | १३६२.२ | १४९०.६ | १६५६.१० | १६४०.६७ | १७७५.४६ | |
| चालु | जीडिपीको अनुपातमा | १७.२ | १७.० | १७.३ | १७.४ | १८.३ | १५.२५ | |
| पुँजीगत | जीडिपीको अनुपातमा | १०.४ | ११.४ | ९.८ | ९.९ | ३.७९ | ८.०१ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **वित्तीय व्यवस्था** | जीडिपीको अनुपातमा | ३.० | २.८ | २.९ | ३.७ | ४.४१ | ५.३७ | |
| **तिर्नबाँकी सार्वजनिक ऋण दायित्व** | **जीडिपीको अनुपातमा** | **३६.९** | **३९.९** | **४०.५** | **४२.८८** | **४२.३३** | **४३.१३** | |
| **चालुखाता सन्तुलन** | जीडिपी अनुपातमा | -१ | -७.७ | -१२.७ | -०.९ | ३.८ | ६.७ | ६.९# |
| **विदेशीमुद्रा सञ्चिति** | **रू. अर्बमा** | **१४०१.८** | **१३९९.०** | **१२१५.८** | **१५३९.४** | **२०४१.१०** | **२६७.७** | **३४३.७#** |
| **नेप्सेसूचकाङ्क (असार मसान्तको)** | बिन्दुमा | १३६२.३५ | २८८३.४१ | २००९.४७ | २०९७.१ | २०५३.० | २७९४.७८ | २९३६.२४ |

स्रोतः आर्थिक सर्वेक्षण २०८२/८३, अर्थ मन्त्रालय *संशोधित अनुमान, **प्रारम्भीक अनुमान, # फागुन मसान्तसम्म

१.२ चालु आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) आधारभूत मूल्यमा ३.६८ प्रतिशत र उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.८० प्रतिशतले विस्तार हुने संशोधित अनुमान रहेको छ।

१.३ चालु आर्थिक वर्ष २०८२/८३ मा औसत उपभोक्ता मुद्रास्फीति ४.१ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा त्यस्तो मुद्रास्फीति ३.१ प्रतिशत रहेको थियो।

चार्ट १: नेपालको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (आधारभूत मूल्यमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

१.४ विगतका वर्षहरूदेखि नै कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै गएता पनि चालु आर्थिक वर्ष २०८२/८३ मा गत आर्थिक वर्षको संशोधित अनुमान सँग कुनै परिवर्तन नहुने अनुमान छ। कृषि क्षेत्र तर्फको योगदान औसतमा उस्तै रहेको देखिन्छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १३.२ प्रतिशत हुने संशोधित अनुमान रहेकोमा चालु आर्थिक वर्षमा १३.७ प्रतिशत हुने अनुमान रहेको छ।

चार्ट २: औद्योगिक समूह अनुसार कूल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमानित * प्रारम्भिक अनुमान

## प्रदेशको अर्थतन्त्र

१.५ विभिन्न देशहरु बीचमा भएको द्वन्द्वले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा देखिएको नकारात्मक प्रभाव, पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि, विप्रेषण आप्रवाहमा देखिएको वृद्धि तथा आन्तरिक बजारको समष्टिगत मागमा भएको बढोत्तरीको असर गण्डकी प्रदेशको अर्थतन्त्रमा पनि परेको छ। तथापि, पोखरालाई पर्यटन राजधानीको रुपमा घोषणा गरिएकाले पनि विदेशी पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको अर्थतन्त्रमा आर्थिक वृद्धि हासिल गर्न सहज भएको हो। चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर अन्य प्रदेशहरूको तुलनामा उच्च रहने अनुमान छ। यद्यपि, यस्तो वृद्धिलाई दिगो र समावेशी बनाउन स्थानीय अर्थतन्त्रको सुदृढीकरणमा जोड दिनु आवश्यक छ।

१.६ चालु आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक अनुमान बमोजिम स्थिर मूल्यमा मापन गरिएको उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर बागमती प्रदेश ५.४० प्रतिशत र त्यसपछिको गण्डकी प्रदेश ५.०१ प्रतिशत देखिन्छ। त्यसैगरी, न्यून वार्षिक वृद्धिदर मधेश प्रदेश १.३१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वार्षिक वृद्धिदर ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमती र गण्डकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा बढी र बाँकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा कम हुने प्रारम्भिक अनुमान रहेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक अनुमान, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान तथा आर्थिक वर्ष

२०८०/८१ को अन्तिम तथ्याङ्क बमोजिमको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तलको चार्ट नं. ३ मा प्रस्तुत गरिएको छ।

चार्ट ३: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमान *प्रारम्भिक अनुमान

१.७ गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आर्थिक वर्ष २०८२/८३ का लागि करिब रु. ५ खर्ब ९३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा करिब रु. ५ खर्ब ५४ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ५.०१ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ४.९२ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ।

१.८ चालु आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ४.८३ प्रतिशत र उपभोक्ता मूल्यमा ५.०१ प्रतिशत हुने अनुमान गरिएको छ।

१.९ राष्ट्रियस्तर र गण्डकी प्रदेशको उपभोक्ता मूल्यमा वार्षिक वृद्धिदरलाई तुलना गर्दा गण्डकी प्रदेशको वृद्धिदर आर्थिक वर्ष २०७७/७८ मा न्यून देखिएकोमा अन्य आर्थिक वर्षमा राष्ट्रिय वृद्धिदर भन्दा

बढी रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय वृद्धिदर २.३७ प्रतिशतले ऋणात्मक हुन गएता पनि गण्डकी प्रदेशको जम्मा ०.७१ प्रतिशत मात्र ऋणात्मक रहेको थियो।

चार्ट ४: उपभोक्ता मूल्यमा वार्षिक वृद्धिदर (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

१.१० देशको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान आर्थिक वर्ष २०७९/८० मा अन्य आर्थिक वर्षको तुलनामा केही उच्च रहेको छ। आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान ८.९४ प्रतिशत रहेको छ भने चालु आर्थिक वर्षको प्रारम्भिक अनुमान ८.९८ प्रतिशत रहेको छ।

चार्ट ५: कुल राष्ट्रिय उत्पादनमा गण्डकी प्रदेशको योगदान




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.११ चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन मध्ये प्राथमिक क्षेत्रको योगदान २६.३ प्रतिशत, द्वितीय क्षेत्रको योगदान १८.४ प्रतिशत र तृतीय क्षेत्रको योगदान ५५.३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २६.९ प्रतिशत, १७ प्रतिशत र ५६.१ प्रतिशत रहेको संशोधित अनुमान गरिएको छ।

चार्ट ६: गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

## औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान

१.१२ चालु आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश र नेपालको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २५.६६ प्रतिशत रहने अनुमान छ।

चार्ट ७: गण्डकी प्रदेश र नेपालको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

१.१३ राष्ट्रिय औसतभन्दा माथि रहँदै आएको गण्डकी प्रदेशको प्रतिव्यक्ति आय पछिल्ला आर्थिक वर्षदेखि क्रमशः बढ्दै आएको छ। यद्यपि, नेपाली रूपैयाँको तुलनामा अमेरिकी डलरको विनिमय दर बढ्दै गएकोले स्थानीय मुद्रा र अमेरिकी डलरमा मापन गरिने प्रतिव्यक्ति आयको वार्षिक वृद्धिदर भने घटबढ भइरहने गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति आय १५७६ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान ६९ ले बढी रहने अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा उक्त आय १६५१ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

चार्ट ८: पछिल्लो ६ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय , २०८३ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

# २. सार्वजनिक वित्त

२.१ वित्तीय संघीयताको मर्म तथा भावना अनुरूप सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको सुदृढीकरण र प्रभावकारिता अभिवृद्धिका लागि गण्डकी प्रदेश सरकार दृढतापूर्वक प्रतिबद्ध रहेको छ। संविधानद्वारा प्रदत्त अधिकारहरूको पूर्ण उपयोग गर्दै सार्वजनिक वित्त व्यवस्थापनका सर्वमान्य सिद्धान्त, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्वका मूल्य–मान्यताहरूलाई आत्मसात गरी राज्यका प्रचलित मार्गदर्शक कानुनहरूको अधीनमा रही प्रदेश सरकारले नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थाहरूको सुदृढीकरण गर्दै आएको छ। साथै, वित्तीय अनुशासन, स्रोत–साधनको दक्ष तथा प्रभावकारी परिचालन, र सेवा प्रवाहमा गुणस्तरीयता सुनिश्चित गर्न समसामयिक सुधार, नवप्रवर्तन तथा प्रणालीगत सुधारका पहल निरन्तर रूपमा अघि बढाइएको छ।

२.२ वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले खर्च व्यवस्थापन सम्बन्धी महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेको छ भने राजस्व अधिकार तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणका विभिन्न औजारहरूको प्रयोग समेत हुँदै आएको छ। तथापि, आन्तरिक स्रोत तथा राजस्व परिचालन क्षमता अपेक्षाकृत कमजोर रहँदा प्रदेश सरकार बजेट तर्जुमा तथा कार्यान्वयनमा संघ सरकारमाथि अत्यधिक निर्भर रहनु परेको अवस्था विद्यमान छ। सीमित स्रोतमा आधारित अधिकार संरचना, नीतिगत तथा कानूनी प्रावधानहरूको अपूर्णता, साथै संयुक्त अधिकार क्षेत्रसम्बन्धी अस्पष्टता जस्ता कारणले प्रदेशको वित्तीय स्वायत्तता तथा सबलता सुदृढ हुन अझै चुनौती रहेको छ।

## प्रदेश सरकारको वित्तको आकार

२.३ प्रदेशको कुल गार्हस्थ्य उत्पादनको तुलनामा विनियोजनको अनुपात भन्दा खर्चको अनुपात न्यून छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको खर्च र विनियोजनको अनुपात कुल गार्हस्थ्य उत्पादनको तुलनामा क्रमशः ४.१३ र ५.९५ प्रतिशत रहेको छ।

चार्ट ९: प्रदेश सरकारको विनियोजन र खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

२.४ प्रदेशको कुल गार्हस्थ्य उत्पादनको तुलनामा बजेट बचतको अनुपात क्रमशः घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो अनुपात ०.१३ प्रतिशत रहेको छ।

चार्ट १०: कुल गार्हस्थ्य उत्पादनमा बजेट बचतको अनुपात




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

२.५ आन्तरिक आय र चालु खर्च बीचको अन्तर सबै आर्थिक वर्षहरुमा ऋणात्मक रहेको छ। आन्तरिक आय चालु खर्च भन्दा धेरै कम रहेको छ।

चार्ट११: आन्तरिक आय र चालु खर्चको फरक




स्रोतः आर्थिक मामिला मन्त्रालय, प्र.ले.नि.का गण्डकी प्रदेश, २०८२ * प्रथम आठ महिनामा

## प्रदेश सरकारको खर्च

२.६ प्रदेश सरकारको चालु र पूँजीगत विनियोजनमा आर्थिक वर्ष २०७९/८० मा चालुतर्फ र २०७७/७८ मा पूँजीगततर्फ सबैभन्दा बढी खर्च भएको छ। वित्तीय व्यवस्थातर्फ हालसम्म कुनै पनि खर्च भएको छैन।

तालिका २: प्रदेश सरकारको बजेट विनियोजन र तुलनात्मक खर्च स्थिति (रु. लाखमा)

| आर्थिक वर्ष | विनियोजन | | | खर्च | | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | चालु | पूँजीगत | वित्तीय व्यवस्था |
| २०७५/७६ | ८११५५.१५ | १५९०७८.३३ | ० | ५२११०.३०४७७ | ८७१७० | ० |
| २०७६/७७ | १२२८५७.७२ | १९८४९०.२ | ० | ६४२६९.२१६०८ | १३९८६७ | ० |
| २०७७/७८ | १२८४२६.८४ | १९९९९४.७६ | २०००० | ८०२७८.६४३७५ | १७५९५६ | ० |
| २०७८/७९ | १३०८२०.६७ | १६७३४६.३३ | २४०० | ७५८०१.१६२६६ | १४४६३८ | ० |
| २०७९/८० | १२५५७१.४९२ | २२८५१८.५०८ | ५००० | ८३५३५.२२१९२ | १५२६१४ | ० |
| २०८०/८१ | १२७०९६.९ | २०२१७५.१ | ५००० | ७५७६६.९९४४२ | १४६२९४ | ० |
| २०८१/८२ | १३१६०५.८२ | १९५१७९.९३ | ३००० | ७९०१३.२१६ | १४९९०९ | ० |
| २०८२/८३* | १२६३६६.७५ | १९०९३३.२४ | २५०० | ३५२६९.१९८७३ | ४००९५ | ० |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२ *प्रथम आठ महिनामा

२.७ आर्थिक वर्ष २०८१/८२ को तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को कुल बजेटको आकार करीब ३.०२ प्रतिशतले घटेसँगै प्रथम आठ महिनाको खर्च पनि घटेको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ को प्रथम आठ महिनामा कुल विनियोजित बजेटको २८.८९ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा कुल बजेटको २३.५६ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ को प्रथम आठ महिनामा लक्ष्यको तुलनामा चालु र पूँजीगत खर्च चालु आर्थिक वर्षको सोहि अवधिको फरक क्रमशः ३.८५ र ६.४१ प्रतिशतले ऋणात्मक छ भने कुल खर्च ५.३२ प्रतिशतले ऋणात्मक रहेको छ।

तालिका ३: प्रदेश सरकारको बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (रु. लाखमा)

| विवरण | २०८१/८२ प्रथम आठ महिनामा | | | २०८२/८३ प्रथम आठ महिनामा | | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | खर्च प्रतिशत परिवर्तन# |
| चालु | १३१६०५.८ | ४१८०२.९६ | ३१.७६ | १२६३६६.७५ | ३५२६९.१९ | २७.९१ | ३.८५ |
| पूँजीगत | १९५१७९.९ | ५३५०२.६ | २७.४१ | १९०९३३.२४ | ४००९४.७७ | २०.९९ | ६.४१ |
| वित्तीय | ३०००.० | ०.०० | ०.०० | २५०० | ० | ० | ० |
| कुल | ३२९७८५.८ | ९५३०५.६ | २८.८९ | ३१९७९९.९९ | ७५३६३.९६ | २३.५६ | ५.३२ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२ #आर्थिक वर्ष २०८२/८३-२०८१/८२

२.८ चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनामा कुल खर्चमा पूँजीगत खर्च र चालु खर्चको अनुपात क्रमशः ५३.२० र ४६.८० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस आर्थिक वर्षमा पूँजीगत र चालु खर्च दुवै घटेको देखिन्छ।

चार्ट १२: प्रदेश सरकारको चालु र पूँजीगत खर्च संरचना




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश र आर्थिक मामिला मन्त्रालय, २०८२

नोटः आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनाको विवरण समावेश भएको

२.९ प्रदेश सरकारको पूँजीगत खर्चको विवरण मासिक रुपमा तुलना गर्दा अन्य महिनामा भन्दा असार महिनामा खर्चको प्रवृत्ति बढ्दो देखिन्छ। आर्थिक वर्षको अन्तिम महिनामा भुक्तानीको चाप बढी पर्ने भएकाले खर्च बढी हुने देखिन्छ।

चार्ट १३: महिना अनुसार पूँजीगत खर्चको विवरण




स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२

२.१० आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्ममा चालुतर्फका शीर्षकहरूमा भएको खर्चको विवरणलाई हेर्दा मालसामान शीर्षकमा सबै आर्थिक वर्षहरूमा बढी खर्च हुने गरेको देखिएको छ। खर्च गर्ने प्रवृत्ति चालु आर्थिक वर्षको प्रथम आठ महिनाको मालसामानतर्फ बढी रहेको छ। विगतका तुलनामा यस वर्षको चालु खर्च वृद्धि हुने देखिन्छ।

चार्ट १४: चालु खर्चको शीर्षकगत विवरण




चार्ट १५: चालु खर्चको शीर्षकगत विवरण (प्रथम आठ महिनाको)




स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२

२.११ गण्डकी प्रदेश सरकारको विनियोजन आर्थिक वर्ष २०७९/८० मा ३५ अर्ब भन्दा बढी पुगेको देखिन्छ भने सो भन्दा पछिल्ला आर्थिक वर्षहरुमा कुल विनियोजन क्रमश: घट्दै गएको देखिन्छ।

तालिका ४: आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८२/८३ सम्मको विनियोजन

| आर्थिक वर्ष | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल जम्मा |
|---|---|---|---|---|
| २०७५/७६ | ८११५५१५००० | १५९०७८३३००० | ० | २४०२३३४८००० |
| २०७६/७७ | १२२८५७७२००० | १९८४९०२०००० | ० | ३२१३४७९२००० |
| २०७७/७८ | १२८४२६८४००० | १९९९९४७६००० | २०००००००००० | ३४८४२१६०००० |
| २०७८/७९ | १३०८२०६७००० | १६७३४६३३००० | २४०००००००० | ३००५६७००००० |
| २०७९/८० | १२५५७१४९२०२ | २२८५१८५०७९८ | ५००००००००० | ३५९०९०००००० |
| २०८०/८१ | १२७०९६९०००० | २०२१७५१०००० | ५००००००००० | ३३४२७२००००० |
| २०८१/८२ | १३१६०५८२००० | १९५१७९९३००० | ३००००००००० | ३२९७८५७५००० |
| २०८२/८३ | १२६३६६७५००० | १९०९३३२४००० | २५०००००००० | ३१९७९९९९००० |

चार्ट १६: विभिन्न आर्थिक वर्षमा विनियोजित बजेट (रु. लाखमा)




स्रोत: आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२

२.१२ गण्डकी प्रदेश सरकारको बजेट विनियोजन र जम्मा प्राप्तिको अन्तर आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी २८.७८ प्रतिशत रहेको छ।

तालिका ५: बजेट विनियोजन र जम्मा प्राप्ति बीचको अन्तर

| आर्थिक वर्ष | बजेट विनियोजन | जम्मा प्राप्ति | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६ | २४०२३३४८००० | २१०८२२२११०० | -२९४११२६९०० | -१२.२४ |
| २०७६/७७ | ३२१३४७९२००० | २९०७२५३०००० | -३०६२२६२००० | -९.५३ |
| २०७७/७८ | ३४८४२१६०००० | २९३०२६१५००० | -५५३९५४५००० | -१५.९० |
| २०७८/७९ | ३००५६७००००० | २७०४६१६२५०० | -३०१०५३७५०० | -१०.०२ |
| २०७९/८० | ३५९०९०००००० | २७५८४७४९००० | -८३२४२५१००० | -२३.१८ |
| २०८०/८१ | ३३४२७२००००० | २३८४४६८४१०० | -९५८२५१५९०० | -२८.६७ |
| २०८१/८२ | ३२९७८५७५००० | २४७४५८८९९०३ | -८२३२६८५०९७ | -२४.९६ |

स्रोत: आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२

चार्ट १७: बजेट विनियोजन र जम्मा प्राप्ति बीचको अन्तर




स्रोत: आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश, २०८२

## प्रदेश सरकारको स्रोत

२.१३ आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनामा प्रदेश सरकारले जम्मा रू. १५ अर्ब ४३ करोड ३८ लाख राजस्व परिचालन गरेको छ भने गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा त्यस्तो राजस्व जम्मा रू. १५ अर्ब ९६ करोड ८९ लाख परिचालन भएको थियो।

२.१४ संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँट र प्रदेश सरकारको आन्तरिक राजस्वको अंशलाई शत प्रतिशत मान्दा संघ सरकारबाट प्राप्त राजस्व बाँडफाँट र प्रदेश सरकारको आन्तरिक राजस्व बीचको फरक आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्म क्रमशः ४०.०७, ३३.३०,

३३.७९, ३२.६६, ३०.७०, २८.७४ र ५४.७८ प्रतिशतले राजस्व बाँडफाँट बढी रहेको देखिन्छ।

चार्ट १८: संघीय सरकारबाट प्राप्त राजस्व (मू.अ.कर र भ्याट) र आन्तरिक राजस्वको हिस्सा




स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, २०८२

## प्रदेश सरकारको आय

२.१५ प्रदेश सरकारको कुल आयमा संघ सरकारबाट प्राप्त अनुदानको योगदान उच्च रहँदै आएको छ। पछिल्ला आर्थिक वर्षमा प्रदेश सरकारको आन्तरिक राजस्वको अंशमा वृद्धि हुँदै गएको छ। हालसम्म प्रदेश सरकारले कुनै ऋण लिएको छैन। आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनामा प्रदेश सरकारको कुल आयको सबैभन्दा बढी योगदान संघ सरकारबाट प्राप्त अनुदान ४६.४६ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०८१/८२ को सो अवधिमा त्यस्तो योगदान ४७.९ प्रतिशत रहेको थियो।

२.१६ प्रदेश सरकारको अधिकार क्षेत्रबाट प्राप्त भएको आन्तरिक आम्दानीतर्फ भने चालु आर्थिक वर्षको प्रथम आठ महिनामा बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन शुल्क लक्ष्यको २२.२५ प्रतिशत (रू. २७ करोड ८१ लाख ३७ हजार), बाँडफाँटबाट प्राप्त हुने सवारी साधन करमा ५४.१९ प्रतिशत (रू. ७४ करोड ७८ लाख ८४ हजार), बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आयमा ८.९० प्रतिशत (रू.२ करोड ४४ लाख ७८ हजार), अन्य प्रशासनिक सेवा शुल्कमा ५३.९० प्रतिशत (रू. २४ करोड २५ लाख ८८ हजार), चालक अनुमति पत्र, सवारी

दर्ता किताब (Blue book) सम्बन्धी दस्तुरमा ३३.२८ प्रतिशत (रू. २६ करोड ६२ लाख ५२ हजार) गरी अन्य शीर्षकहरुको आम्दानी समेत जम्मा ३२.०९ प्रतिशत (रू. १ अर्ब ८३ करोड ५५ लाख २१ हजार) प्राप्त भएको छ।

२.१७ आर्थिक वर्षको अन्त्यमा नगद मौज्दात सकारात्मक अवस्थामा रहेकोले बजेट तर्जुमाको समयमा सहज हुने गरेको छ। यद्यपि, विगत तीन आर्थिक वर्षहरूमा नगद मौज्दात क्रमश: घट्दै आएको छ। आन्तरिक स्रोत वृद्धि हुन नसकेको अवस्थामा स्रोत व्यस्थापनमा थप चाप पर्ने देखिन्छ। चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको स्रोत संरचनामा कुल आयको जम्मा ४.६२ प्रतिशत मौज्दात रहेको छ।

तालिका ६: प्रदेश सरकारको स्रोत संरचना

| आम्दानी | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६-७७ | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३* |
| राजस्व बाँडफाँट | १६.६ | २२.२ | २७.७ | २७.१ | २९.२ | ३४.६६ | ३७.०३ |
| जम्मा संघीय अनुदान | ५२.० | ४७.७ | ५१.१ | ४७.० | ४३.८ | ४४.९१ | ४६.४६ |
| रोयल्टी | १.० | १.० | ०.९ | १.२ | १.२ | १.४२ | ० |
| आन्तरिक स्रोत | ८.३ | १०.१ | १३.१ | १३.४ | १५.८ | १४.१९ | ११.८९ |
| गत वर्षको नगद मौज्दात | २२.२ | १९.१ | ७.१ | ११.३ | ९.८ | ४.८० | ४.६२ |
| आन्तरिक ऋण | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| नेपाल सरकारबाट प्राप्त हुने ऋण | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १०० |

स्रोतः आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, २०८२ * प्रथम आठ महिनामा

## संघ सरकारबाट प्राप्त अनुदान

२.१८ आर्थिक वर्ष २०८०/८१ मा संघ सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदानको खर्च औसतमा ९८.६० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ८४.४१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा संघ सरकारबाट प्राप्त अनुदान मध्ये सबैभन्दा बढी वित्तीय समानीकरण अनुदानमा खर्च भएको छ भने सबैभन्दा कम समपूरकतर्फ खर्च भएको छ।

तालिका ७: संघ सरकारबाट विनियोजन र प्राप्त अनुदानको खर्चगत उपलब्धि (प्रतिशतमा)

| अनुदान | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण | ७०.४ | ५२.२ | ८३.० | ८१.९ | ८७.५ | १०६.१४ | ९३.१४ |
| सशर्त | ८५.३ | ६८.९ | ८७.४ | ७९.२ | ७१.७ | ९५.४६ | ७३.४३ |
| समपुरक | ०.० | ४२.४ | ७४.६ | ४३.७ | ७१.७ | ५९.६२ | ६५ |
| विशेष | ०.० | ६९.० | ७८.० | ७९.७ | ७५.९ | ९१.२७ | ८०.८२ |
| जम्मा | ७०.१ | ५९.१ | ८३.५ | ७८.४ | ७६.७ | ९८.६० | ८५.४१ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखरा २०८२

२.१९ सशर्त, समपूरक र विशेष अनुदानबाट प्राप्त रकम नियमानुसार खर्च हुन नसकेमा संघ सरकारको कोषमा फिर्ता गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ मा अन्य आर्थिक वर्षहरुमा भन्दा धेरै रकम फिर्ता भएको छ। यसरी फिर्ता भएको अनुदानमा सशर्त अनुदानको हिस्सा बढी रहेको देखिन्छ।

चार्ट १९: अनुदान फिर्ताको विवरण प्रतिशतमा




स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखरा, २०८२

२.२० आर्थिक वर्ष २०८१/८२ मा संघ सरकारबाट प्राप्त कुल अनुदानमा वित्तीय समानीकरण अनुदानको योगदान सबैभन्दा बढी ६३.०७ प्रतिशत रहेको छ। सशर्त अनुदान २१.४५ प्रतिशत छ भने विशेष र समपुरक अनुदानको अनुपात क्रमशः ५.३१ प्रतिशत र १०.१७ प्रतिशत रहेको छ। विगत आर्थिक वर्षहरूमा पनि विभिन्न प्रकारका अनुदानको योगदान यस्तै प्रवृत्तिमा रहे पनि प्रदेश सरकारको प्रमुख स्रोतका रुपमा भने वित्तीय समानीकरण अनुदान रहदै आएको छ।

चार्ट २०: अनुदानको योगदान




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखरा, २०८२

## स्थानीय तहलाई वित्तीय हस्तान्तरण

२.२१ आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको विवरणलाई तुलना गर्दा अन्य आर्थिक वर्षहरुमा भन्दा आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहलाई बढी वित्तीय हस्तान्तरण भएको छ।

२.२२ गण्डकी प्रदेश सरकारले प्रशासकीय भवन निर्माण, क्रमागत आयोजना, साझेदारी बिकास आयोजना (गत आर्थिक वर्षको निरन्तरता) र स्थानीय तहसँगको साझेदारी (गत वर्षको निरन्तरता) मा स्थानीय तहलाई हस्तान्तरणमा निरन्तरता दिइएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा स्थानीय तहसँगको साझेदारी कार्यक्रममा दायित्व भुक्तानीमा जम्मा १५ करोड विनियोजन भएकोमा १८.३२ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ।

तालिका ८: स्थानीय तहलाई भएको विनियोजनको तुलनामा खर्च (प्रतिशतमा)

| आर्थिक वर्ष | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान |
|---|---|---|---|---|
| २०७५/७६ | १०० | ० | ९७.५६ | ६०.२६७५ |
| २०७६/७७ | १०० | ७३.७६ | ७२.७० | ४८.५५९१ |
| २०७७/७८ | १०० | ६३.९३ | ६४.२० | ४२.९४१० |
| २०७८/७९ | १०० | ७१.५ | ६१.१० | ४०.१६४९ |
| २०७९/८० | ८७.३८ | १३५.२९ | ६६.०५ | ७४.९७१७ |
| २०८०/८१ | ७५ | ७९.२९ | ६८.६५ | ३९.२०२१ |

| | | | | |
|---|---|---|---|---|
| २०८१/८२ | ९९.९९ | ७५.४५ | ७५.२५ | ६३.३४ |
| २०८२/८३* | ५८.६४ | २९.४८ | २२.९६ | २६.५१ |

स्रोतः आर्थिक मामिला मन्त्रालयको प्रकाशित विवरण, २०८२ *प्रथम आठ महिनामा

## राजस्व बाँडफाँट

आर्थिक वर्ष २०८०/८१ मा सवारी साधन कर बापत प्रदेश सरकारले कुल १ अर्ब ८८ करोड २७ लाख ६७ हजार सङ्कलन गरेकोमा ४० प्रतिशतका हिसावले ७५ करोड ३१ लाख ७ हजार स्थानीय तहलाई बाँडफाँट गरिएको थियो। आर्थिक वर्ष २०८१/८२ मा २ अर्ब २१ करोड ८९ लाख ९० हजार संकलन गर्ने लक्ष्य राखेकोमा जम्मा १ अर्ब ९७ करोड ९५ लाख २४ हजार मात्र संकलन भएको छ। संकलन भएको रकमको ४० प्रतिशतले हुन आउने रकम रु ७९ करोड १८ लाख ९ हजार स्थानीय तहलाई बाँडफाँट गरी पठाईएको छ। प्रत्येक आर्थिक वर्षमा सवारी साधन करबाट प्राप्त राजस्व स्थानीय तहलाई ४० प्रतिशतको दरले नियमित रुपमा बाँडफाँट गरिएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा सवारी साधन कर वापत लक्ष्यको ५४.१९ अर्थात १ अर्ब २४ करोड ६४ लाख ७४ हजार संकलन भएको छ।

चार्ट २१: लक्ष्यको आधारमा सवारी साधन कर प्राप्तिको अवस्था (प्रतिशतमा)




स्रोतः आर्थिक मामिला मन्त्रालयको प्रकाशित विवरण तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण

# ३. वित्तीय क्षेत्र

## बैंक तथा वित्तीय संस्था

३.१ आर्थिक वर्ष २०८१/८२ मा वित्तीय तथा बीमा क्षेत्रको प्रचलित मूल्यमा कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनमा ६.७८ प्रतिशत र गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ६.०० प्रतिशत योगदान रहने संशोधित अनुमान छ। चालु आर्थिक वर्षमा राष्ट्रिय तहमा ६.७२ र गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान ५.७७ प्रतिशत रहने अनुमान गरिएको छ।

तालिका ९: वित्तीय संस्थाका शाखा संख्या तथा प्रति शाखा जनसंख्या

| आर्थिक वर्ष | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त संस्था | जम्मा | जनसंख्या (प्रति शाखा) |
|---|---|---|---|---|---|---|
| २०७५/७६ | ३९६ | २५३ | २८ | ४९७ | ११७४ | २,१५४.१८ |
| २०७६/७७ | ५५५ | १७९ | २९ | ५२५ | १२८८ | १,९६३.५२ |
| २०७७/७८ | ५७७ | १८२ | ३३ | ५७४ | १३६६ | १,८५१.४० |
| २०७८/७९ | ५९९ | १९० | ३६ | ५९१ | १४१६ | १,७४१.८३ |
| २०७९/८० | ६०१ | १९० | ३७ | ५७६ | १४०४ | १,७५६.७१ |
| २०८०/८१ | ५९९ | १९१ | ३७ | ५७३ | १४०० | १,७६१.७३ |
| २०८१/८२ | ६०८ | १९१ | ३७ | ५६३ | १३९९ | १,७६२.९९ |
| २०८० | ५९४ | १९१ | ३७ | ५७८ | १४०० | १,७६१.७३ |
| फागुन मसान्तसम्म २०८१ | ६०५ | १८९ | ३७ | ५७१ | १४०२ | १,७५९.२२ |
| २०८२ | ६०४ | १८९ | ३६ | ५६१ | १३९० | १,७७४.४१ |

स्रोतः नेपाल राष्ट्रबैंक पोखरा शाखा, २०८२

३.२ आर्थिक वर्ष २०७५/७६ मा बैंक तथा वित्तीय संस्थाहरुको संख्या कुल १,१७४ शाखा रहेकोमा आर्थिक वर्ष २०७८/७९ सम्म बढेर १४१६ पुगेको छ, जसले वित्तीय पहुँच विस्तार भएको देखिन्छ। यस अवधिमा विशेष गरी वाणिज्य बैंक र लघुवित्त संस्था उल्लेखनीय रुपमा विस्तार भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा प्रति शाखा जनसंख्या करिब १७६२ रहेको छ।

३.३ आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुको संख्या कुल १,४०० शाखा रहेकोमा चालु आर्थिक वर्ष २०८२/८३ सम्म घटेर १,३९० पुगेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म प्रति शाखा जनसंख्या करिव १,७७४ पुगेको छ। समग्रमा, शाखा विस्तार स्थिर जस्तै भए पनि संरचनात्मक समायोजन र पहुँचमा सानो गिरावट देखिएको छ।

चार्ट २२: शाखा संख्याका आधारमा प्रदेशमा वित्तीय संस्थाको योगदान (फागुन मसान्तसम्म)




स्रोतः नेपाल राष्ट्रबैंक, पोखरा शाखा, २०८२

## बैंकको निक्षेप तथा कर्जा लगानी

३.४ आर्थिक वर्ष २०८०/८१ देखि २०८१/८२ को अवधिमा निक्षेप संकलन निरन्तर रूपमा वृद्धि हुँदै ५ खर्ब ३४ अर्ब ५१ करोड बाट बढेर रु ६ खर्ब १२ अर्ब ४२ करोड पुगेको छ। कर्जा प्रवाह भने ३ खर्ब ४९ अर्ब ७ करोड बाट बढेर ३ खर्ब ५७ अर्ब भएको छ।

चार्ट २३: बैंकहरूबाट भएको कर्जा संकलन र लगानीको तुलनात्मक रेखा चित्र (अर्बमा)



३.५ आर्थिक वर्ष २०८०/८१ फागुन मसान्तसम्म निक्षेप संकलन रु. ५ खर्ब २ अर्ब १७ करोड, २०८१/८२ मा रु. ५ खर्ब ६३ अर्ब १६ करोड र २०८२/८३ मा रु. ६ खर्ब ७१ अर्ब ९४ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/८२ भन्दा आर्थिक वर्ष २०८२/८३ मा निक्षेप संकलन १९.३२ र कर्जा प्रवाह २.०० प्रतिशतले वृद्धि भएको देखिन्छ।

तालिका १०: निक्षेप संकलन र कर्जा प्रवाह (रु. करोडमा)

| विवरण | फागुन मसान्तसम्म | | | प्रतिशत परिवर्तन* |
|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| निक्षेप संकलन | ५०२१७.५३ | ५६३१६.११ | ६७१९४.३४ | १९.३२ |
| कर्जा प्रवाह | ३४७३९.२३ | ३५३८३.१७ | ३६०९२.१७ | २.०० |

स्रोतः नेपाल राष्ट्रबैंक, पोखरा शाखा, २०८२ * आर्थिक वर्ष (२०८२/८३-२०८१/८२)

३.६ आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ८३१ रहेकोमा आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा ८२९ पुगेका छ। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म कास्की जिल्लामा सबैभन्दा धेरै शाखा संख्या २९५ पुगेको छ भने सबैभन्दा कम मनाङमा जम्मा ११ रहेका छन्।

तालिका ११: जिल्लागत बैंक तथा वित्तीय संस्थाको शाखा (लघुवित्त वित्तीय संस्था बाहेक)

| क्र.सं. | जिल्ला | 'क' वर्ग | | 'ख' वर्ग | | 'ग' वर्ग | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२* | २०८२/८३* | २०८१/८२* | २०८२/८३* | २०८१/८२* | २०८२/८३* | २०८१/८२* | २०८२/८३* |
| १ | लमजुङ | ४४ | ४४ | ६ | ६ | २ | २ | ५२ | ५२ |
| २ | कास्की | २०५ | १९९ | ७७ | ७७ | १९ | १९ | ३०१ | २९५ |
| ३ | तनहुँ | ७८ | ७८ | २३ | २२ | १ | १ | १०२ | १०१ |
| ४ | गोरखा | ४४ | ४४ | ६ | ६ | ४ | ३ | ५४ | ५३ |
| ५ | स्याङजा | ४५ | ४७ | २५ | २७ | २ | २ | ७२ | ७६ |
| ६ | पर्वत | २४ | २४ | ९ | ९ | ० | ० | ३३ | ३३ |
| ७ | मनाङ | ११ | ११ | ० | ० | ० | ० | ११ | ११ |
| ८ | मुस्ताङ | १५ | १५ | १ | १ | ० | ० | १६ | १६ |
| ९ | बागलुङ | ४९ | ५१ | ९ | ९ | १ | १ | ५९ | ६१ |
| १० | म्याग्दी | २१ | २१ | ९ | ९ | ० | ० | ३० | ३० |
| ११ | नवलपरासी (ब.सु.पू) | ६९ | ७० | २४ | २३ | ८ | ८ | १०१ | १०१ |
| १२ | जम्मा | ६०५ | ६०४ | १८९ | १८९ | ३७ | ३६ | ८३१ | ८२९ |

स्रोतः नेपाल राष्ट्रबैंक, पोखरा शाखा, २०८२ * फागुन मसान्तसम्म

३.७ गण्डकी प्रदेशमा वित्तीय पहुँचको विस्तारसँगै आधुनिक प्रविधिमा आधारित बैंकिङ सेवाको प्रयोग पनि तीव्र रूपमा बढ्दै गएको देखिन्छ। आर्थिक कारोबारलाई सहज, सुलभ, विश्वसनीय, पारदर्शी

तथा पहुँचयोग्य बनाउन विभिन्न डिजिटल बैंकिङ सेवाहरू विस्तार भएका छन्। आर्थिक वर्ष २०७६/७७ मा एटिएम संख्या ४८५ रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा बढेर ६१३ पुगेको छ, जसले भौतिक बैंकिङ सेवा विस्तार भएको देखिन्छ। त्यसैगरी डेबिट कार्ड संख्या ६ लाख १६ हजार ८९१ बाट बढेर १३ लाख ३५ हजार ३५६ पुगेको छ भने क्रेडिट कार्ड संख्या ७ हजार ९४५ बाट वृद्धि भई २० हजार ७०५ पुगेको छ। प्रिपेड कार्ड प्रयोगमा अझ तीव्र वृद्धि हुँदै १ हजार ११ बाट १३ हजार ३८८ पुगेको छ।

३.८ डिजिटल बैंकिङ सेवामध्ये मोबाइल बैंकिङ प्रयोगकर्ता संख्या १३ लाख २९ हजार ५२० बाट बढेर ३० लाख ५९ हजार ८६८ पुगेको छ, जुन सबैभन्दा तीव्र विस्तार भएको क्षेत्र हो। साथै, इन्टरनेट बैंकिङ प्रयोगकर्ता संख्या ५४ हजार ५०२ बाट बढेर २ लाख ७३ हजार १७० पुगेको छ।

तालिका १२: बैंकिङ सेवा सम्बन्धी सूचकहरूको विवरण

| विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| एटिएम संख्या | ४८५ | ५२० | ५५७ | ५८१ | ६०५ | ६१३ |
| डेबिट कार्ड संख्या | ६,१६,८९१ | ७,७५,६४७ | १०,०५,९७१ | १२,०५,९०५ | १३,०१,३२० | १३,३५,३५६ |
| क्रेडिट कार्ड संख्या | ७,९४५ | १०,०२७ | १४,१३८ | १७,९१७ | १९,०२३ | २०,७०५ |
| प्रिपेड कार्ड संख्या | १,०११ | ७४८ | १,९०४ | ४,४६५ | ८,७७१ | १३,३८८ |
| मोबाईल बैंकिङ ग्राहक संख्या | १३,२९,५२० | १६,४६,५०३ | २१,१४,५७२ | २४,२२,९४८ | २७,४५,८०५ | ३०,५९,८६८ |
| इन्टरनेट बैंकिङ ग्राहक संख्या | ५४,५०२ | ७०,६११ | १,७७,०१५ | २,०४,६९४ | २,३७,६१६ | २,७३,१७० |

स्रोतः नेपाल राष्ट्रबैंक, पोखरा शाखा, २०८२

३.९ आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म गत आर्थिक वर्षको तुलनामा एटिएम २.५३, डेबिट कार्ड ८.३९, क्रेडिट कार्ड ७.२०, प्रिपेड कार्ड ८२.४१, मोबाइल बैंकिङ १०.६३ र इन्टरनेट बैंकिङ १४.९६ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा गत आर्थिक वर्षको तुलनामा एटिएम १.३१, डेबिट कार्ड १.६७, क्रेडिट कार्ड ८.८६, प्रिपेड कार्ड २७.२८, मोबाइल बैंकिङ ९.२७ र इन्टरनेट बैंकिङ १३.०१ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा प्रिपेड कार्ड वृद्धि दर उल्लेखनीय रूपमा घटेको देखिन्छ भने क्रेडिट कार्डको वृद्धि दर बढेको छ।

तालिका १३: बैंकिङ सेवा विस्तारको विवरण

| विवरण | फागुन मसान्तसम्म | | | | |
|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | प्रतिशत परिवर्तन (२०८१-८०) | प्रतिशत परिवर्तन (२०८२-८१) |
| एटिएम संख्या | ५९४ | ६०९ | ६१७ | २.५३ | १.३१ |
| डेबिट कार्ड संख्या | १२७१९८८ | १३७८६८३ | १४०१७१५ | ८.३९ | १.६७ |
| क्रेडिट कार्ड संख्या | १८८०३ | २०१५७ | २१९४२ | ७.२० | ८.८६ |
| प्रिपेड कार्ड संख्या | ६६६८ | १२१६३ | १५४८१ | ८२.४१ | २७.२८ |
| मोबाईल बैंकिङ ग्राहक संख्या | २६८३४२९ | २९६८७३१ | ३२४३९७३ | १०.६३ | ९.२७ |
| इन्टरनेट बैंकिङ ग्राहक संख्या | २२६०११ | २५९८३३ | २९३६४४ | १४.९६ | १३.०१ |

स्रोतः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, २०८२

## सहकारी संस्था

३.१० गण्डकी प्रदेश सरकारको क्षेत्राधिकार भित्र उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय, र अन्य सहकारी संख्या गत आर्थिक वर्षको फागुन मसान्तसम्म ९०५ रहेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म ८७८ रहेको छ। त्यस्तै गरी निष्क्रिय सहकारीको संख्या ३६३ बाट घटेर २८४ रहेको छ।

३.११ चालु आर्थिक वर्षको फागुन मसान्तसम्म दर्ता भएका सहकारीको संख्या सबैभन्दा बढी कास्की जिल्लामा र कममनाङ जिल्लामा रहेको छ। दर्ता कायम सहकारीको संख्या धेरै भए पनि अद्यावधिक भई सक्रिय रुपमा सञ्चालित सहकारी संस्थाको संख्या आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म ५५६ रहेकोमा आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा ५९४ पुगेको छ।

तालिका १४: जिल्लागत रुपमा दर्ता भएका सहकारीको विवरण

| क्र.स. | जिल्ला | २०८० असार मसान्त | | | २०८१ असार मसान्त | | | २०८१ फागुनसम्म | | | २०८२ फागुनसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहकारीको संख्या | अद्यावधिक सहकारी | निष्क्रिय सहकारी | सहकारीको संख्या | अद्यावधिक सहकारी | निष्क्रिय सहकारी | सहकारीको संख्या | अद्यावधिक सहकारी | निष्क्रिय सहकारी | सहकारीको संख्या | अद्यावधिक सहकारी | निष्क्रिय सहकारी |
| १ | कास्की | २२६ | १८२ | ४४ | २२८ | १८२ | ४६ | २२५ | १९६ | २९ | २२५ | १९८ | २७ |
| २ | स्याङ्जा | १३५ | ६२ | ७३ | १३७ | ६२ | ७५ | १३४ | ६८ | ६६ | १२१ | ७९ | ४२ |
| ३ | तनहुँ | १२२ | ६८ | ५४ | १२२ | ६८ | ५४ | ११७ | ८१ | ३६ | ११३ | ८३ | ३० |
| ४ | नवलपरासी (ब.सु.पू.) | ५१ | ३८ | १३ | ५१ | ३८ | १३ | ५१ | ३८ | १३ | ५१ | ४० | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | गोरखा | ५६ | २३ | ३३ | ५६ | २३ | ३३ | ५० | २९ | २१ | ४९ | ३२ | १७ |
| ६ | लमजुङ | ६६ | ३४ | ३२ | ६६ | ३४ | ३२ | ६५ | ४० | २५ | ६३ | ४१ | २२ |
| ७ | मनाङ | १ | १ | ० | १ | १ | ० | १ | १ | ० | १ | १ | ० |
| ८ | मुस्ताङ | ७ | १ | ६ | ७ | १ | ६ | ७ | २ | ५ | ६ | २ | ४ |
| ९ | म्याग्दी | ५६ | १४ | ४२ | ५६ | १४ | ४२ | ५४ | १९ | ३५ | ५१ | २६ | २५ |
| १० | बागलुङ | १२४ | ३८ | ८६ | १२४ | ३८ | ८६ | १२० | ४८ | ७२ | ११२ | ५५ | ५७ |
| ११ | पर्वत | ९८ | २४ | ७४ | ९५ | २४ | ७१ | ९५ | ३४ | ६१ | ८६ | ३७ | ४९ |
| | जम्मा | ९४२ | ४८५ | ४५७ | ९४३ | ४८५ | ४५८ | ९१९ | ५५६ | ३६३ | ८७८ | ५९४ | २८४ |

स्रोत : सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश, २०८२

३.१२ चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म दर्ता भएका सहकारीको संख्या (उत्पादक, सेवा, वित्तीय, उपभोक्ता, बहुउद्देश्यीय) जम्मा ८७८ रहेको छ। अन्य सहकारीको तुलनामा वित्तीय सहकारीको संख्या उच्च रहेको छ। आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म सेवा सहकारीको संख्या यथावत रहेता पनि अन्य सहकारीको संख्या भने घटेको छ।

तालिका १५: वर्गीकरणको आधारमा सहकारी संस्थाको विवरण

| क.सं. | जिल्ला | २०८१/८२ असार मसान्तसम्म | | | | | | २०८२/८३ फागुन मसान्तसम्म | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्पादक | सेवा | वित्तीय | उपभोक्ता | बहुउद्देश्यीय | जम्मा | उत्पादक | सेवा | वित्तीय | उपभोक्ता | बहुउद्देश्यीय | जम्मा |
| १ | कास्की | ४६ | ६ | १३६ | ३ | ३४ | २२५ | ४६ | ६ | १३६ | ३ | ३४ | २२५ |
| २ | स्याङ्जा | ७२ | २ | ४६ | ३ | ११ | १३४ | ५९ | २ | ४६ | ३ | ११ | १२१ |
| ३ | तनहुँ | ४२ | २ | ४३ | ३ | २५ | ११५ | ४१ | २ | ४२ | ३ | २५ | ११३ |
| ४ | नवलपरासी (ब.सु.पू.) | १६ | १ | १८ | २ | १४ | ५१ | १७ | १ | १८ | २ | १३ | ५१ |
| ५ | गोरखा | ११ | ६ | २० | १ | १२ | ५० | ११ | ६ | २० | ० | १२ | ४९ |
| ६ | लमजुङ | १३ | ५ | ३५ | २ | ८ | ६३ | १३ | ५ | ३५ | २ | ८ | ६३ |
| ७ | मनाङ | ० | ० | १ | ० | ० | १ | ० | ० | १ | ० | ० | १ |
| ८ | मुस्ताङ | ० | ० | १ | ० | ६ | ७ | ० | ० | १ | ० | ५ | ६ |
| ९ | म्याग्दी | ११ | २ | १७ | ४ | १९ | ५३ | ११ | २ | १७ | ३ | १८ | ५१ |
| १० | बागलुङ | ३८ | १० | ३२ | २ | ३० | ११२ | ३८ | १० | ३२ | २ | ३० | ११२ |
| ११ | पर्वत | ४१ | ० | २५ | १ | २७ | ९४ | ३६ | ० | २३ | १ | २६ | ८६ |
| | जम्मा | २९० | ३४ | ३७४ | २१ | १८६ | ९०५ | २७२ | ३४ | ३७१ | १९ | १८२ | ८७८ |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, २०८२

३.१३ आर्थिक कारोवारको हिसाबले सबल अर्थतन्त्रको आधारस्तम्भको रुपमा रहेको सहकारी क्षेत्रमा गण्डकी प्रदेश भित्र रहेका विभिन्न सहकारी संस्थाहरूको शेयरपूँजी गत आर्थिक वर्ष भन्दा चालु आर्थिक वर्ष को फागुन मसान्तसम्ममा ३.६४ प्रतिशतले वृद्धि भएको छ। अन्य लगानीको योगदान शत प्रतिशत भन्दा १८.२६ प्रतिशतले वृद्धि भएको छ भने आयकर दाखिला, जगेडा

कोष, शेयर पूँजी र अन्य कोषमा क्रमशः३७.४०, २०.६६, ३.६४ र ३.०१ प्रतिशतले वृद्धि भएको छ। अन्य क्षेत्रहरूमा रकम वृद्धि हुँदा बाह्य ऋण लगानी, ऋण लगानी र बचतमा भने क्रमशः करीव २०,३ र १ प्रतिशतले गिरावट आएको छ।

तालिका १६: सहकारी संस्थाको आर्थिक विवरण

| क्र.सं. | आर्थिक विवरण | २०८१ असार मसान्तसम्म | २०८२ फागुनसम्म | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | १३५०५६७० | १३९९७००५ | ३.६४ |
| २ | बचत | ६११८४३४६ | ६१७८१७३० | ०.९८ |
| ३ | ऋण लगानी | ६५८३९५९१ | ६१६५४७३३ | -६.३६ |
| ४ | बाह्य ऋण | २६७३६६२ | १८९६७७२ | -२९.०६ |
| ५ | अन्य लगानी | ७९९४८७ | १७४४९८२ | ११८.२६ |
| ६ | जगेडा कोष | ४११४७५४ | ४९६४७१६ | २०.६६ |
| ७ | अन्य कोष | १८२९७६० | १८८४८८८ | ३.०१ |
| ८ | आयकर दाखिला | १२६१३१ | १७३३०७ | ३७.४० |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, २०८२ गण्डकी प्रदेश

३.१४ प्रदेशको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाका ६ लाख ९६ हजार ७ सय ९८ शेयर सदस्यमध्ये महिला ५४.३७ प्रतिशत पुरुष ४४.९५ प्रतिशत र अन्य (संस्थागत) ०.६६ प्रतिशत रहेका छन्। सहकारी संस्थाबाट सिर्जना भएको रोजगारीको विवरण महिला र पुरुष तर्फ क्रमशः ३३.४० र ६६.५९ रहेको छ।

तालिका १७: सहकारीमा आबद्ध सदस्य र कर्मचारीहरूको विवरण

| क्र.सं. | विवरण | २०८१/८२ | | | | २०८२/८३ फागुन मसान्तसम्म | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य (संस्थागत) | जम्मा | महिला | पुरुष | अन्य (संस्थागत) | जम्मा |
| १ | शेयर सदस्य | ३७७३९० | ३१२०३२ | ४७९७ | ६९४२१९ | ३७८८७३ | ३१३२५९ | ४६६६ | ६९६७९८ |
| २ | सञ्चालक | २०८७ | ११४८ | ० | ३२३५ | २०७५ | ११४२ | ० | ३२१७ |
| ३ | कर्मचारी | १८३१ | ३६५० | ० | ५४८१ | १८८४ | ३७५६ | ० | ५६४० |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, २०८२

## बीमा

३.१५ आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेश भित्र रहेका जीवन बीमामा आबद्ध बीमित संख्या ७ लाख २२ हजार ४९१ रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ८ लाख ५२ हजार ४०१ पुगेको छ। जिल्लागत रुपमा कास्की जिल्लामा सबैभन्दा धेरै बीमित संख्या ३ लाख ४८ हजार ३०५ र मनाङ जिल्लामा सबैभन्दा कम ५११ रहेको छ।

### तालिका १८: जिल्ला अनुसार बीमितको विवरण

| जिल्ला | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कास्की | ४,००,०३७ | २,६९,६९२ | ३४८३०५ |
| तनहुँ | ४१,७३४ | ४३,४४८ | ४८२०० |
| लमजुङ | २०,७५४ | २२,२१६ | २४२९२ |
| स्याङ्जा | ३४,२५५ | ३५,०५४ | ३७८८४ |
| पर्वत | ७५,४५७ | ४२,३०३ | ३२३६७ |
| म्याग्दी | १४,५९६ | १६,७९१ | १८७३२ |
| मनाङ | ४३० | ४२९ | ५११ |
| मुस्ताङ | ९३३ | १,००० | १२०० |
| गोरखा | २१,०३६ | २४,६३० | २६०४०२ |
| नवलपरासी (ब.सु.पू.) | ७६,५१२ | ४०,३८३ | ३८७९६ |
| बागलुङ | ३६,७४७ | ३७,९०५ | ४१७१२ |
| जम्मा | ७,२२,४९१ | ५,३३,८५१ | ८,५२,४०१ |

स्रोत: नेपाल बीमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८२

३.१६ आर्थिक वर्ष २०८१/८२ र आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म चालु आर्थिक वर्षमा जीवन वीमा बीमितको संख्या बढेको छ।

### चार्ट २४: प्रदेशका बीमितको विवरण




स्रोत: नेपाल बीमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८२

३.१७ चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म गण्डकी प्रदेश भित्र जीवन बीमाको संख्या २०९, निर्जीवन बीमा १२७, लघु जीवन बीमा ११ र लघु निर्जीवन बीमा ९ गरी जम्मा ३५६ रहेको छ।

तालिका १९: गण्डकी प्रदेशमा रहेका बिमकको शाखा संख्या

| बिमकको प्रकार | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८१/८२ * | २०८२/८३ * |
|---|---|---|---|---|---|
| निर्जीवन बीमा | १३१ | १३५ | १२७ | १३१ | १२७ |
| जीवन बीमा | १९६ | १९९ | २०० | १९८ | २०९ |
| लघु जीवन बीमा | - | ७ | ८ | ८ | ११ |
| लघु निर्जीवन बीमा | - | ७ | ९ | ८ | ९ |

स्रोतः नेपाल बीमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८२ * फागुन मसान्तसम्म

## जीवन/निर्जीवन बीमा

३.१८ गण्डकी प्रदेश भित्रचालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा विभिन्न शीर्षकमा जारी गरिएका बीमालेख ५ लाख ९७ हजार ३ सय ३४ रहेकोमा पहिलो प्रिमियमबाट जम्मा रू. २ अर्ब ८१ करोड ८३ लाख रकम संकलन भएको छ। नवीकरण तथा पहिलो किस्ता गरी जम्मा रू. १२ खर्ब ९८ करोड ९४ लाख रुपैया प्रिमियम संकलन भएको छ। ७ हजार ५ सय २२ वटा भुक्तानी दाबी गरिएको बीमा मार्फत् जम्मा रू. १ अर्ब९९ करोड ४६ लाख भुक्तानी गरिएको छ। त्यसैगरी निर्जीवन बीमातर्फ २ लाख ९ हजार ९ सय ८८ वटा बीमालेखमार्फत् जम्मा रू. १ अर्ब ५९ करोड ४३ लाख संकलन गरिएकोमा दाबी भएका जम्मा ५ हजार ९ सय ८९ बीमा भुक्तानी मार्फत रू.७१ करोड ३६ लाख भुक्तानी भएको छ। संख्यागत बीमालेख अन्तर्गत जीवन बीमातर्फ सबैभन्दा धेरै सुक्ष्म जीवन बीमा र निर्जीवन बीमातर्फ मोटर बीमा योजना रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म भन्दा चालु आर्थिक वर्षको सोही अवधिमा भुक्तानी गरिएको दाबी संख्या घटे तापनि भुक्तानी रकम भने बढेको देखिन्छ।

तालिका २०: प्रदेश भित्रका जीवन बीमाको विवरण (रु. लाखमा)

| पोर्टफोलियो | जारी गरिएका बीमालेख संख्या | पहिलो प्रिमियम आम्दानी | नवीकरण प्रिमियम आम्दानी | कुल प्रिमियम आम्दानी | भुक्तानी दाबीको संख्या | भुक्तानी गरिएको दाबी रकम |
|---|---|---|---|---|---|---|
| प्रत्याशित बचत जीवन बीमा योजना | २११० | २,८८३.९१ | २६,१५२.५५ | २९,०३६.४६ | ७५० | ३,०३६.३४ |
| बाल बचत जीवन | ७५५६ | ४,०११.६८ | १९,९५३.१४ | २३,९६४.८२ | १५५२ | २,८१३.८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बीमा योजना | | | | | | |
| बचत सह सम्पूर्ण जीवन बीमा योजना | २१३१ | १,२८२.८१ | ११,१२०.६५ | १२,४०३.४६ | ९७१ | ३,५६७.०५ |
| बचत जीवन बीमा योजना | ११४३७ | ११,११३.०५ | ३९,८४८.१७ | ५०,९६१.२३ | २६१८ | ७,६६०.८६ |
| वैदेशिक रोजगार अवधि जीवन बीमा योजना | ५९५२ | २६३.८० | - | २६३.८० | | - |
| सूक्ष्म बीमा योजना | ५६४९१७ | १,४५१.६४ | ९८.२८ | १,५४९.९२ | ७८५ | ७५३.५२ |
| अन्य जीवन बीमा योजना | ३१० | १६१.१० | १,१९७.८७ | १,३५८.९७ | ७० | ११९.८१ |
| एकमुष्ट बीमा योजना | १३७७ | ६,८४४.१४ | ५०६.५० | ७,३५०.६३ | ९८ | ४५५.१३ |
| अवधि जीवन बीमा योजना | १४५८ | १०२.२१ | १२७.८९ | २३०.१० | ६५ | ५१.७४ |
| सम्पूर्ण जीवन बीमा योजना | ८६ | ६८.६९ | २,७०६.७४ | २,७७५.४३ | ६१३ | १,५०६.३८ |
| जम्मा | ५९७३३४ | २८,१८३.०३ | १,०१,७११.७९ | १,२९,८९४.८२ | ७५२२ | १९,९६४.६९ |

तालिका २१: प्रदेश भित्रका निर्जीवन बीमाको विवरण (रु. लाखमा)

| निर्जीवन बीमा | जारी गरिएको बीमा संख्या | सकल बीमा शुल्क आम्दानी | भुक्तानी गरिएका दाबीहरूको संख्या | भुक्तानी गरिएको सकल दाबी रकम |
|---|---|---|---|---|
| कृषि बीमा योजना | १३६०३ | १,३८४.०९ | १७८४ | १,०३६.०५ |
| हवाई बीमा योजना | १० | २१.४५ | ० | - |
| इन्जिनियरिङ तथा निर्माण बीमा योजना | १४५३ | १,२६७.२१ | ४८ | ३२१.४४ |
| समुद्री बीमा योजना | १०७२५ | २०९.७६ | ११ | ८७.६१ |
| सूक्ष्म बीमा योजना | २६८०८ | ५६९.०१ | १०९ | ६२.३७ |
| विविध बीमा योजना | ५५३१ | १,०४६.६९ | १३८३ | ७६३.४९ |
| मोटर बीमा योजना | ११९६५५ | ७,८३०.३७ | २५५९ | ४,१९३.२१ |
| सम्पत्ति बीमा योजना | ३२२०३ | ३,६१५.११ | ९५ | ६७२.२३ |
| जम्मा | २०९९८८ | १५,९४३.७० | ५९८९ | ७,१३६.४१ |

स्रोतः नेपाल बीमा प्राधिकरण, प्रादेशिक कार्यालय गण्डकी, २०८२

# ४. कृषि, भूउपयोग, वन तथा वातावरण

## कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान

४.१ गण्डकी प्रदेशको आर्थिक वर्ष २०८०/८१को कुल गार्हस्थ्य उत्पादनमा २६.३ प्रतिशत रहेको कृषि क्षेत्रको योगदान आर्थिक वर्ष २०८१/८२ मा २७.१ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा कृषि क्षेत्रको योगदान राष्ट्रिय तहको भन्दा प्रादेशिक तहमा केही बढी रहेको छ।

चार्ट २५: गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

## विविध कृषि बाली उत्पादन र उत्पादकत्व

४.२ गण्डकी प्रदेशका जिल्लाहरूको खेतीयोग्य जमिन, सिंचित क्षेत्रफल र बाँझो जमिन सम्बन्धी तथ्याङ्कले प्रदेशभित्र कृषि पूर्वाधार, भौगोलिक अवस्था, सिँचाइ पहुँच तथा कृषि उपयोगको अवस्थालाई स्पष्ट रूपमा देखाउँछ। गण्डकी प्रदेशको कुल क्षेत्रफल ९३ लाख २१ हजार १२४ वर्ग किलोमिटर मध्ये करिब ४ लाख ९९ हजार २३३ हेक्टर खेतीयोग्य जमिन रहेको छ। जसमध्ये १ लाख ३० हजार ५६३ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको देखिन्छ भने १ लाख २५ हजार २५२ हेक्टर जमिन बाँझो अवस्थामा रहेको छ। यसले प्रदेशमा कृषि सम्भावना उच्च भए पनि सिँचाइ पहुँच र जमिन उपयोगको अवस्था अझै चुनौतीपूर्ण रहेको संकेत गर्दछ।

४.३ जिल्लागत रूपमा हेर्दा कास्की जिल्लामा सबैभन्दा बढी सिंचित क्षेत्रफल रहेको देखिन्छ। कास्कीमा २७ हजार ६४० हेक्टर जमिनमा सिँचाइ सुविधा रहेको छ, जसमा वर्षभरी सिँचाइ हुने क्षेत्रफल १२ हजार ४३८ हेक्टर र आंशिक मौसमी/सिँचाइ हुने क्षेत्रफल १५ हजार २०२ हेक्टर रहेको छ। यसको मुख्य कारण पोखरा उपत्यकाको तुलनात्मक रूपमा विकसित कृषि पूर्वाधार, सिँचाइ आयोजना तथा नदी-खोलाको सहज उपलब्धता हो। नवलपरासी जिल्लामा २६ हजार ३६१ हेक्टर र लमजुङ जिल्लामा १८ हजार ५७५ हेक्टर जमिनमा सिँचाइ सुबिधा पुगेको छ।

४.४ खेतीयोग्य जमिनको दृष्टिले स्याङ्जा जिल्लामा ६७ हजार २३१ हेक्टर खेतीयोग्य जमिनमध्ये १७ हजार ९०० हेक्टर क्षेत्रमा मात्र सिँचाइ सुविधा पुगेको छ। मनाङ जिल्लामा २ हजार १५३ हेक्टर खेतीयोग्य जमिन भए पनि जम्मा १ हजार ७० हेक्टर क्षेत्र मात्र सिँचाइ सुविधा पुगेको छ। सबैभन्दा बढी बाँझो जमिन स्याङ्जा जिल्लामा २२ हजार ३८९ हेक्टर रहेको छ भने कम जमिन मनाङ जिल्लामा १३६ हेक्टर रहेको छ।

तालिका २२: प्रदेश भित्रको जमिनको अवस्था

| क्र.सं. | जिल्ला | जिल्लाको जम्मा क्षेत्रफल | खेतियोग्य जमिन | सिँचित क्षेत्रफल | | | बाँझो जमिन क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष भरी | आंशिक/मौसमि | जम्मा सिँचित | |
| १ | लमजुङ | १६९२२० | ६१८१९ | ५०१० | ९४६५ | १४४७५ | १६०६२ |
| २ | कास्की | २०८४३८ | ७१२८६ | १२४३८ | १५२०२ | २७६४० | २१०२९ |
| ३ | तनहुँ | १५४६०० | ६५०६१ | ६७५४ | ७२३६ | १३९९० | १३५५१ |
| ४ | गोरखा | ३६१००० | ५५६९६ | ३१०८ | १२०६ | ४३१४ | ९४७६ |
| ५ | स्याङ्जा | ११६४०० | ७२७३१ | १०८६० | ७०४० | १७९०० | २२३८१ |
| ६ | पर्वत | ५३६८६ | २८५९२ | ६४२० | २६५० | ९०७० | ४४२१ |
| ७ | मनाङ | २२४६०० | २१५३ | ७५५ | ३१५ | १०७० | १३६ |
| ८ | मुस्ताङ | ३६३९५८ | ३६४० | २४९९ | ० | २४९९ | ७४७ |
| ९ | बागलुङ | १७८४०० | ४६१४८ | २७७६ | ३३८० | ६१५६ | १४६२५ |
| १० | म्याग्दी | २२९७०६ | ३०८६६ | १७६३ | ४३२५ | ६०८८ | ११३७१ |
| ११ | नवलपरासी (ब.सू.पू.) | १३३११६ | ६१३०१ | १९८९९ | ७४६२ | २७३६१ | ११५५३ |
| | जम्मा | २१९३१२४ | ४९९२९३ | ७२२८२ | ५८२८१ | १३०५६३ | १२५३५२ |

स्रोत: कृषि, भूमि व्यवस्थातथा सहकारी मन्त्रालय,गण्डकी प्रदेश, २०८२

४.५ कृषि बालीको उत्पादन र क्षेत्रफलको आधारमा गण्डकी प्रदेशमा मुख्य खाद्यान्न बाली (धान, मकै, गहुँ, कोदो, फापर र जौ) को बाहुल्यता रहेको छ। तर प्रतिहेक्टर उत्पादकत्व भने अन्यको तुलनामा मुख्य खाद्यान्न बालीको कम रहेको तथ्याङ्कले देखाएको छ। आर्थिक वर्ष २०८२/८३

को फागुन मसान्तसम्म मुख्य खाद्यान्न बाली लगाएको क्षेत्रफलमा मकै उत्पादन गर्ने क्षेत्रफल सबैभन्दा बढी १ लाख ३१ हजार ८० हेक्टर (४४.८२ प्रतिशत) रहेता पनि उत्पादन तर्फ धानको उत्पादन ३ लाख ५५ हजार ७०८ (५२.१५ प्रतिशत) रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा क्षेत्रफल र उत्पादन तर्फ मकै बालीको हिस्सा उच्च रहेको थियो। खेती गरिएको कुल क्षेत्रफल घटेता पनि उत्पादनमा भने वृद्धि भएको देखिन्छ।

### तालिका २३: खाद्यान्न बालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| आ.ब | २०७६/७६ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| धान | १०८६९७.० | ४०८७३६.९ | १०६५४१.२ | ३९७०९४.३ | १३४७४२.० | ५०६७८८.० | १०६३८०.० | ३९११२०.७ | १०१९२३.० | ३९१६२४.४ | ९७९५९ | ३७९०३२ |
| मकै | १३९४२१.० | ४३३५६०.० | १४९४१३.८ | ४५०७२०.६ | १५०३६४.२ | ४५४२६४.० | १२९५०८.० | ३८७९०४.३ | १२९२९८.९ | ३७७७९९.६ | १२६७५७ | ३९३३१३ |
| गहूँ | ३८१९१.४ | ९९४०१.१ | ३८८२२.२ | १०३३२९.९ | ३८२३३.० | ९९०३८.० | ३१३१४.० | ८११२३.७ | ३१६३१.२ | ७७६२०.७ | २२५१७ | ५५६६३ |
| कोदो | ८७०८०.१ | १०६१३६.९ | ८८०३८.० | १०७९५१.९ | ८७०७२.० | ११०१५०.६ | ६३३४७.० | ७९६१८.७ | ६६१३७.२ | ८१५८३.९ | ५६८३० | ७४१०६ |
| फापर | १९३८.४ | २६३३.० | १९३२.५ | २७०३.४ | २३५२.० | ३१२६.४ | ११२५.० | १४७७.३ | १३२९.५ | १५७५.३ | १३५६ | १८०८ |
| जौ | १७६२.६ | २६६९.१ | १६२३.८ | २६४४.५ | ११६१.० | १७०१.५ | ८६२.० | १२१५.० | ६२५.५ | १०८८.८ | ६८५ | १२४८ |

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०८१/८२ फागुन मसान्तसम्म | | २०८२/८३ फागुन मसान्तसम्म | |
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| धान | ९७९५९.० | ३७९०३२.० | ९०५२५ | ३५५७०८ |
| मकै | १३०४९१.५ | ३९११९०.० | १३१०८० | १८६२२८ |
| गहूँ | २९४५३.० | ७६६८५.५ | २२९८७ | ७७४२१ |
| कोदो | ६७०७१.० | ८८११३.० | ४६१७४ | ६०२११.१ |
| फापर | १४८४.० | १९२०.० | ११०२ | १४६९ |
| जौ | ७७५.० | १११६.६ | ५५७ | १०१४ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

### चार्ट २६: मुख्य खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल (फागुनसम्म)







स्रोत: कृषि तथा भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,गण्डकी प्रदेश, २०८२

४.६ गण्डकी प्रदेशभित्र उत्पादन हुने प्रमुख खाद्यान्न बालीका रुपमा धान, मकै, गहुँ, कोदो, फापर र जौ लगायतका बालीहरू रहेका छन्। खासगरी तल्लो तटीय समथर भू-भागमा धान, गहुँ र मकै खेती हुन्छ भने उच्च पहाडी तथा हिमाली क्षेत्रमा कोदो र फापर हुने गर्दछ।

४.७ कृषि उत्पादनलाई बढोत्तरी गर्नको लागि युरिया, डि.ए.पी, पोटास र कृषि चुनको बिक्री वितरण र प्रयोग हुन्छ। आर्थिक वर्ष २०८०/८१ मारासायनिक मलको बिक्री वितरण १५ हजार ७५९ मे.ट. रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा २ हजार ४२७ मे.ट. ले बढी छ। चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनामा युरिया, डि.ए.पी, पोटास र कृषि चुनको बिक्री वितरण क्रमशः करिव ७ हजार ५ सय ३८, २ हजार ९ सय ८०, ५ सय १९ र ३८ मे.ट. भएको छ।

तालिका २४: रासायनिक मलको बिक्री वितरण (मे.ट.)

| आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | | | | २०८१/८२ | | | | २०८२/८३ प्रथम आठ महिनासम्मको | | | |
| युरिया | डि.ए.पि. | पोटास | कृषि चुन | युरिया | डि.ए.पि. | पोटास | कृषि चुन | युरिया | डि.ए.पि. | पोटास | कृषि चुन |
| १०३३७.९ | ४६८०.३५ | ६४८.५ | ९२.२५ | १२४५७ | ५०५९ | ६७० | – | ७५३८.६५ | २९८०.९ | ५१९.९ | ३८.५७ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.८ चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा तेलहनबाली लगाईएको कुल क्षेत्रफल हेर्ने हो भने सबैभन्दा धेरै भटमासबालीको क्षेत्रफल रहेको देखिन्छ। तेलहनबाली मध्ये भटमासबालीको उत्पादन सबैभन्दा धेरै ४४.७१ प्रतिशत रहेको छ। पहाडी क्षेत्रमा भटमासलाई खेत र पाखो बारीमा, तराई क्षेत्रमा पनि व्यवसायीक प्रयोजनका दृष्टिकोणबाट लगाउने प्रचलन भएको हुँदा क्षेत्रफल र उत्पादन बढी देखिएको अनुमान गर्न सकिन्छ।

४.९ कुल तेलहनबालीको क्षेत्रफल आर्थिक वर्ष २०८१/८२ मा भन्दा आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्ममा ५३.१८ प्रतिशतले बढेको छ भने उत्पादन सोही अवधिमा ४६.७८ प्रतिशतले घटेकोछ।

तालिका २५: तेलहनबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| आर्थिक वर्ष | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| तोरी | ६३९५.० | ६०४६.० | ६०९६.० | ५४९७.८ | ६६१६.० | ६४०१.० | ५८१३.५ | ५७२९.२ | ५३३५.० | ४९२३.० | ९३७६ | ९५७० |
| भटमास | ३३७२.० | ४१९३.० | ३१५१.० | ३३९२.० | ३०४४.० | ३३०८.० | ३०५७.० | ४१९९.४ | ३०५३.० | ३७०४.० | २९८८ | ३७७६ |
| सुर्यमूखी | २६.१ | ४१.२ | ३४०.० | ४६१.० | १८६.० | २५१.० | १९४.० | २६७.७ | १९७.० | २९५.० | ८४ | ११७ |
| बदाम | ३९३.२ | ५००.२ | ३९०.० | ४९७.८ | ३८६.० | ४७५.० | ३३९.५ | ४१२.९ | ३६७.० | ४५७.० | ९५ | १२० |
| रायो | ९६.० | ८६.० | ९३.० | ८४.० | ९६.० | ९२.० | ७६.५ | ७३.९ | ९५.० | १०१.० | ७७ | ८१ |
| आलस | ४६६.५ | ५११.० | ४६०.५ | ५१२.० | ४६५.० | ५१४.० | ४५८.० | ५११.२ | ४५५.० | ५११.० | ८३ | ९१ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तिल | २९३.० | २४२.० | २८९.० | २९५.९ | २७४.० | २४५.० | २५८.० | २४४.४ | २५१.० | २४०.० | १७६ | १८३ |
| सस्यौं | १३९०.० | १७९३.९ | १३९५.० | १७९८.९ | १३९६.० | १८००.० | १३४६.० | १७५९.६ | १३८८.० | १७७६.० | १४३८ | १८६१ |
| फिलिङे | २६०.९ | २४४.८ | २५२.० | २४०.० | २४८.० | २३४.० | १७६.० | १६५.७ | २३४.० | २२२.० | ६८ | ६५ |

| विवरण | २०८१/८२ फागुन मसान्तसम्म | | २०८२/८३ फागुन मसान्तसम्म | |
|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| तोरी | ५४५२.० | ५३०३.५ | २१६९ | २६०२ |
| भटमास | ३०२०.० | ३६४५.० | २९८८ | ३७७५ |
| सुर्यमूखी | २०१.० | २९६.० | ३१ | ३४ |
| बदाम | ३२७.० | ३९८.० | ३० | ३३ |
| रायो | ९०.० | ९७.० | ३१ | ३२ |
| आलस | ४५५.० | ५११.० | ४६ | ५१ |
| तिल | २४२.० | २४५.० | ५२ | ६१ |
| सस्यौं | १३६४.० | १७६७.५ | १३४४ | १८१४ |
| फिलिङे | २३६.० | २२५.० | ४३ | ४० |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.१० आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा कुल दलहनबाली उत्पादनको ३५.६५ प्रतिशत मासबाली उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा ७८.६७ प्रतिशत रहेको छ। दलहनबालीको कुल क्षेत्रफलमध्ये सबैभन्दा धेरै मासबालीको ७ हजार १४३ हेक्टर क्षेत्रफल रहेको छ।

तालिका २६: दलहनबालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| मास | ५७२१ | ५१५२ | ७४५८ | ५४२७ | ७१५९ | ४८२१ | ७००८ | ६३३६ | ७३४५ | ६४०५ | ७१४३ | ६१८२ |
| मुसुरो | ५९३८ | ५११० | ४९६७ | ५५८९ | ४७५६ | ५४८३ | ४७९२ | ५९९४ | ४७६९ | ५५७२ | ६८६ | ७३३ |
| चना | २५३ | २८१ | २७२ | २९८ | २६३ | २८८ | ७१५४ | ६४८९ | २३७ | २६५ | १४० | १५१ |
| रहर | ३५१ | २४६ | ३९३ | २८२ | ३७० | २५३ | ३३३ | २५०.५ | ५९१ | २४० | १५४ | १३६ |
| गहत | ८६४.११ | १०७८.०७ | ७६२.४९ | ७९८.६१ | ८१३ | ८८५ | २४८० | २५२४ | ५६८ | ५५६ | ६५० | ६६७ |
| खेसरी | ७४ | ८५ | १६८ | १७७.१८ | १२१ | १३१ | १०६० | १२१२ | ४० | ४८ | ३० | ३६ |
| अन्य | - | - | - | - | - | - | - | - | ३१६७ | ३८१८ | ४५६६ | ५५३७ |

| विवरण | २०८१/८२ फागुन मसान्तसम्म | | २०८२/८३ फागुन मसान्तसम्म | |
|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| मास | ७२५३ | ६३५७ | ७१४३ | ६२५२ |
| मुसुरो | ४७३८ | ५५४२ | ६८६ | ७०३ |
| चना | २३७ | २६३ | १३९.६ | १४९.३६ |
| रहर | ३५४ | २३५ | १५४ | १३८.३४ |

| | | | | |
|---|---|---|---|---|
| गहत | ५५८ | ५२९ | ६४९.७ | ६६७.७४ |
| खेसरी | १११.५ | १२२.३ | ३० | ३६ |
| अन्य | ३९९१ | ४७८० | | |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.११ कुल मसलाबालीको क्षेत्रफल आर्थिक वर्ष २०८१/८२ मा भन्दा आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म ६२.७९ प्रतिशतले घटेको छ भने उत्पादन पनि ५०.९७ प्रतिशतले घटेको छ।

४.१२ कुल मसलाबालीको उत्पादनमा अदुवाबालीको उत्पादन सबैभन्दा धेरै रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा जम्मा उत्पादनको ६६.९६ प्रतिशत अदुवा उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म ७६.६२ प्रतिशत रहेको छ।

तालिका २७: मसलाबालीको उत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| अदुवा | ३४५३.५ | ४१२८०.१ | ३१६४.० | ३५५८३.० | २६६८.० | २४१२२.० | ३०४५.० | ३५८२७.० | ३०९७.० | ३६७०६.० | ३०५२ | ३५४८८ |
| जिरा | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| धनियाँ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अलैंची | १४७७.० | ५७०.५ | ५७०.५ | ३१२.७ | १८४१.० | १०५४.० | ९९९.० | ६२४.२ | १०१०.० | ६५४.० | १६६९ | ५८३ |
| मेथी | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| वेसार | ९९५.० | ६०८७.२ | ८०३.० | ७७६४.१ | ७०४.० | ६९२४.० | ५५२.० | ६४८४.० | ५८१.० | ७४२४.० | ७३२ | ७९०६ |
| लसुन | ८६७.७ | ४५३५.३ | ६३९.५ | ३८१५.८ | ८३०.० | ५२९२.० | ७३९.० | ४६२२.२ | ७३९.० | ४५४८.० | ७४६ | ४५४७ |
| खुर्सानी | ९९५.० | ६०८७.० | ४७३.० | १९०४.० | ९२९.० | ५३२४.० | ६८७.० | ३५६६.० | ६९८.० | ३४८८.० | ६३२ | ४४६७ |

| विवरण | २०८१/८२ फागुन मसान्तसम्म | | २०८२/८३ फागुन मसान्तसम्म | |
|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| अदुवा | ३०६३.० | ३६३९५.० | १६६४ | १९९०५ |
| जिरा | ०.० | ०.० | ०.० | ०.० |
| धनियाँ | ०.० | ०.० | ०.० | ०.० |
| अलैंची | १०१०.० | ६५४.० | ० | ० |
| मेथी | ०.० | ०.० | ०.० | ०.० |
| वेसार | ५३६.० | ८५०५.० | ३५७ | ३८३९ |
| लसुन | ७३९.० | ४५४८.० | ३०८ | १३५९ |
| खुर्सानी | ६९८.० | ३४८८.० | २१२ | ८७३ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.१३ सुन्तला र स्याउ उत्पादनको प्रचुर सम्भावना भएको गण्डकी प्रदेशमा पछिल्ला पाँच आर्थिक वर्षमा भने सुन्तलाको उत्पादनमा उतारचढाव आएको देखिन्छ। प्रदेशका हिमाली भेगमा स्याउ

विशेष कार्यक्रम मार्फत् नयाँ स्याउको बगैंचा निर्माण तथा किसानलाई प्राविधिक सहायता उपलब्ध गराइएको हुँदा पछिल्ला वर्षमा स्याउ उत्पादन र क्षेत्रफल दुबैमा उल्लेख्य वृद्धि हुँदै गएको छ।

४.१४ चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म कुल फलफूल खेतीको क्षेत्रफल मध्ये सबैभन्दा बढी ४५.८५ प्रतिशतमा सुन्तला खेती रहेको छ भने सोही अवधिमा कुल उत्पादनको ४१.५५ प्रतिशत सुन्तलाको उत्पादन भएको देखिन्छ।

४.१५ आर्थिक वर्ष २०८०/८१ मा भन्दा आर्थिक वर्ष २०८१/८२ मा आलु खेती गरिएको क्षेत्रफल घटेता पनि उत्पादन भने वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को फागुन मसान्तसम्म आलु खेती गरिएको कुल क्षेत्रफल १६३ हेक्टरले कमी हुँदा उत्पादन भने १ हजार २०४ मे.ट ले वृद्धि भएको छ। तरकारी खेती गरिएको क्षेत्रफल ७५५ हेक्टरले वृद्धि भएता पनि उत्पादन भने ३४ हजार ९९८ मे.ट. ले घटेको छ।

तालिका २८: आलु र तरकारी खेतीको विवरण (हेक्टरमा)

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| आलु | २०२०८ | ३२७२०५ | २०२०८ | ३२७२०५ | १९७११ | ३०५३५४ | १९९५८.५ | ३४८९९२ | २०५३४ | ३७३३७६ | २०४७६ | ३७४६०५ |
| तरकारी | २९९८० | ३०१२२० | २४०९७ | २७०८५१ | ५१५२ | ६९९०६ | २३०२५.५ | २९९८४४ | २३५६८ | २७८५८३ | ३१४९९ | ३४०६१० |

| विवरण | २०८१/८२ फागुन मसान्तसम्म | | २०८२/८३ फागुन मसान्तसम्म | |
|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| आलु | २०३६७ | ३७०३६५ | २०२०४ | ३७१५६९ |
| तरकारी | २२८६९ | २९०४५५ | २३६२४ | २५५४५८ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

## पशुपंक्षी तथा मत्स्य

४.१६ चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म पशु स्वास्थ्य सुधार तथा रोग नियन्त्रण गर्ने उद्देश्यले उपचार सेवा तर्फ मेडिकल उपचार ५४ हजार ३६७, गाइनोकोलोजिकल १ हजार ७५८, माइनर सर्जरी १ हजार ९५७, मेजर सर्जरी १ हजार २१९, पोल्ट्री डिजिज ३७ हजार ३७१ र फिस डिजिज ११८ गरी जम्मा ९६ हजार ७९० उपचार सेवा प्रदान गरिएको छ। संक्रामक तथा महामारीजन्य रोग नियन्त्रण र पशु स्वास्थ्य संरक्षण गर्ने उद्देश्यले रानीखेत, CSF, PPR, Rabies, FMD, HSBQ, LSD तथा DHPPL विरुद्ध गरी जम्मा ७ लाख ४७ हजार १६४ पशुमा खोप

सेवा प्रदान गरिएको छ। रोगको समयमै पहिचान, निगरानी तथा प्रभावकारी उपचार सुनिश्चित गर्ने उद्देश्यले, प्रयोगशाला सेवा तर्फ गोबर परीक्षण, थुनेलो परीक्षण, पिसाब परीक्षण, स्किन स्क्रयापिङ, पोस्टमार्टम, रगत परीक्षण, पानी गुणस्तर परीक्षण तथा RDT मार्फत जम्मा १५ हजार ५३४ परीक्षण तथा निदान कार्य सम्पन्न गरिएको छ। उच्च गुणस्तरीय प्रजनन सेवा विस्तार गरी पशुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले, कृत्रिम गर्भाधान सेवा अन्तर्गत अस्पताल तथा कार्यरत कर्मचारीमार्फत तथा स्थानीय तहमार्फत गाई ५० हजार १८२, भैंसी ३४ हजार ९३९, बाखा २०३ र बंगुर ९१ गरी कुल ८५ हजार ४१५ पशुमा सेवा प्रदान गरिएको छ।

४.१७ आर्थिक वर्ष २०८०/८१ को तुलनामा २०८१/८२ मा गाई/गोरु संख्या करिब १.३० प्रतिशतले वृद्धि भएको छ भने २०८२/८३ को प्रथम आठ महिनाको अनुमानित विवरणले यो संख्या घट्ने देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा गत आर्थिक वर्ष भन्दा कुखुराको संख्यामा २.३० प्रतिशतले वृद्धि भएको छ।

तालिका २९: पशुपंक्षीको विवरण (संख्यामा)

| विवरण | आर्थिक वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* | २०८१/८२ | २०८१/८२ # | २०८२/८३ ** |
| गाई/गोरु | ४८१८६५ | ३६००९५ | ३३२००१ | ३२९५८५ | ३०२१७५ | २८८९३२ | २९२६९२ | २१६६९९ |
| भैंसी/राँगा | ६७७४९० | ५२१४९८ | ५२२०१४ | ४८२१३३ | ४३०१४६ | ४१९५४२ | ४५२१२९ | ३१४६५६ |
| बाखा/खसी/बोका | १५३३६२९ | १७४८३२५ | १७८९४३२ | १६१७८६८ | १७७८३२६ | १७६४२१८ | १७२२८४९ | १३२३१६३ |
| भेडा | १००७८२ | ९९८६९ | ९१७८१ | ९०६१६ | ९६३७६ | ९४७९२ | ८६२०२ | ७१०९४ |
| च्याङ्ग्रा | | ५६३३७ | ४७०५९ | ४८८९५ | | | ५२२७६ | |
| वँगुर | १६२१५३ | १८५८५५ | १८९४२७ | १५५९७० | १२७३८२ | ११९२०३ | १२८४७९ | ८९४०२ |
| कुखुरा | ६७८५६०७ | ८१५८५२३ | ७४४१५६२ | ६३८१८९० | ७१४०१०७ | ७३०४८१७ | १२७३५९ | ५४७८६१२ |
| हाँस | ४२७१२ | ९८१६३ | ११२००३ | ११०७२० | १११३३७ | ११२७३१ | ११०४९८ | ८४५४८ |
| घोडा | ६६८९ | ६७५२ | ६१८७ | ६००५ | ६४८४ | ५८४२ | ६२८१ | ४३८१ |
| खरायो | ८२७० | ६९८३ | ५००८ | | ६७७५ | ८८६३ | ७७७८ | ६६४७ |
| याक चौरी | १३९९७ | १२१८१ | १०१५६ | १२८७७ | १३३१३ | १३७१६ | १३११२ | १०२८७ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२ *संशोधित, # प्रथम आठ महिनासम्मको, ** प्रथम आठ महिनाको अनुमानित

४.१८ प्रदेश सरकारले पशुपंक्षीमा लाग्ने रोगको रोकथाम र निवारणको लागि आर्थिक वर्ष २०८१/२०८२ मा विनियोजन भएको बजेटको तुलनामा आर्थिक वर्ष २०८२/८३ मा २३.५५ प्रतिशत कमर खोपको डोजमा ६६.४४ प्रतिशतले कमी आएको छ।

तालिका ३०: खोप (भ्याक्सिन) को विवरण

| विवरण | आर्थिक वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खोप र वजेट विवरण | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | २०८२/८३ | |
| | वजेट | खोप (डोज) | वजेट | खोप (डोज) | वजेट | खोप (डोज) | वजेट | खोप (डोज) |
| | १३७४०० | २३३११४३ | ५७००० | २५२४७१० | १५६३२५ | २२२६३८० | ११९५१० | ७४७१६४ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.१९ संख्यागत रुपमा अनुदान प्राप्त गर्ने सहकारीको संख्या आर्थिक वर्ष २०८१/८२ मा धेरै भएता पनि प्रति सहकारी औसत अनुदान रकम भने आर्थिक वर्ष २०७८/७९ मा उच्च भएको देखिन्छ।

तालिका ३१: दुध उत्पादनमा अनुदानको विवरण

| आ.व. | सहकारी संस्था सख्या | निजी संस्था संख्या | प्रति लि. रू. | जम्मा अनुदान रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|
| २०७६/७७ | ० | ० | २.५ | | |
| २०७७/७८ | ५८ | ० | २.५ | २४२७४ | |
| २०७८/७९ | ५३ | ० | २.५ | २०४०३९ | |
| २०७९/८० | १७ | ० | २.५ | २८३०६.६२ | |
| २०८०/८१ | ६९ | ० | २.५ | २९४८८ | |
| २०८१/८२* | ४७ | ० | ५ | २१८९६.०४५ | |
| २०८१/८२ | ७४ | ० | ५ | ५५२०१.५८ | |
| २०८२/८३* | ६३ | ० | ५ | ३००९८.१८ | |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२ *फागुन मसान्तसम्म

४.२० आर्थिक वर्ष २०७६/७७ मा कृषितर्फ २८९ र पशुतर्फ ८ पकेट क्षेत्र घोषणा भएका थिए भने चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तमा क्रमशः ४ र १ पकेट क्षेत्र घोषणा गरिएको छ।

तालिका ३२: पकेट क्षेत्र घोषणाको विवरण

| पकेट क्षेत्र/ब्लक | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ फागुन सम्म |
| कृषि | २८९ | ८१ | ८० | ३९ | ६ | ६ | ४ |
| पशुपन्छी | ८ | ० | ९ | २ | २ | २ | १ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.२१ पछिल्ला वर्षहरूमा भैंसी/राँगा तथा गाई/गोरूको संख्यामा आएको कमीसँगै विगत वर्ष फैलिएको लम्पी स्कीन रोगको कारण आर्थिक वर्ष २०८१/८२ मा दुध उत्पादनमा कमी आउने प्रारम्भिक अनुमान गरिएकोमा १.८८ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म अनुमानित उत्पादनलाई आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा दुध, मासु, अण्डा, माछा र ऊनमा घटेको छ।

तालिका ३३: दुध, अण्डा तथा मासु उत्पादन

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| दुध (मे.टन) | २४६६१३ | २८१७८० | १७३७३१ | २६४८४९ | २५५६६१ | २६०४७८ |
| मासु (मे.टन) | ५७६७९ | ६२२६१ | ६१८८४ | ६०९१२ | ५०१६१ | ५१७०४ |
| अण्डा ('०००) | १३७९५८ | ३४३७५६ | १८८३४४ | १८९१५६ | १५०९९२ | १६५०१२ |
| माछा (मे.टन) | १२६१ | १३०१ | १५०१ | १४०९ | १५४६ | १४०८ |
| ऊन (के.जी) | ७३९२७ | ७४१५० | ६८१२८ | ६७३६६.०० | ४४२७६ | ५०५५८ |

| विवरण | २०८१/८२ फागुन मसान्तसम्म | २०८२/८३ फागुन मसान्तसम्म ** |
|---|---|---|
| दुध (मे.टन) | १९२७४५ | १७९०७८ |
| मासु (मे.टन) | ४५५२० | ३५५४६ |
| अण्डा ('०००) | १५३५०९ | ११३४४५ |
| माछा (मे.टन) | १३७७ | ९६८ |
| ऊन (के.जी) | ४७९८६ | ३४७५८ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८२ *संशोधित ** प्रारम्भिक अनुमान

## वन क्षेत्र

४.२२ गण्डकी प्रदेश वन, संरक्षित क्षेत्र, जैविक विविधता तथा जलाधार स्रोत सम्पदाको दृष्टिकोणले राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको प्रदेश हो। प्रदेशको कुल क्षेत्रफलमध्ये करिब ३७.८ प्रतिशत वनले ढाकेको छ। यस प्रदेशमा चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको आंशिक भाग एवम् अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको पुरै भाग गरी कुल १० लाख ३ हजार ९५१ हेक्टर क्षेत्रफल (४५.६८ प्रतिशत) संरक्षित क्षेत्र पर्दछ। समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ। वन क्षेत्रबाट प्राप्त हुने आम्दानीको उचित व्यवस्थापन र उपयोग गर्नु प्रदेश सरकारको चुनौती रहेको छ।

तालिका ३४: वन क्षेत्रको विवरण

| वन | किसिम | सख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| राष्ट्रिय वन | सामुदायिक वन | ३९७२ | २,८३,०७३ |
| | साझेदारी वन | १ | ९९३.८१ |
| | कबुलियत वन | ११४४ | ५,७७३.६८ |
| | धार्मिक वन | ४१ | ३९८.५ |
| | सरकारद्वारा व्यवस्थित चक्ला वन | १ | ३,८३८.८८ |
| | पञ्चासे वन संरक्षण क्षेत्र | १ | ५,७७५.७३ |

| | | | |
|---|---|---|---|
| सरकारद्वारा व्यवस्थित वन | | | ५४४४३२ |
| निजी वन | दर्ता भएका निजी वन | ४३२ | २२१.३१ |
| जम्मा वन क्षेत्र | | ५५९२ | ८४४,५०७ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, २०८२

४.२३ नेपालको कुल क्षेत्रफलको ६.८२ प्रतिशत संरक्षित क्षेत्र रहेकोमा यस प्रदेशको योगदान २९.१७ प्रतिशत रहेको छ। गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४५.६८ प्रतिशत रहेका संरक्षित क्षेत्रहरू नेपालको कुल संरक्षित क्षेत्रफल भन्दा झण्डै दोब्बर (२३.३९) प्रतिशत रहेको छ। यस प्रदेशमा ९ लाख २९ हजार २०० हेक्टर क्षेत्रफलमा फैलिएका २ वटा संरक्षित क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज (२४ हजार ६४१ हेक्टर क्षेत्रफल), ढोरपाटन शिकार आरक्षको बागलुङ र म्याग्दीको खण्ड (५० हजार ११० हेक्टर क्षेत्रफल) गरी जम्मा १० लाख ३ हजार ९५१ हेक्टर क्षेत्रफल संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज र शिकार आरक्षको रहेको छ।

### तालिका ३५: प्रदेशभित्र रहेका संरक्षित क्षेत्रहरूको विवरण

| संरक्षित क्षेत्रहरूको विवरण | | संख्या | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| संरक्षण क्षेत्रहरू | अन्नपुर्ण संरक्षण क्षेत्र | २ | ७६२९०० | ६४ वटा संरक्षण क्षेत्र व्यवस्थापन समिति |
| | मनास्लु संरक्षण क्षेत्र | | १६६३०० | ७ वटा संरक्षण क्षेत्र व्यवस्थापन समिति |
| राष्ट्रिय निकुञ्ज | चितवन राष्ट्रिय निकुञ्ज | १ | २४६४१ | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र |
| शिकार आरक्ष | ढोरपाटन शिकार आरक्ष | १ | ५०११० | ढोरपाटन शिकार आरक्ष (बागलुङ र म्याग्दी) को खण्ड |
| | | जम्मा | १००३९५१ | |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

४.२४ गण्डकी प्रदेशभित्र चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सञ्चालनमा रहेका वन पैदावरमा आधारित उद्योग ९९५ रहेका छन्।

### तालिका ३६: वन पैदावारमा आधारित उद्योगहरूको विवरण

| क्र.सं. | वनमा आधारित उद्यम विकास (संख्या) | गत आर्थिक वर्षसम्मको | चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म | जम्मा |
|---|---|---|---|---|
| १ | स:मिल | ५५ | ० | ५५ |

| | | | | |
|---|---|---|---|---|
| २ | फर्निचर | ८७४ | ० | ८७४ |
| ३ | जडिबुटी प्रशोधन/ उद्यम | ३७ | ० | ३७ |
| ४ | भेनियर/ प्लाइबोर्ड | २२ | ० | २२ |
| ५ | अन्य | १ | ० | १ |
| ६ | सा.व.उ.स.मार्फत् सञ्चालित वनजन्य उद्यम (संख्या) | ५ | ० | ५ |
| ७ | सहकारी मार्फत् सञ्चालित वनजन्य उद्यम (संख्या) | १ | ० | १ |
| | जम्मा | ९६४ | ० | ९९५ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

४.२५ गण्डकी प्रदेशको कुल भू-भागमध्ये वनजङ्गलले ढाकेको हरियाली क्षेत्र सबैभन्दा बढी ३३.७९ प्रतिशत रहेको छ। यस प्रदेशमा कृषियोग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत तथा हिमक्षेत्र १६.७ प्रतिशत रहेको छ। बसोबास गर्ने क्षेत्र र जलक्षेत्र कुल भू-भागको १.० प्रतिशत भन्दा पनि न्यून रहेको छ।

तालिका ३७: भू–उपयोगको स्थिती

| भू-उपभोगको विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|
| कृषि | ३१११.५२ | १४.१३ |
| नाङ्गो भूमि | ३८९२.५१ | १७.६८ |
| वनजङ्गल | ७४३९.९६ | ३३.७९ |
| तृण भूमि | १९२१.५४ | ८.७३ |
| बसोवास क्षेत्र | १३८.४० | ०.६३ |
| झाडी भूमि | १७१९.९४ | ७.८१ |
| हिमक्षेत्र | ३६८२.१४ | १६.७२ |
| जलक्षेत्र | १०९.०० | ०.५० |
| जम्मा | २२०१५.०१ | १००.०० |

स्रोतः गण्डकी प्रदेशको स्रोत नक्साङ्कन, २०७५

४.२६ गण्डकी प्रदेश भित्रका सामुदायिक र निजी वनको संख्या क्रमशः ३ हजार ९ सय ७२ र ४ सय ३२ रहेको छ। सो मध्ये तनहुँ जिल्लामा सबैभन्दा बढी ८०० वन संख्या रहेको छ।

सामुदायिक वनको क्षेत्रफल तनहुँ जिल्लामा सबैभन्दा बढी करिव ६२ हजार २४१र निजी वनको क्षेत्रफल गोरखा जिल्लामा करिव ४९ हेक्टर हिस्सा छ।

तालिका ३८: वनको प्रकार अनुसार संख्या र क्षेत्रगत विवरण

| जिल्ला | सामुदायिक वनसंख्या | क्षेत्रफल हे. | निजी वनसंख्या | क्षेत्रफल हे. |
|---|---|---|---|---|
| लमजुङ | ३४६ | २९५५९.८९ | ५७ | १९.४१ |
| कास्की | ५१० | २०४८५.५४ | ४२ | २४.४५ |
| तनहुँ | ६२६ | ६२२४१.४ | ७४ | ४२.३२ |
| गोरखा | ५१३ | ३४१९३.७८ | ५९ | ४९.९२ |
| स्याङ्जा | ५२५ | १६४६८.३५ | ६० | ४३.८२ |
| पर्वत | ३८७ | १४४७२.२४ | ४१ | १७.७६ |
| मनाङ | ४ | ४१९९ | १६ | ७.५४ |
| मुस्ताङ | ० | ० | ० | ० |
| बागलुङ | ५३७ | ३७९९०.७ | ८ | ५.१२ |
| म्याग्दी | ३११ | २५८२०.७४ | १० | ४.५५ |
| नवलपरासी (ब.सु.पू.) | २१३ | ३७६४१.३६ | ६५ | ६.४२ |
| जम्मा | ३९७२ | २८३०७३ | ४३२ | २२१.३१ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

४.२७ आर्थिक वर्ष २०८१/८२ सम्म उत्पादन भई उपभोग गरिएका काठमा निजी वन/आवादीबाट सबैभन्दा धेरै उत्पादन भई उपभोग भएको छ। आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा सामुदायिक वनबाट र आर्थिक वर्ष २०७७/७८ मा सरकारद्वारा व्यवस्थित वनबाट काठ उत्पादन भएको छैन। आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म रचालु आर्थिक वर्ष २०८२/८३ को सोही अवधिको तुलनामा सामुदायिक वन तर्फ उत्पादन नहुँदा अन्य वनबाट आर्थिक वर्ष २०८१/८२ मा कम उत्पादन भएको छ।

चार्ट २७: काठ उत्पादन/उपभोगको विवरण फागुन मसान्तसम्म



### चार्ट २८: काठ उत्पादन/उपभोगको विवरण




स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

४.२८ आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म दाउरा उत्पादन र गैरकाष्ठ वन पैदावारको सदुपयोग अन्य आर्थिक वर्ष भन्दा बढी उत्पादन र सदुपयोग क्रमशः आर्थिक वर्ष २०७९/८० मा २ हजार ८ सय ३३ चट्टा र आर्थिक २०७८/७९ मा १ लाख ६८ हजार ६ सय १९ के.जी. भएको छ।

### तालिका ३९: दाउरा र गैरकाष्ठ वन पैदावरको विवरण

| क्र.सं. | विवरण | एकाइ | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८२ असार | २०८१ फागुन | २०८२ फागुन |
|---|---|---|---|---|---|---|---|---|---|
| | दाउराको विवरण | | | | | | | | |
| १ | सामुदायिक वन | चट्टा | २७५ | २४४ | ३८० | ७६९ | ६५३ | २४४ | २०९ |
| २ | साझेदारी वन | चट्टा | ११४ | ० | २६ | ३२ | १२ | ० | ० |
| ३ | सरकारद्वारा व्यवस्थित वन | चट्टा | ० | २६६ | ६३५ | १५४ | ८१ | १३ | ० |
| ४ | निजी वन/आवादी | चट्टा | १३९१ | १७५३ | १७९२ | १७१८ | १९२२ | १३३४ | २९८ |
| | जम्मा | चट्टा | १७८० | २२६३ | २८३३ | २६७३ | २६६८ | १५९२ | ५०७ |
| | गैरकाष्ठ वन पैदावारको सदुपयोगको विवरण | | | | | | | | |
| ५ | (जडिबुटी, खोटो र अन्य वन पैदावार समेत) परिमाण | के.जी. | १६०३७४ | १६८६१९ | ९३८२६ | ५३०२ | ३८८७० | २०१५२ | १६१०० |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८२

## जैविक विविधता संरक्षण

४.२९ जैविक विविधताका लागि रणनीतिक योजना २०११-२० ले जैविक विविधता संरक्षण लक्ष्य राखेर कार्य गर्दै आएको छ। यस अन्तर्गत वनको वैज्ञानिक व्यवस्थापन र व्यावसायिक उपयोग गर्ने, वातावरण संरक्षण र जनताको आय आर्जनसँग आवद्ध गर्नेतथा राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

४.३० वन्यजन्तुहरुका लागि उपर्युक्त स्थान रहेको यस प्रदेशमा राष्ट्रिय औसतमा पाटे बाघ र गैंडाको संख्या न्यून रहेको छ भने चितुवाको संख्यामा वृद्धि भएको छ।

# ५. गरिबी निवारण,श्रम तथा रोजगारी

## गरिबी

४.३१ चौथो नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८० को तथ्याङ्क अनुसार नेपालको उपभोगमा आधारित निरपेक्ष गरिबी २०.२७ प्रतिशत रहेको छ भने मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ। पछिल्लो तथ्याङ्क अनुसार नेपालको बहुआयामिक गरिबी ७.४ प्रतिशत रहेको छ।

४.३२ गण्डकी प्रदेशको निरपेक्ष गरिबीको दर भने राष्ट्रिय औसतका साथै प्रदेशगत रुपमा पनि सबैभन्दा न्यून ११.८८ प्रतिशत रहेको छ।

तालिका ४०: प्रदेशगत निरपेक्ष गरिबीको अवस्था

| प्रदेश | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता |
|---|---|---|---|
| कोशी | १७.१९ | ३.८४ | १.२५ |
| मधेश | २२.५३ | ४.६२ | १.३६ |
| बागमती | १२.५९ | २.६४ | ०.८९ |
| गण्डकी | ११.८८ | २.३३ | ०.७१ |
| लुम्बिनी | २४.३५ | ५.८ | १.९९ |
| कर्णाली | २६.६९ | ६.२५ | २.१६ |
| सुदूरपश्चिम | ३४.१६ | ८.४१ | २.८७ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

## प्रधानमन्त्री रोजगार कार्यक्रम

४.३३ आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशका ८५ स्थानीय तहका १४४५ आयोजनामा ५ हजार ७६१ जनाले औसतमा ७४.८ दिन रोजगारी प्राप्त गरेका छन्।

तालिका ४१: प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशगत अवस्था

| प्रदेश | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या | आयोजनासंख्या | रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको संख्या | कुल रोजगारी प्रदान गरिएको दिन | प्रदान गरिएको औसत दिन |
|---|---|---|---|---|---|---|
| कोशी | १३७ | १३७ | १९२८ | ९९३० | ७६४१०० | ७६.९ |
| मधेश | १३६ | १२३ | १२४९ | १०१६८ | ४९९६१३ | ४९.१ |
| बागमती | ११९ | ११८ | १८०५ | ७८८६ | ६३०८७० | ८०.० |
| गण्डकी | ८५ | ८५ | १४४५ | ५७६१ | ४३१०८९ | ७४.८ |
| लुम्बिनी | १०९ | १०७ | १५१५ | ७२५० | ५४०२७१ | ७४.५ |
| कर्णाली | ७९ | ७९ | ९५० | ७१५६ | ५४३२६७ | ७५.९ |
| सुदूरपश्चिम | ८८ | ८७ | १४४६ | ७००० | ५४९५७२ | ७८.५ |
| जम्मा | ७५३ | ७३६ | १०३३८ | ५५१५१ | ३९५८७८२ | ७१.८ |

स्रोतः श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२

## श्रम स्वीकृतीको विवरण

४.३४ आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म गण्डकी प्रदेशबाट श्रम स्वीकृति लिएका व्यक्ति सबैभन्दा बढी आर्थिक वर्ष २०८१/८२ मा ५५ हजार ३ सय १५ जना रहेको छ। सो संख्या आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८०, २०८०/८१ रचालु आर्थिक वर्षको फागुन मसान्तसम्मको विवरण भन्दा क्रमशः ४८ हजार ९५, ४३ हजार ३ सय ३७ २९ हजार ५ सय ८३, २३ हजार ५ सय ५२ र २१ हजार ६ सय ८ ले बढी रहेको छ।

तालिका ४२: प्रदेश भित्र श्रम स्वीकृतिको विवरण

| आर्थिक वर्ष | श्रम स्वीकृती लिएका व्यक्तिहरुको विवरण | आर्थिक वर्ष २०८१/८२ सँगको फरक |
|---|---|---|
| २०७७/७८ | ७२२० | ४८०९५ |
| २०७८/७९ | ११९७८ | ४३३३७ |
| २०७९/८० | २५७३२ | २९५८३ |
| २०८०/८१ | ३१७६३ | २३५५२ |
| २०८१/८२ | **५५३१५** | ० |
| २०८२/८३* | ३३७०७ | २१६०८ |

स्रोतः श्रम रोजगार कार्यालय पोखरा, २०८२

# ६. ऊर्जा, सिँचाइ तथा खानेपानी

## उर्जा

६.१ जलविद्युत उत्पादनको दृष्टिकोणले गण्डकी प्रदेश प्रचुर सम्भावना बोकेको प्रदेश हो। चालु आर्थिक वर्ष २०८२/८३ विद्युत पहुँच पुगेको घरधुरी ९९.८ प्रतिशत रहेकोमा गत आर्थिक वर्षमा पनि सोही प्रतिशत रहेको थियो। यस आर्थिक वर्ष सम्पन्न हुने अबधिसम्म ९९.९० प्रतिशत पुग्ने अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म कुल विद्युत उत्पादन क्षमता ९९८ मे.वा. पुगेको जुन आर्थिक वर्ष २०८०/८१ को भन्दा १७७ मे.वा.ले बढी हुन आउँछ। आर्थिक वर्ष २०८०/८१ मा प्रति व्यक्ति विद्युत खपत २७० रहेकोमा आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म कुनै परिवर्तन देखिएको छैन।

तालिका ४३: प्रदेश भित्रको उर्जा सम्बन्धी विवरण

| सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|
| कुल जलविद्युत उत्पादन क्षमता | मे.वा. | ४४८.५ | - | ५०८.७६ | ५९५ | ८०३ | ८२१ | ९९८ |
| विद्युतमा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ८७.३९ | ८७.४८ | ९२.७९ | ९५.६८ | ९९.५ | ९९.५५ | ९९.८० |
| प्रति व्यक्ति विद्युत खपत | कि.वा.घ. | १९० | - | - | २१० | २१६ | २७० | २७० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८२

६.२ आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म विद्युत उत्पादन (जडित क्षमता) १६०० मे.वा. पुर्याउने लक्ष्य राखिएको छ। सोही आर्थिक वर्षको फागुन मसान्तसम्म ११७४.२४२ मे.वा. हासिल भएको छ जुन लक्ष्यको तुलनामा निकै न्यून रहेको छ। विद्युत पहुँच पुगेको जनसंख्या आर्थिक वर्षको अन्त्यमा १०० प्रतिशत पुर्याउने लक्ष्य राखिएकोमा जम्मा ९९.८० प्रतिशत, प्रतिव्यक्ति बिद्युत खपत ३०० कि.वा. घण्टा राखिएकोमा २७० मे.वा. घण्टा र संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत उत्पादन २५० कि.वा. पिक राखिएकोमा जम्मा २३७ कि.वा. पिक पुगेको छ ।

तालिका ४४: पञ्चवर्षीय आयोजनाको लक्ष्य र फागुन मसान्तसम्मको प्राप्ति

| क्र.सं. | सूचक | इकाई | गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य र प्रगति | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रथम आठ महिनासम्म | आर्थिक वर्ष २०८३/८४ सम्मको लक्ष्य | आर्थिक वर्ष २०८५/८६ सम्मको लक्ष्य |
| १ | ऊर्जा | | | | |
| ११. | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | ११७४२४२. | १६०० | २५०० |
| १२. | विद्युतमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९९८०. | १०० | १०० |
| १३. | प्रतिव्यक्ति विद्युत खपत | किलोवाट घण्टा | २७० | ३०० | ५०० |
| १४. | संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत उत्पादन | किलोवाट पिक | २३७ | २५० | ३०० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानीमन्त्रालय, २०८२

## सिँचाइ तथा तटबन्ध

६.३ आर्थिक वर्ष २०८०/८१ मा आधुनिक सिँचाइ पूर्वाधार विकास ६८ हजार ६९० हेक्टर रहेकोमा आर्थिक २०८१/८२ को अन्त्यसम्म ८२१ हेक्टर वृद्धि भई जम्मा ६९ हजार ५११ हेक्टर पुगेको छ। बाह्रै महिना सिँचाइ सुविधा पुगेको क्षेत्रफल ८१७ हेक्टर, निर्माण भएको तटबन्धन लम्बाइ १४.२२ कि.मि र जग्गा उकास कार्य भएको क्षेत्रफल ३०.७५ हेक्टरले वृद्धि भएको छ।

तालिका ४५: सिँचाई र तटबन्धनको विवरण

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिँचाइ तथा तटबन्धन | | | | |
| १. | आधुनिक सिँचाइ पूर्वाधार विकास | हे. | ६२८४४ | ६३३२९ | ६४०६२ | ६५६०४ | ६६,६५७ | ६८,६९० | ६९,५११ |
| २. | बाह्रै महिना सिँचाइ सुविधा पुगेको | हे. | - | - | ३१८४१ | ३२८९४ | ३३१४० | ३३८८४ | ३४७०१# |
| ३. | निर्माण भएको तटबन्धन लम्वाई | कि. मि. | १९.६ | ४६ | ६९.७६ | ८४.६२ | १०९.२४ | १२३.७५ | १३७.९७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (प्रदेश सरकारबाट) | | | | | | | | |
| जग्गा उकास कार्य भएको क्षेत्रफल | हे. | १९६.९ | ८९७ | २३१७ | ३०१८ | ३१४१ | ३३७३ | ३४०३.७५# |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८२ #संशोधित

६.४ प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनले आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म आधुनिक सिंचाइ पूर्वाधारबाट सिंचित क्षेत्रफल ६९००० हेक्टर पुर्‍याउने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म ५३८ हेक्टर लक्ष्य भन्दा बढी प्राप्ति भएको छ। बाह्रै महिना सिँचाइ सुविधा पुगेको क्षेत्र लक्ष्य भन्दा २ हजार ६६५ हेक्टर, निर्माण भएको तटबन्धनको लम्बाइ ९.५ कि.मि र जग्गा उकास कार्य संचालन भएको क्षेत्रफल ५८४ हेक्टरले लक्ष्य भन्दा कम रहेको छ।

तालिका ४६: सिँचाइ तथा तटबन्धन निर्माण

| क्र.सं. | सूचक | इकाई | गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य/प्रगति | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रथम आठ महिनामा | आर्थिक वर्ष २०८३/८४ सम्मको लक्ष्य | आर्थिक वर्ष २०८५/८६ सम्मको लक्ष्य |
| १ | आधुनिक सिँचाई पूर्वाधारबाट सिंचित क्षेत्रफल | हेक्टर | ६९५३८ | ६९००० | ७०००० |
| २ | बाह्रै महिना सिँचाई सुविधा पुगेको क्षेत्र | प्रतिशत/हेक्टर | ३६३३५ | ३९००० | ४१००० |
| ३ | निर्माण भएको तटबन्धनको लम्बाइ | किलोमिटर | १४०.५ | १५० | २०० |
| ४ | जग्गा उकास कार्य संचालन भएको क्षेत्रफल | हेक्टर | ३४१६ | ४००० | ४५०० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८२

## खानेपानी तथा सरसफाई

६.५ गण्डकी प्रदेशमा आधारभूतस्तरको खानेपानीको पहुँच लगभग सबै जनसंख्यामा पुगेको भए पनि विश्व स्वास्थ्य संगठनले तोकेको उच्च गुणस्तरयुक्त खानेपानीको पहुँच अझै पुग्न सकेको छैन। आर्थिक वर्ष २०७९/८० सम्म ९४.२५ प्रतिशत रहेको आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्याको अनुपात २०८१/८२ को अन्त्यसम्म ९५.० प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको एक घर एक धारा कार्यक्रम अन्तर्गत जडान भएका धारा संख्या १ लाख ६३ हजार ४ सय ७० पुगेको छ भने निजी धारा जडान भएका घरपरिवार ६५ प्रतिशत रहेको छ।

### तालिका ४७: प्रदेश भित्रको खानेपानीको विवरण

| क्र.सं. | सूचक | एकाइ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी, सरसफाइ र स्वच्छता | | | | | | | | | |
| १. | आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | - | - | ९४.२५ | ९४.२५ | ९५ | ९५ | ९५ |
| २. | प्रदेश सरकारको एक घर एक धारा कार्यक्रमा जडान भएका धारा संख्या | वटा | ३९८०४ | ७७,७८२ | १,०८,३२० | १,२९,७९४ | १,४८,२२५ | १,६०,००० | १,६३,४७० |
| ३. | निजी धारा जडान भएका घरपरिवार | प्रतिशत | - | - | ५९.५ | ६०.६ | ६४ | ६४.० | ६५ |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

६.६ प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले आर्थिक वर्ष २०८३/८४ को अन्त्यसम्म मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या ६५ प्रतिशत पुर्याउने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म १९ प्रतिशत मात्र पुगेको छ। निजी धारा जडान भएका घरधुरी ६५.५ र फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी ८० प्रतिशत रहेको छ।

### तालिका ४८: दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य र प्रगति

| क्र.सं. | सूचक | इकाई | गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य/प्रगति | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रथम आठ महिनामा | आर्थिक वर्ष २०८३/८४ सम्मको लक्ष्य | आर्थिक वर्ष २०८५/८६ सम्मको लक्ष्य |
| खानेपानी, सरसफाइ र स्वच्छता | | | | | |
| १. | मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | १९ | ६५ | ९० |
| २. | निजी धारा | प्रतिशत | ६५.५ | ८४ | ९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जडान भएका घरधुरी | | | | |
| ३. | फलस भएको चर्पी सुविधा उपलब्ध घरधुरी | प्रतिशत | ८० | ९३ | १०० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, २०८२

# ७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

## सडक

७.१ आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशले आफ्नो कार्य क्षेत्रको बजेट तथा कार्यक्रमबाट ११९.९० किलोमिटर सडक कालोपत्र, ४३.३५ किलोमिटर ग्राभेल र २३.० किलोमिटर कच्ची सडक थप निर्माण गरेको थियो भने आर्थिक वर्ष २०८१/८२ मा क्रमशः २१३.६७, ३९.८ र ४१.९८ किलोमिटर थप भएको छ। गत आर्थिक वर्षको प्रथम आठ महिनामा ४८ किलोमिटर कालोपत्रे, ४.२ किलोमिटर ग्राभेल तथा ८.७ किलोमिटर कच्ची सडक निर्माण भएको थियो भने चालु आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा क्रमशः ४४.३ कि.मि., २५.४ कि.मि, र १८ कि.मि. ले बढी सडक निर्माण भएको छ।

तालिका ४९: प्रदेशभित्र निर्माण गरेको नयाँ सडकको लम्बाइ

| सडकको प्रकार | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| कालोपत्रे (कि.मि.) | २११.९ | १६५.०४ | १७३.६६ | २३३ | ११९.९ | २१३.६७ |
| ग्राभेल (कि.मि.) | १५२.२७ | ११७.०३ | ७७.९९ | ९७ | ४३.३५ | ३९.८ |
| कच्ची (कि.मि.) | ८८.७६ | ७९.३२ | १०४.३ | ५५ | २३ | ४१.९८ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८२

तालिका ५०: प्रदेशभित्र निर्माण गरेको नयाँ सडकको लम्बाइ प्रथम आठ महिनामा उपलब्धि

| सडकको प्रकार | आर्थिकवर्ष | |
|---|---|---|
| | २०८१/८२ | २०८२/८३ |
| कालोपत्रे (कि.मि.) | ४८ | ९२.३ |
| ग्राभेल (कि.मि.) | ४.२ | २९.६ |
| कच्ची (कि.मि.) | ८.७ | २६.७ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८२

## पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि

७.२ गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनको चरणमा आर्थिक वर्ष २०८३/८४ सम्ममा १५०० किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा हालसम्म करिब १२३९.१८ किलोमिटर सडक कालोपत्रे भएको छ। सोही योजना अवधिमा सडक पुल ४३३ वटा र झोलुङ्गे पुल २४७० वटा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म

जम्मा क्रमशः १२२ र ८९० वटा सम्पन्न भएका छन् भने बाँकीको अवस्था देहाय बमोजिम रहेको छ।

तालिका ५१: दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि

| क्र.स. | सूचक | एकाई | २०८२/८३ फागुन मसान्तसम्म यथार्थ अवस्था | २०८३/८४ को लक्ष्य |
|---|---|---|---|---|
| १ | पक्की सडक लम्बाइ | कि.मि. | १२३९.१८ | १५०० |
| २ | ग्राभेल सडक लम्बाइ | कि.मि. | ७८५.६६ | २४०० |
| ३ | कच्ची सडक लम्बाइ | कि.मि. | ३८०.७५ | १०००० |
| ४ | सडक पुल | संख्या | १२२ | ४३३ |
| ५ | झोलुङ्गे पुल | संख्या | ९० | २४७० |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८२

७.३ गण्डकी प्रदेशमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयबाट निर्माण भएका आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म सडक पुल र झोलुङ्गे पुलको संख्या क्रमशः १२२ र ९० वटा रहेको छ।

तालिका ५२: सडक पुल र झोलुङ्गे पुलको विवरण

| पुलकोप्रकार | २०७८/७९ सम्म | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८१/८२* | २०८२/८३* |
|---|---|---|---|---|---|---|
| सडक पुल (वटा) | ७० | १५ | २१ | ११ | ६ | ५ |
| झोलुङ्गे पुल (वटा) | ५१ | १२ | १९ | ५ | ३ | ३ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८२* प्रथम आठ महिनामा

## यातायात

७.४ गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म १३ हजार ८ सय ८७ विभिन्न नयाँ सवारी दर्ता भएका छन् भने कुल सवारी साधन दर्ता संख्या १ लाख ३० हजार ५४ पुगेको छ।दर्ता भएका नयाँ सवारी साधन मध्ये मोटरसाईकल/स्कुटर सबैभन्दा बढी ८८.५५ प्रतिशत रहेको छ। त्यसै गरी बस/ट्रकको हिस्सा २.१५, माइक्रोबसको ६.११, टेम्पोमा १.०७, ट्याक्टरको ०.९४, क्रेन/डोजर/लोडर ०.८६ प्रतिशत रहेको छ।

तालिका ५३: गण्डकी प्रदेशमा दर्ता भएका सवारी साधनहरू

| क्र.सं. | सवारी साधन | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८१/८२* | २०८२/८३* |
|---|---|---|---|---|---|---|---|
| १ | बस/ट्रक | १६५ | १२९७ | ३५६ | ५३२ | ४७९ | ४५३ |
| २ | जीप/कार/भ्यान | १५२४ | ३५७४ | १२०७ | ७२३ | ६५८ | ९२१ |
| ३ | माइक्रोबस | ४५ | १०० | ५६ | ५९ | ५० | ५१ |
| ४ | मोटरसाइकल/स्कुटर | ४५०९१ | ३३७९६ | १४१३७ | ९८४३ | ८२८८ | १२३०२ |
| ५ | ट्याक्टर | ३३२ | ७१८ | ४६ | ४५ | २७ | ९२ |
| ६ | टेम्पो | १३३ | १०२८ | ९८ | १०४ | ४६ | ३७ |
| ७ | क्रेन/डोजर/लोडर | ६५७ | ३५० | ५० | ३३ | ३७ | ३१ |
| ८ | अन्य | ४ | ६४ | ० | ० | ० | ० |
| | कूल जम्मा | ४७९५१ | ४०९२७ | १५९५० | ११३३९ | ९५८५ | १३८८७ |

स्रोतः भौतिक पूर्वाधारतथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८२ *प्रथम आठ महिनामा

## सूचना तथा सञ्चार

७.५ राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी प्रदेशका ४७.७ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ भने ७७.८ प्रतिशत घरधुरीमा स्मार्ट फोन प्रयोग हुने गरेको छ। इन्टरनेट प्रयोग गर्ने पुरुषको राष्ट्रिय अनुपात ४८.५४ र महिलाको २३.२८ रहेको छ। गण्डकी प्रदेशमा यस्तो अनुपात क्रमशः ६१.२७ र ३८.६ रहेको छ।

चार्ट २९: नेपाल टेलिकमले प्रवाह गर्ने तारयुक्त सेवाको जिल्लागत विवरण




स्रोतः नेपाल टेलिकम, पोखरा कार्यालय, २०८२

७.६ आर्थिक वर्ष २०७९/८० मा FTTH Data सेवा ३०,४९६ रहेकोमा २०८०/८१ मा ३६,६६२, २०८१/८२ मा ४१,२२५ र २०८२/८३ फागुन मसान्तसम्म ४४,३६१ पुगेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म IPTV सेवा ८,८९६, FTTH Voice सेवा ३९,००२ पुगेको छ। चालु आर्थिक वर्ष२०८२/८३ को फागुन मसान्तसम्म कास्की जिल्लामा FTTH Data२१,४४५, IPTV ५,११५ र FTTH Voice २३,०२६ पुगेको छ। जसले प्रदेशको प्रमुख शहरी तथा व्यावसायिक केन्द्रको रूपमा यसको उच्च डिजिटल पहुँचलाई देखाउँछ। नवलपरासी (ब.सु.पू.) बागलुङ र तनहुँमा उल्लेखनीय वृद्धि भएको छ। दुर्गम जिल्ला मनाङ र मुस्ताङमा सेवा विस्तारको दर अपेक्षाकृत न्यून भए पनि क्रमशः वृद्धि भई रहेको छ। समग्रमा, प्रदेशभर डिजिटल पूर्वाधार विस्तार, इन्टरनेटमा आधारित सेवाको माग वृद्धि तथा सूचना–प्रविधिमैत्री जीवनशैलीको विस्तारसँगै नेपाल टेलिकमको तारयुक्त सेवा प्रभावकारी रूपमा विस्तार भइरहेको छ।

तालिका ५४: नेपाल टेलिकमले प्रवाह गर्ने तारयुक्त सेवाको जिल्लागत विवरण

| जिल्ला | २०७९/८० | | | २०८०/८१ | | | २०८१/८२ | | | २०८२/८३ फागुन मसान्तसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | FTTH Data | IPTV | FTTH Voice | FTTH Data | IPTV | FTTH Voice | FTTH Data | IPTV | FTTH Voice | FTTH Data | IPTV | FTTH Voice |
| लमजुङ | ८८० | १०५ | १,१३५ | ९९७ | १८० | १,१९० | १,०६७ | २२६ | १,२३० | १,१३८ | २५६ | १,२७८ |
| कास्की | १४,९३७ | १,४७४ | १८,४२८ | १८,०२५ | ३,१७३ | २१,३८९ | २०,०७९ | ४,३८० | २२,५६९ | २१,४४५ | ५,११५ | २३,०२६ |
| तनहुँ | ३,४६७ | २३३ | २,१८६ | ४,३७० | ५४४ | २,८५४ | ४,८३० | ७८१ | ३,००५ | ५,१४० | ९५५ | ३,०६६ |
| गोरखा | १,४०२ | ३२ | १,४६८ | १,६२४ | १०७ | १,६३३ | १,७६० | २१५ | १,६७२ | १,८७५ | २५२ | १,६९७ |
| स्याङ्जा | १,०९७ | ११३ | १,५४० | १,३६५ | २२८ | १,७०६ | १,५६९ | ३३७ | १,८११ | १,७५३ | ४१३ | १,८५० |
| पर्वत | १,३७३ | ११० | ८६९ | १,४८४ | १८१ | ८९९ | १,६४७ | २३१ | १,००४ | १,७९३ | २८३ | १,०४४ |
| मनाङ | २०६ | – | १२१ | २२६ | – | १२३ | २५१ | – | १२५ | २७३ | – | १२५ |
| बागलुङ | ३,५३० | २०४ | १,६४६ | ३,७८५ | ३०८ | १,८०५ | ४,१८० | ४१८ | २,०६२ | ४,३९३ | ४७४ | २,१२२ |
| म्याग्दी | १,१४९ | ८२ | ८९७ | १,२५० | १३६ | ९३० | १,४८७ | १९५ | १,०८८ | १,५७५ | २२२ | १,१०४ |
| मुस्ताङ | ९१५ | – | ४०० | ९५८ | – | ४०९ | १,०७४ | – | ४३५ | १,१२२ | – | ४३९ |
| नवलपरासी (ब.सु.पू.) | १,५४० | २०६ | १,५५७ | २,५७८ | ५१९ | २,७०८ | ३,२८१ | ७७० | ३,०९८ | ३,८५४ | ९२६ | ३,२५१ |
| जम्मा | ३०,४९६ | २,५५९ | ३०,२४७ | ३६,६६२ | ५,३७६ | ३५,६४६ | ४१,२२५ | ७,५५३ | ३८,०९९ | ४४,३६१ | ८,८९६ | ३९,००२ |

स्रोतः नेपाल टेलिकम, पोखरा कार्यालय, २०८२

# ८. उद्योग, वाणिज्य तथा पर्यटन

## उद्योग तथा वाणिज्य

८.१ आर्थिक वर्ष २०७७/०७८ मा ८ हजार ७४८ उद्योग दर्ता रहेकोमा क्रमशः घट्दै २०७९/०८० मा २ हजार ८६६ मा पुगेको छ। आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ९७२ उद्योग र आर्थिक वर्ष २०८१/०८२ को प्रथम आठ महिनामा १ हजार ८५५ दर्ता भएको छ। यसले उद्योग दर्ता संख्यामा निरन्तर गिरावट देखाउँछ, करिब पाँच वर्षमा कुल उद्योग दर्तामा ७८ प्रतिशतको कमी आएको छ।

तालिका ५५: पछिल्लो पाँच वर्षमा दर्ता भएका औद्योगिक फार्महरुको संख्या

| जिल्ला | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा |
|---|---|---|---|---|---|---|
| कास्की | ५५१ | २३३ | २९८ | ३९३ | ५३१ | २००६ |
| गोरखा | १०७३ | ५९८ | २०१ | १७४ | १०१ | २१४७ |
| तनहुँ | १९५५ | १४१४ | ६०८ | ४०० | ३०५ | ४६८२ |
| नवलपरासी (ब.सु.पू.) | १३७६ | १०७९ | ४३९ | २०६ | १९४ | ३२९४ |
| पर्वत | ४०६ | २९६ | १२६ | ९३ | ७० | ९९१ |
| बागलुङ | ३११ | १५४ | ९६ | ४७ | ३९ | ६४७ |
| मनाङ | ४३ | ४९ | १४ | ३९ | ६ | १५१ |
| मुस्ताङ | २१७ | १०३ | ९१ | ५१ | ४४ | ५०६ |
| म्याग्दी | ५०३ | ३०० | १३८ | १०० | ७० | ११११ |
| लमजुङ | ९५० | ७०२ | २९७ | २१५ | ३१५ | २४७९ |
| स्याङजा | १३६३ | ८५१ | ५५८ | २५४ | १८० | ३२०६ |
| कुल जम्मा | ८७४८ | ५७७९ | २८६६ | १९७२ | १८५५ | २१२२० |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, २०८२

८.२ आर्थिक वर्ष २०७७/०७८ मा करिब ५८.८ अर्ब रुपैयाँ पूँजी लगानी भएको थियो। आर्थिक वर्ष २०७८/०७९ मा यस्तो लगानी ४३.२ अर्ब (२६ प्रतिशत कमी), २०७९/०८० मा ३१.४ अर्ब पुगेको छ। लैङ्गिक दृष्टिले आर्थिक वर्ष २०८१/०८२ मा महिलाको संख्या ५ हजार १७९ र पुरुष ७ हजार ८५९ पुगेको छ। जसले महिला सहभागितामा करिब ८ प्रतिशत कमी र पुरुष सहभागितामा करिब ७.७ प्रतिशत वृद्धि देखाउँछ।

तालिका ५६: पछिल्लो पाँच वर्षमा दर्ता भएका औद्योगिक फर्महरुमा लगानी भएको पूँजी (रु. लाखमा)

| जिल्ला | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा |
|---|---|---|---|---|---|---|
| कास्की | २४७८ | २५७६ | ९०८७ | १२३९८ | १३८७३ | ४०४१२ |
| गोरखा | १७५१० | ८६६८ | ४१७४ | ३६२९ | ३०८२ | ३७०६२ |
| तनहुँ | १९०३ | ९१४ | ३०१९ | ६१६४ | ६६७२ | १८६७३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नवलपरासी(ब.सु.पू.) | २५६२९ | २०८३७ | १०९२३ | ८८३५ | ८५८० | ७४८०४ |
| पर्वत | ६५८५ | ६४९६ | २६६९ | १६८५ | २२०५ | १९६४० |
| बागलुङ | १३११ | २६६ | १७१६ | १४११ | १४३८ | ६१४२.२ |
| मनाङ | २०१ | ५० | १७५ | १७८७ | २३४ | २४४७ |
| मुस्ताङ | ३१६४ | ३२५.९ | २३९३ | १३९१ | १८१३ | ९०८५.९ |
| म्याग्दी | २६६.५ | २६९.५ | १४४३ | १८३० | २३४६ | ६१५४.६ |
| लमजुङ | १३५०० | ९६३७ | ४८७२ | ३७७७ | ३९७४ | ३५७६० |
| स्याङजा | २२२९० | १७३५२ | ७५७० | ६४१३ | ३३५७ | ५६९८३ |
| कुलजम्मा | ९४८३६ | ६७३९२ | ४८०४२ | ४९३२० | ४७५७४ | ३०७१६४ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

८.१ आर्थिक वर्ष २०७७/०७८ मा कुल ७७ हजार ५२९ रोजगारी सिर्जना भएको थियो भने २०७८/०७९ मा १५ प्रतिशत घटेर ६६ हजार १८, २०७९/०८० मा २५.८ प्रतिशतले घटेर ४८ हजार ९८८, २०८०/०८१ मा १३.६ प्रतिशतले घटेर ४२ हजार ३३५ र २०८१/०८२ मा ४२ हजार ६४ पुगेको छ। पाँच वर्षमा रोजगारी सिर्जनामा करिब ४५.७ प्रतिशत गिरावट भएको छ। आर्थिक वर्ष २०८१/०८२ मा महिला रोजगारी १७ हजार ५७९ र पुरुष २३ हजार ४८५ रहेका छन्। पाँच वर्षमा महिला रोजगारीमा करिब ४६.७ प्रतिशत र पुरुष रोजगारीमा करिब ४७.२ प्रतिशत घटेको छ।

तालिका ५७: रोजगारी सिर्जनाको विवरण




स्रोतः उद्योग तथा पर्यटन मन्त्रालयको MIS प्रणाली,२०८२

८.२ आर्थिक वर्ष २०७७/०७८ मा १ हजार १५ फर्म दर्ता भए पनि २०७८/०७९ मा करिब शत प्रतिशत सहित १६ प्रतिशत बढीले वृद्धिभई २ हजार १९६ पुगेको छ। यद्यपि २०७९/०८० मा फर्म संख्या ७८ प्रतिशत कमी भई ४६६ मा झरेको छ, तर पछिल्ला दुई वर्षमा पुनः वृद्धि भई २०८१/०८२ मा ९७८ पुगेको छ। कास्की जिल्लामा सबैभन्दा बढी ५ हजार ३८० र मनाङमा सबैभन्दा कम १३ वटा रहेको छ।

८.३ लैङ्गिक दृष्टिले हेर्दा, अधिकांश जिल्लामा महिला लगानीकर्ताको संख्या पुरुषभन्दा बढी छ। कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू.), पर्वत, म्याग्दी र लमजुङमा महिलाको सहभागिता उल्लेख्य छ। गोरखा र मुस्ताङ जिल्लामा पुरुषको उपस्थिति तुलनात्मक रूपमा बढी छ।

तालिका ५८: पछिल्लो पाँच वर्षमा दर्ता भएका वाणिज्य फर्महरुको संख्या

| जिल्ला | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा |
|---|---|---|---|---|---|---|
| कास्की | १०१५ | २१९६ | ४६६ | ७२५ | ९७८ | ५३८० |
| गोरखा | ४७५ | २६२ | १७० | १६८ | ९५ | ११७० |
| तनहुँ | ९१६ | १४२ | ३२५ | ३८१ | २९२ | २०५६ |
| नवलपरासी (ब.सु.पू.) | १३४६ | ११३४ | ४८७ | २९९ | २०१ | ३४६७ |
| पर्वत | २५० | २४८ | १४३ | १०१ | ६७ | ८०९ |
| बागलुङ | ३०७ | १२२ | १३४ | १०४ | ६८ | ७३५ |
| मनाङ | २ | ४ | १ | १ | ५ | १३ |
| मुस्ताङ | २८ | १९ | १२ | ११ | १६ | ८६ |
| म्याग्दी | २३८ | २०८ | १४९ | ११६ | ८४ | ७९५ |
| लमजुङ | ५८९ | ४०७ | २४५ | १७९ | १६० | १५८० |
| स्याङजा | ७९६ | ६४३ | २६१ | १८९ | १४७ | २०३६ |
| कुल जम्मा | ५९६२ | ५३८५ | २३९३ | २२७४ | २११३ | १८१२७ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

८.४ आर्थिक वर्ष २०८१/८२ सम्म प्रदेशको वाणिज्य फर्महरूको कुल लगानीमध्ये सबैभन्दा बढी कास्की जिल्लामा रु. २८ अर्ब ९० करोड ४५ लाख रहेको छ। मनाङ जिल्लामा सबैभन्दा कम लगानी रु. २ करोड ३७ लाख रहेको छ। हिमाली तथा दुर्गम भौगोलिक अवस्था, सीमित बजार पहुँच र न्यून आर्थिक गतिविधिका कारण कतिपय जिल्लाहरूमा लगानी कम भएको अनुमान गर्न सकिन्छ। समग्रमा प्रदेशको कुल वाणिज्य फर्म लगानी रु. १ खर्ब २१ अर्ब ८६ करोड ९० लाख रहेकोमा अधिकांश लगानी शहरी तथा व्यापारिक केन्द्र केन्द्रित जिल्लाहरूमा रहेको छ।

### तालिका ५९: वाणिज्य फर्महरुको लगानी (रु. लाखमा)

| जिल्ला | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा |
|---|---|---|---|---|---|---|
| कास्की | १४७२२.४९ | २२९७५७.२ | ९३६८ | १५१९३.४ | २०००४.२५६ | २८९०४५.३ |
| गोरखा | १४८०२७.३ | १०२३९६.२ | २४८८.५ | २५४३ | १६०६.०११ | २५७०६१.१ |
| तनहुँ | १०२४५.८३ | २०५२.६ | ४१७८.८ | ५३९०.५ | ३५९३.५ | २५४६१.२३ |
| नवलपरासी(ब.सु.पू.) | १२०६२७.८ | २१३५३.९४ | ७९३६ | ६१३६.७८ | ३५५८ | १५९६१२.५ |
| पर्वत | ३४२४.५ | ४२८१.७ | २७०७.९५ | १४३३ | ८२७ | १२६७४.१५ |
| बागलुङ | ५२८२ | १७८३.०५ | २७०८.५ | २३६४ | १४६९ | १३६०६.५५ |
| मनाङ | २० | ५८ | १० | १० | १३९.७५ | २३७.७५ |
| मुस्ताङ | ४३४ | ३०९ | १४८ | ९५ | १७८ | ११६४ |
| म्याग्दी | ३१९३.३ | २५६७.१ | २३८५.५ | १७५७ | १३७७ | ११२७९.९ |
| लमजुङ | १०५५०८.९ | ४७३७ | ३८०७ | २८५१ | २२१९.३६१ | ११९१२३.२ |
| स्याङ्जा | २०७१११.५ | १०९९६५.९ | ५६८१.५ | ४०५२ | २६१३ | ३२९४२३.९ |
| कुलजम्मा | ६१८५९७.७ | ४७९२६१.७ | ४१४१९.७५ | ४१८२५.६८ | ३७५८४.८७८ | १२१८६९० |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालयको MIS प्रणाली, २०८२

८.५ आर्थिक वर्ष २०८१/८२ सम्म उद्योग र वाणिज्य दुवै क्षेत्रमा प्रारम्भिक वर्षमा दर्ता संख्या उल्लेख्य भए पनि पछिल्ला वर्षमा क्रमशः कमी हुँदै गएको छ। विशेष गरी उद्योग दर्ता संख्यामा निरन्तर गिरावट देखिएको छ भने वाणिज्य फर्ममा उतार–चढाव भए पनि केही जिल्लामा वृद्धि भएको छ। खारेजीको संख्या उल्लेख्य रूपमा बढ्नु प्रदेशको आर्थिक गतिविधिको स्थायित्वमा चुनौतीको संकेत हो। गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू.), पर्वत, बागलुङ, म्याग्दी, लमजुङ र स्याङ्जामा उद्योग तथा वाणिज्य फर्म खारेजीको दर उच्च देखिन्छ। कास्की र मुस्ताङ जिल्लामा भने तुलनात्मक रूपमा खारेजी दर कम रहेको छ।

### तालिका ६०: खारेजी र सक्रिय उद्योग तथा वाणिज्य फर्मको विवरण

| क्र.सं. | जिल्ला | औद्योगिक प्रतिष्ठानको संख्या | | | वाणिज्य फर्मको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | सक्रिय | खारेज | जम्मा | सक्रिय | खारेज | जम्मा |
| १ | कास्की | १९१८२ | १०८२ | २०२६४ | २४६६६ | १७६५ | २६४३१ |
| २ | गोरखा | ५९५९ | ४८१ | ६४४० | ४८०८ | ४२८ | ५२३६ |
| ३ | तनहुँ | १११६० | ७४४ | ११९०४ | ७४१२ | ७६९ | ८१८१ |
| ४ | नवलपरासी (ब.सु.पू.) | ६७८२ | ४५३ | ७२३५ | ८६१३ | ५९८ | ९२११ |
| ५ | पर्वत | ३३९५ | २७३ | ३६६८ | ३१७० | ३६८ | ३५३८ |
| ६ | बागलुङ | २६०९ | १३९ | २७४८ | ३२१३ | १७९ | ३३९२ |
| ७ | मनाङ | ५१९ | १० | ५२९ | ९६ | ४ | १०० |
| ८ | मुस्ताङ | १२०८ | ५१ | १२५९ | ३६७ | २० | ३८७ |
| ९ | म्याग्दी | २७८१ | ९३ | २८७४ | २६६४ | १०१ | २७६५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | लमजुङ | ५१७७ | ५३५ | ५७१२ | ४५१३ | ७७१ | ५२८४ |
| ११ | स्याङ्जा | ७२११ | ५९२ | ७८०३ | ५७६३ | ५१२ | ६२७५ |
| | कुल जम्मा | ६५९८३ | ४४५३ | ७०४३६ | ६५२८५ | ५५१५ | ७०८०० |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

८.६ आर्थिक वर्ष २०८०/८१ मा पर्यटन तथा उद्योग कार्यालयहरूबाट तीनवटा बिधामा १४८ थान प्रविधि हस्तान्तरण गरिएको छ। सञ्चालित उद्यम प्रवर्द्धनको लागि साझेदारीमा १४२ थान र महिला उद्यमीको व्यवसायिक विकासको लागि ६ थान हस्तान्तरण भएको छ। आर्थिक वर्ष २०८१/८२ मा जम्मा १६० थान प्रविधि हस्तान्तरण गरिएकोमा सबै सञ्चालित उद्यम प्रवर्द्धनको लागि साझेदारीमा हस्तान्तरण भएको छ।

तालिका ६१: प्रविधि हस्तान्तरण (थान)

| क्र.सं. | जिल्ला | आर्थिक बर्ष २०७९/८० | | | | आर्थिक बर्ष २०८०/८१ | | | | आर्थिक बर्ष २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क | ख | ग | जम्मा | क | ख | ग | जम्मा | क | ख | ग | जम्मा |
| १ | निर्देशनालय | | | | | | | | | ० | ० | २५ | २५ |
| २ | कास्की | ११ | ० | ७ | १८ | ० | ६ | ४ | १० | ० | ० | ५ | ५ |
| ३ | गोरखा | १२ | ० | १६ | २८ | ० | ० | २३ | २३ | ० | ० | १६ | १६ |
| ४ | तनहुँ | ११ | ० | १६ | २७ | ० | ० | १८ | १८ | ० | ० | १७ | १७ |
| ५ | नवलपरासी (ब.सु.पू.) | ८ | ० | ७ | १५ | ० | ० | १५ | १५ | ० | ० | १० | १० |
| ६ | पर्वत | १५ | ० | १३ | २८ | ० | ० | २२ | २२ | ० | ० | १६ | १६ |
| ७ | बागलुङ | २८ | १४ | ९ | ५१ | ० | ० | ८ | ८ | ० | ० | १४ | १४ |
| ८ | मनाङ | ५ | ० | ८ | १३ | ० | ० | ८ | ८ | ० | ० | ९ | ९ |
| ९ | मुस्ताङ | २ | ६ | ० | ८ | ० | ० | ५ | ५ | ० | ० | ४ | ४ |
| १० | म्याग्दी | ६ | ० | ५ | ११ | ० | ० | ११ | ११ | ० | ० | १२ | १२ |
| ११ | लमजुङ | ९ | ० | १५ | २४ | ० | ० | ७ | ७ | ० | ० | ११ | ११ |
| १२ | स्याङ्गजा | १३ | ० | २१ | ३४ | ० | ० | २१ | २१ | ० | ० | २१ | २१ |
| | जम्मा | १२० | २० | ११७ | २५७ | ० | ६ | १४२ | १४८ | ० | ० | १६० | १६० |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८१

क. दलित विपन्न तथा परम्परागत सीप भएकालाई वितरण गरिएको परिमाण

ख. महिला उद्यमिको व्यवसायिक विकासको लागी वितरण गरिएको परिमाण

ग. सञ्चालित उद्यम प्रवर्द्धनको लागी साझेदारीमा वितरण गरिएको परिमाण

८.७ आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा सीपमुलक उद्यमविकास तालिम लिनेहरूको संख्या ७७१ रहेकोमा २०.७ प्रतिशतले घटेर ६११ मा झरेको छ। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म तालिम लिने सहभागीको संख्या १२६ महिला र ९८ जना पुरुष रहेको छ।

### तालिका ६२: सीपमुलक उद्यमविकास तालिमबाट लाभान्वितको विवरण

| जिल्ला | आर्थिक वर्ष २०७८/७९ | | | आर्थिक वर्ष २०७९/८० | | | आर्थिक वर्ष २०८०/८१ | | | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३* | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कास्की | ४४ | २० | ६४ | ६८ | ४८ | ११६ | २५ | १५ | ४० | १४ | ६ | २० | ० | ० | ० |
| गोरखा | १८८ | ५४ | २४२ | ८९ | ३८ | १२७ | ४१ | ० | ४१ | ३८ | ० | ३८ | ० | ० | ० |
| तनहुँ | २६० | २६ | २८६ | ६५ | ५२ | ११७ | ९९ | ७९ | १७८ | १२३ | ९ | १३२ | २१ | ० | २१ |
| नवलपरासी(ब.सु.पू.) | १४७ | ७६ | २२३ | १५० | ४१ | १९१ | ३० | २३ | ५३ | २२ | १४ | ३६ | ० | ० | ० |
| पर्वत | २३५ | ६९ | ३०४ | ९५ | ० | ९५ | १५ | ५४ | ६९ | १७ | ४८ | ६५ | ३ | ७१ | ७४ |
| बागलुङ | ३२७ | ११२ | ४३९ | १८६ | २० | २०६ | ४१ | ४१ | ८२ | १५ | २० | ३५ | ३६ | १० | ४६ |
| मनाङ | ९० | २२ | ११२ | ९२ | २१ | ११३ | ४८ | ५ | ५३ | ५४ | २१ | ७५ | ० | ० | ० |
| मुस्ताङ | ५७ | ५५ | ११२ | ८ | २९ | ३७ | ७ | ३१ | ३८ | १२ | ३९ | ५१ | ० | ० | ० |
| म्याग्दी | १५० | २२ | १७२ | ८५ | ६४ | १४९ | १५ | ३७ | ५२ | ३५ | ३१ | ६६ | ० | ० | ० |
| लमजुङ | २३९ | ५७ | २९६ | ९४ | ७६ | १७० | ६५ | ३३ | ९८ | ३३ | २ | ३५ | ६६ | १७ | ८३ |
| स्याङ्गजा | २४२ | १६७ | ४०९ | १०६ | ५२ | १५८ | ५६ | ११ | ६७ | ४५ | १३ | ५८ | ० | ० | ० |
| जम्मा | १९७९ | ६८० | २६५९ | १०३८ | ४४१ | १४७९ | ४४२ | ३२९ | ७७१ | ४०८ | २०३ | ६११ | १२६ | ९८ | २२४ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२  * फागुन मसान्तसम्म

## पर्यटन

८.८ गण्डकी प्रदेशको राजधानी पोखरा पर्यटकीय राजधानीको रुपमा घोषणा भएको छ। गण्डकी प्रदेश जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधतायुक्त प्रदेश हो। प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा 'प्रदेश समृद्धिको आधार पर्यटनको दिगो विकास' लाई पर्यटन क्षेत्रको दीर्घकालीन सोच बनाइएको छ।

८.९ प्रदेशको पञ्चवर्षीय योजनाले पहिचान गरेका ठूला पर्यटन पूर्वाधारमध्ये पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय वीमानस्थल सञ्चालनमा आएको छ। प्रदेश भित्र विभिन्न पर्यटन पदमार्ग निर्माण भई सञ्चालनमा आएका छन्।

## पर्यटक लक्षित घरवास कार्यक्रम

८.१० पर्यटनको वृहत सम्भावना रहेको गण्डकी प्रदेशमा गाउँ पर्यटन प्रवर्द्धनका लागि सामुदायिक घरवास (होमस्टे) परियोजना अन्तर्गत पर्यटन पूर्वाधार निर्माण र सञ्चालनमा रहेका छन्। सञ्चालनमा रहेका ३३२ सामुदायिक होमस्टेको पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम नियमित रुपमा हुँदै आएको छ। सबैभन्दा बढी होमस्टे तनहुँ र पर्वतमा रहेका छन् भने सबैभन्दा कम मनाङ जिल्लामा रहेका छन्।

### तालिका ६३: गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे

| जिल्ला | संख्या | अंश प्रतिशत |
|---|---|---|
| गोरखा | ३२ | ९.६ |
| लमजुङ | २८ | ८.४ |

| | | |
|---|---|---|
| तनहुँ | ५३ | १६.० |
| स्याङ्जा | ५० | १५.१ |
| कास्की | ४९ | १४.८ |
| मनाङ | ३ | ०.९ |
| मुस्ताङ | ४ | १.२ |
| म्याग्दी | १२ | ३.६ |
| पर्वत | ५३ | १६.० |
| बागलुङ | ३४ | १०.२ |
| नवलपरासी(ब.सु.पू.) | १४ | ४.२ |
| जम्मा | ३३२ | १००.० |

स्रोतःउद्योग तथा पर्यटनमन्त्रालय,२०८२

८.११ चालु आर्थिक वर्षको चैत मसान्तसम्म अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमण गर्ने पर्यटकको विवरण २ लाख ५१ हजार १८८ रहेको छ। जसमध्ये तेस्रो मुलुकबाट १ लाख १२०, सार्क राष्ट्रबाट १ लाख ५१ हजार ६८ रहेको छ। कुल पर्यटकमा पुरुष १ लाख ५३ हजार ९३८ र महिला ९७ हजार १६४ रहेका छन्। चैत महिनामा सबैभन्दा बढी ६५ हजार २४२ पर्यटक र साउन महिनामा सबैभन्दा कम ११ हजार ८२४ पर्यटकले भ्रमण गरेका छन्। तेस्रो मुलुकका पर्यटकको मुख्य रोजाइ कात्तिक महिनार सार्क राष्ट्रका पर्यटकको मुख्य रोजाइ चैत महिना रहेको छ।

तालिका ६४: अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमण गर्ने पर्यटकको विवरण

| महिना | विदेशी पर्यटक | | | | सार्क मुलुक | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा |
| साउन | १५७० | ११४० | ० | २७१० | ६९९७ | २११४ | ३ | ९११४ | ८५६७ | ३२५४ | ३ | ११८२४ |
| भदौ | ३१८५ | २७९० | २ | ५९७७ | ६२३२ | ४०६३ | ४ | १०२९९ | ९४१७ | ६८५३ | ६ | १६२७६ |
| असोज | ११०५० | ९४७१ | ७ | २०५२८ | ६००५ | ४०१० | ४ | १००१९ | १७०५५ | १३४८१ | ११ | ३०५४७ |
| कात्तिक | ११४८८ | १०१५१ | ४ | २१६४३ | ९०८९ | ५२१६ | ६ | १४३११ | २०५७७ | १५३६७ | १० | ३५९५४ |
| मंसिर | ३९१९ | ३२२० | ० | ७१३९ | ५५९४ | २२०५ | ३ | ७८०२ | ९५१३ | ५४२५ | ३ | १४९४१ |
| पुस | २९३२ | २६३३ | ५ | ५५७० | १८९०३ | ५४९८ | ९ | २४४१० | २१८३५ | ८१३१ | १४ | २९९८० |
| माघ | २६१९ | २३२९ | २ | ४९५० | ९१८० | २४८० | २ | ११६६२ | ११७९९ | ४८०९ | ४ | १६६१२ |
| फागुन | ६००६ | ५७५८ | १२ | ११७७६ | १११९३ | ६८३८ | ५ | १८०३६ | १७१९९ | १२५९६ | १७ | २९८१२ |
| चैत | १००७४ | ९७४८ | ५ | १९८२७ | २७९०२ | १७५०० | १३ | ४५४१५ | ३७९७६ | २७२४८ | १८ | ६५२४२ |
| जम्मा | ५२८४३ | ४७२४० | ३७ | १००१२० | १०१०९५ | ४९९२४ | ४९ | १५१०६८ | १५३९३८ | ९७१६४ | ८६ | २५११८८ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

८.१२ अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमणमा आएका कुल २ लाख ५१ हजार १८८ पर्यटकमध्ये ट्राभल एजेन्सी मार्फत १ लाख ७६ हजार २५ जना र व्यक्तिगत रूपमा ७५ हजार १६३ जनाले अनुमति

लिएका छन्। एजेन्सी मार्फत १लाख २ हजार ८१० सार्क मुलुकका र ७३ हजार २१५ जना तेस्रो मुलुकका पर्यटकले अनुमति लिएका छन्। व्यक्तिगत रूपमा ४८ हजार २५८ सार्क मुलुकका र २६ हजार ९०५ जना तेस्रो मुलुकका पर्यटकले अनुमति लिएका छन्।

### तालिका ६५: पदयात्रा अनुमति लिनेको विवरण

| महिना | ट्राभल एजेन्सी मार्फत अनुमति लिने | | | व्यक्तिगत रुपमा अनुमति लिने | | |
|---|---|---|---|---|---|---|
| | विदेशी पर्यटक | सार्क मुलुक | जम्मा | विदेशी पर्यटक | सार्क मुलुक | जम्मा |
| साउन | १७८६ | ५३७३ | ७१५९ | ९२४ | ३७४१ | ४६६५ |
| भदौ | ३८६६ | ५६७१ | ९५३७ | २१११ | ४६२८ | ६७३९ |
| असोज | १३४३७ | ५९७८ | १९४१५ | ७०९१ | ४०४१ | १११३२ |
| कात्तिक | १४६७० | ८३२३ | २२९९३ | ६९७३ | ५९८८ | १२९६१ |
| मंसिर | ४८७४ | ४४१० | ९२८४ | २२६५ | ३३९२ | ५६५७ |
| पुस | ३७८४ | १५८६० | १९६४४ | १७८६ | ८५५० | १०३३६ |
| माघ | ३८६४ | ७४५६ | ११३२० | १०८६ | ४२०६ | ५२९२ |
| फागुन | ९७५७ | १४०८८ | २३८४५ | २०१९ | ३९४८ | ५९६७ |
| चैत | १७१७७ | ३५६५१ | ५२८२८ | २६५० | ९७६४ | १२४१४ |
| जम्मा | ७३२१५ | १०२८१० | १७६०२५ | २६९०५ | ४८२५८ | ७५१६३ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

८.१३ अन्नपूर्ण संरक्षण क्षेत्रमा भ्रमण गर्ने पर्यटकमध्ये सबैभन्दा धेरै ५७.८६ प्रतिशत भारतबाट आउने गरेका छन्। अन्नपूर्ण क्षेत्रका विभिन्न पदमार्गमध्ये जोमसोम मुक्तिनाथ ट्रेक पर्यटकको सबैभन्दा बढी रोजाइमा परेको छ।कुल २ लाख ५१ हजार १८८ ट्रेक पर्यटक मध्ये १ लाख ३४ हजार ४३२ जनाले जोमसोम मुक्तिनाथ ट्रेक यात्रा गरेको देखिन्छ। दोस्रो र तेस्रो लोकप्रिय मार्गका रूपमा अन्नपूर्ण स्यान्चुरी/एबीसी ट्रेक ३७ हजार ५४६ र अन्नपूर्ण सर्किट/राउन्ड अन्नपूर्ण ट्रेक ३३ हजार २०८ रहेका छन्। सबैजसो पदमार्गहरूमा महिलाको तुलनामा पुरुष पर्यटकको संख्या बढी रहेको छ। कुल १ लाख ५३ हजार ९३८ पुरुष, ९७ हजार १६४ महिला र ८६ अन्य पर्यटक रहेका छन्।

### तालिका ६६: पर्यटकले प्रयोग गरेको पदमार्ग

| पदमार्ग | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| Annapurna Circuit/Round Annapurna Trek | १९८०१ | १३३९७ | १० | ३३२०८ |
| Annapurna I Trek (Maurice Herzog Trail) | २२२ | १७० | ० | ३९२ |
| Annapurna Sanctuary (ABC) Trek | २२२६० | १५२८० | ६ | ३७५४६ |
| Dhampus Trek | ९२६ | ९०३ | ० | १८२९ |
| Ghalegaun Bhujung/Ghanpokhara Trek | ३६८ | ३१५ | ० | ६८३ |
| Ghalekharka Sikles Eco Trek | २८४ | २२९ | ० | ५१३ |
| Ghandruk / Ghorepani / Poon Hill Trek | ९२१५ | ८७४७ | १२ | १७९७४ |

| | | | | |
|---|---|---|---|---|
| Jomosm Muktinath Trek | ८६१२० | ४८२६३ | ४९ | १३४४३२ |
| Kharpani (Tatopani) | ५०७ | ३९९ | ० | ९०६ |
| Khayar Baraha Trek | ७४२ | ६१९ | १ | १३६२ |
| Machhapuchhre Model Trek | ३२७ | २६६ | ० | ५९३ |
| Manang Trek | ३६९५ | १४३७ | १ | ५१३३ |
| Mardi Himal Trek | ५४६२ | ४४०३ | २ | ९८६७ |
| Nar Phoo Trek (Special Permit Required) | ८३३ | ५५६ | १ | १३९० |
| Sikles Trek | ४०३ | ३३४ | ० | ७३७ |
| Tilicho Tal Trek | ११७३ | ६२७ | २ | १८०२ |
| Upper Mustang Trek (Special Permit Required) | १६०० | १२१९ | २ | २८२१ |
| Total | १५३९३८ | ९७१६४ | ८६ | २५११८८ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

८.१४ आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशमा दर्ता भएका उद्योग र फर्मबाट रु ५ करोड ६४ लाख ४५ हजार ८ सय ८० प्रदेश सरकारलाई राजस्व आम्दानी भएको छ।

तालिका ६७: पर्यटन तथा उद्योग कार्यालयबाट संकलित राजस्व

| आर्थिक वर्ष | राजस्व रकम रु. |
|---|---|
| २०७६-७७ | ७०५१५५ |
| २०७७-७८ | ८९८४९३४१ |
| २०७८-७९ | ६३६६८१२१ |
| २०७९-८० | ६०९६३४७१ |
| २०८०-८१ | ४५०४६१५४ |
| २०८१-८२ | ७८८९९२५६ |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय,२०८२

## प्रदेश भित्र दर्ता भएका फर्म तथा प्रतिष्ठानहरू

८.१५ चालु आर्थिक वर्ष २०८२/८३ फागुनसम्म गण्डकी प्रदेश भित्र कार्यक्षेत्र रहेका आन्तरिक राजस्व कार्यालयहरूमा जम्मा ६ लाख २२ हजार ७८८ करदाताले स्थायी लेखा नम्बर लिएका छन्। सो मध्ये व्यक्तिगत स्थायी लेखा नम्बर ४ लाख १९ हजार २२८ र डब्लु पान ४ हजार २७७ दर्ता भएको देखिन्छ।

चार्ट ३०: प्रदेश भित्र फर्म दर्ताको विवरण (प्रतिशतमा)



### तालिका ६८: दर्ता भएका फर्महरूको विवरण

| क्र.स. | विवरण | २०८२ फागुन मसान्तसम्म | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पोखरा | स्याङ्जा | बागलुङ | पर्वत | दमौली | गोरखा | लमजुङ | नवलपरासी (ब.सु.पू.) | जम्मा |
| १ | एकलौटी | ५५४६२ | ११५७५ | १८४१७ | ७२०६ | २२१२३ | ११९१२ | ८३१७ | २२६७५ | १५७६८७ |
| २ | साझेदारी | ९९७ | १५४ | ४६५ | ८७ | २६२ | १३० | ११९ | ६३० | २८४४ |
| ३ | प्रा.लि. | ११११६ | ४३५ | ११६७ | १८४ | २१६० | ४८७ | २९६ | १७५३ | १७५९८ |
| ४ | अन्य | ४७४२ | २३७३ | २९१८ | ११४२ | ३४४३ | २८७६ | १९०९ | १७५१ | २११५४ |
| **५** | **आयकरमा जम्मा** | **७२३१७** | **१४५३७** | **२२९६७** | **८६१९** | **२७९८८** | **१५४०५** | **१०६४१** | **२६८०९** | **१९९२८३** |
| ६ | मूल्य अभिवृद्धि कर | १४५६४ | ० | २३९३ | ० | ४७७७ | ० | ० | २९०६ | २४६४० |
| ७ | अन्तःशुल्क | ४७१० | ७५२ | १६१९ | ५१७ | २०८५ | ५८३ | ४२० | १८२७ | १२५१३ |
| ८ | व्यक्तिगत PAN | २२९९३५ | १३८२३ | ५६९२१ | ६७५ | ६११८७ | १८८३ | १४२८ | ५३३७६ | ४१९२२८ |
| ९ | W-PAN | ५७७ | ४९७ | १०१६ | ३५६ | ५३३ | ५११ | ३७५ | ४१२ | ४२७७ |
| **कूल जम्मा (५+८+९)** | | **३०२८२९** | **२८८५७** | **८०९०४** | **९६५०** | **८९७०८** | **१७७९९** | **१२४४४** | **८०५९७** | **६२२७८८** |

स्रोतः आन्तरिक राजस्व कार्यालय पोखरा, २०८२

## एक स्थानीय तह एक औद्योगिक ग्राम

८.१६ नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको नीति अनुरुप गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन भई सम्भाव्य देखिएका ५१ स्थानीय तहमध्ये नेपाल सरकारले २६ स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरेको छ।

## प्रदेश औद्योगिक क्षेत्र

८.१७ आर्थिक वर्ष २०७९/८० मा लोकाहा खोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व र पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ-कास्की गरी दुई औद्योगिक क्षेत्र निर्माण गर्ने निर्णय भएकोमा हाल विस्तृत आयोजना प्रतिवेदन तयार भइरहेको छ। जग्गा भोगाधिकार प्राप्तिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई नेपाल सरकार समक्ष अनुरोध गरिएको छ।

### तालिका ६९: प्रदेश औद्योगिक क्षेत्रको अवस्था

| नाम | क्षेत्रफल |
|---|---|
| पूँडिटार औद्योगिक क्षेत्र, कास्की/तनहुँ | १०४.१९हेक्टर |
| लोकाहा खोला औद्योगिक क्षेत्र, नवलपरासी (ब.सु.पू.) | ९५ हेक्टर |

स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, २०८२

# ९. सामाजिक क्षेत्र

## शिक्षा

९.१ आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ८.८६ प्रतिशत रहने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा ९.२२ प्रतिशत पुग्ने अनुमान गरिएको छ। गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०८१/८२ मा ९.३८ प्रतिशत रहने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा ९.६९ प्रतिशत पुग्ने अनुमान छ।

चार्ट ३१: कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ * प्रारम्भिक अनुमान **संशोधित अनुमान

९.२ राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.५७ प्रतिशत र ५ वर्ष माथिको साक्षरता दर ८१.७ प्रतिशत रहेको छ। सबैभन्दा बढी साक्षरता दर कास्कीमा ८७.७ र कम गोरखा जिल्लामा ७२.४ रहेको छ।

चार्ट३२: जिल्लागत साक्षरता दर (५वा +उमेर समूह)




स्रोतः सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, २०८२

## विद्यालय, विद्यार्थी र शिक्षक

९.३ शैक्षिक वर्ष २०७५ मा कुल विद्यालय संख्या ४ हजार ३५० रहेकोमा शैक्षिक वर्ष २०८२ मा ३ हजार ८१३ मा सीमित भएको छ। आधारभूत तह (कक्षा१-५) मा पढाई हुने विद्यालयको तुलनामा माध्यमिक तहमा पढाई हुने विद्यालयको संख्या कम रहेको छ।

तालिका ७०: प्रदेशका विभिन्न तहका विद्यालयको विवरण (शैक्षिक सत्र अनुसार)

| विद्यालय तह | २०७६ | | २०७७ | | २०७८ | | २०७९ | | २०८० | | २०८१ | | २०८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| आधारभूत (कक्षा१-५) | २१८४ | १५२ | २१८४ | १५२ | २००६ | ९६ | १९६१ | १०३ | १९२३ | १३४ | १८१३ | १३२ | १७३२ | १५५ |
| आधारभूत (कक्षा १-८) | ५४५ | ७९ | ५४५ | ८१ | ५७० | १०९ | ५२९ | ११५ | ५२४ | ११५ | ४८३ | ११३ | ४७७ | १०८ |
| माध्यमिक (कक्षा ९-१०) | ५०९ | २३४ | ५०९ | २३४ | ४७५ | २५५ | ४६२ | २५५ | ४६७ | २७० | ४४६ | २६० | ४८१ | २८० |
| माध्यमिक (कक्षा ११-१२) | ४९० | १२४ | ४९० | १२४ | ४७१ | १२२ | ४८९ | ११६ | ४९३ | ११८ | ५०५ | १३८ | ४६६ | ११४ |
| जम्माविद्यालय | ३७२८ | ५८९ | ३७२८ | ५९१ | ३५२२ | ५८२ | ३४४१ | ५८९ | ३४०७ | ६३७ | ३२४७ | ६४३ | ३१५६ | ६५७ |

स्रोतः IEMIS, २०८२/सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

९.४ प्रदेशका सबै तहका विद्यालयमा संस्थागतको तुलनामा सामुदायिक विद्यालयको संख्या बढी छ। सामुदायिकतर्फ आधारभूत (१-५) मा ४५.४२ प्रतिशत, आधारभूत (१-८) मा १२.५१ प्रतिशत, माध्यमिक (९-१०) मा १२.६१ प्रतिशत र माध्यमिक (कक्षा ११-१२) मा १२.२२ प्रतिशत रहेको छ। संस्थागततर्फ आधारभूत (१-५) मा ४.०७ प्रतिशत, आधारभूत (१-८) मा २.८३ प्रतिशत, माध्यमिक (९-१०) मा ७.३४ प्रतिशत र माध्यमिक (कक्षा ११-१२) मा २.९९ प्रतिशत रहेको छ।

चार्ट ३३: गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र २०८२)




स्रोतः IEMIS, २०८२/सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

९.५ गण्डकी प्रदेशमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीको संख्या ५ लाख १ हजार ९४ रहेकोमा २०८२ मा ४ लाख ८६हजार ४०६छ। शैक्षिक सत्र २०८२ मा अध्ययनरत विद्यार्थीमध्ये छात्रा ४६.९९ र छात्र ५४.३३ प्रतिशत रहेका छन्।

९.६ प्राथमिक देखि माध्यमिक तहसम्म छात्र छात्राको वृद्धिदर ऋणात्मक छ। कक्षा १ देखि १२ सम्ममा छात्रको तुलनामा छात्रा घट्ने दर बढेको छ। जसमा कुल छात्राको संख्या ३.४८ प्रतिशत र छात्रको संख्या २.४४ प्रतिशतले घटेको छ। विशेष गरी कक्षा ११–१२ मा छात्राको संख्या सबैभन्दा बढी ४.२१ प्रतिशतले घटेको छ।

तालिका ७१: प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार)

| विद्यालयतह | छात्रा/छात्र | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत(१-५) | छात्रा | १२५५७८ | १२४४३९ | ११६५३९ | ११६४१७ | ११२००० | १०६७१० | १०२९८८ |
| | छात्र | १३७३५८ | १३६५७१ | १३२४०३ | १३३१७९ | १२९००० | १२३६८७ | ११९८९६ |
| आधारभूत(६–८) | छात्रा | ७८५८१ | ८०१९५ | ६९६१२ | ६९०३४ | ६७६०० | ६४३४४ | ६२३८० |
| | छात्र | ७९४७१ | ८२१२० | ७४९७४ | ७५९९८ | ७६००० | ७२९२८ | ७१२२६ |
| आधारभूत(१–८) | छात्रा | २०४१५९ | २०४६३४ | १८६१५१ | १८५४५१ | १७९५०० | १७१०५४ | १६५३६८ |
| | छात्र | २१६८२९ | २१४६९१ | २०७३७७ | २०९१७७ | २०४९०० | १९६६१५ | १९११२२ |
| माध्यमिक(९-१०) | छात्रा | ५०५६३ | ५१८२८ | ४७०३० | ४५१८० | ४२७०० | ४०१३५ | ३८६६३ |
| | छात्र | ४९६७४ | ५०९७२ | ४७६२९ | ४६३९५ | ४४८०० | ४२३९५ | ४१२६९ |
| माध्यमिक(११–१२) | छात्रा | ३६०६९ | ३६१६१ | ३७६८१ | ३३७५१ | ३२२०० | २५६११ | २४५३४ |
| | छात्र | ३५३५२ | ३५३९६ | ३६४८३ | ३२६३२ | ३१००० | २५२८४ | २५४५० |
| माध्यमिक (९–१२) | छात्रा | ८६६३२ | ८७९८९ | ८४७११ | ७८९३१ | ७५००० | ६५७४६ | ६३१९७ |
| | छात्र | ८५०२६ | ८६३६८ | ८४११२ | ७९०२७ | ७५८०० | ६७६७९ | ६६७१९ |
| जम्मा विद्यार्थी | छात्रा | २९०७९१ | २९२६२३ | २७०८६२ | २६४३४२ | २५४५०० | २३६८०० | २२८५६५ |
| | छात्र | ३०१८५५ | ३०५०५९ | २९१४८९ | २८८२०४ | २८०७०० | २६४२९४ | २५७८४१ |
| | जम्मा | ५९२६४६ | ५९७६८२ | ५६२३५१ | ५५२५८६ | ५३५३०० | ५०१०९४ | १०२९८८ |

| विद्यालय तह | छात्रा/छात्र | प्रतिशत परिवर्तन (२०८२–२०८१) |
|---|---|---|
| आधारभूत (१-५) | छात्रा | –३.४९ |
| | छात्र | –३.०६ |
| आधारभूत(६-८) | छात्रा | –३.०५ |

| | | |
|---|---|---|
| | छात्र | -२.३३ |
| आधारभूत(१-८) | छात्रा | -३.३२ |
| | छात्र | -२.७९ |
| माध्यमिक(९-१०) | छात्रा | -३.६७ |
| | छात्र | -२.६६ |
| माध्यमिक(११-१२) | छात्रा | -४.२१ |
| | छात्र | ०.६६ |
| माध्यमिक (९-१२) | छात्रा | -३.८८ |
| | छात्र | -१.४२ |
| जम्मा विद्यार्थी | छात्रा | -३.४८ |
| | छात्र | -२.४४ |

स्रोतः IEMIS, २०८२/सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

९.७ गण्डकी प्रदेशमा आधारभूत तहको तुलनामा माध्यमिक तहको खुद विद्यार्थी भर्ना दर तुलनात्मक रूपमा न्यून रहेको छ। माध्यमिक तह (११-१२) को खुद भर्ना दर शैक्षिक सत्र २०८२ मा गिरावट आएको छ।

तालिका ७२: गण्डकी प्रदेशमा तहगत खुद विद्यार्थी भर्ना दर (शैक्षिक सत्र अनुसार)

| तह अनुसार विद्यालय | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (१-५) | ९६ | ९७.१ | ९७.८ | ९६.९४ | ९७ | ९५.४ | ९५.२ | ९५.४५ |
| आधारभूत तह (६-८) | ९४.३ | ९५.६ | ९६.३ | ९७.०७ | ९७.७ | ९४.६ | ९३.३ | १०० |
| आधारभूत तह (१-८) | ९५.१ | ९६.४ | ९७ | ९७ | ९७.१ | ९५ | ९४.४ | ९६.१५ |
| माध्यमिक तह (९-१०) | ७०.८ | ७२.१ | ७३.५ | ७३.०५ | ७९.६६ | ७७.१ | ७२.६ | ७८.२५ |
| माध्यमिक तह (११-१२) | २३.७ | २५.३ | ३१.९ | ३३.९६ | ३५.१६ | ४०.६ | ४३.१ | २२.०८ |
| माध्यमिक तह (९-१२) | ४७.२ | ४८.७ | ५२.७ | ५३.५ | ५७.४१ | ५८.८ | ५७.९ | ४४.९ |

स्रोतः IEMIS, २०८२/सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

९.८ गण्डकी प्रदेशको कक्षा (१-५) को खुद भर्ना दर ९५.४ र कक्षा (११-१२) को खुद भर्ना दर २२.१ प्रतिशत रहेको छ। बागमती र कर्णाली प्रदेशमा कक्षा (१-५) को खुद भर्ना दर शत प्रतिशत रहेको छ। कक्षा (११-१२) मा सबैभन्दा धेरै बागमती प्रदेशको खुद भर्ना दर ३५.१ रहेको छ।

### तालिका ७३ः प्रदेशगत रूपमा संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना

| प्रदेश/तह | विद्यालयको संख्या | | सामुदायिक विद्यालयमा कार्यरत शिक्षक | | | विद्यार्थी भर्ना (हजारमा) | | खुद भर्ना दर (कक्षा) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | स्थायी | अस्थायी | राहत | छात्रा | छात्र | १-५ | ११-१२ |
| कोशी | ५२३३ | १६८६ | १७५९३ | ८२५४ | ५७६५ | ५१८.९ | ५५२.५ | ९२.० | २२.४ |
| मधेश | ३४८४ | १९८७ | १०२८४ | ५४५३ | ४२६७ | ८२३.४ | ९०६.४ | ९५.२ | ११.७ |
| बागमती | ४४५१ | २१४८ | १८५१७ | ९७३७ | ७७२३ | ६३९.८ | ७३६.१ | १००.० | ३५.१ |
| गण्डकी | ३१५६ | ६५७ | १३४५३ | ५४८९ | ३१६९ | २२६.८ | २५५.७ | ९५.४ | २२.१ |
| लुम्बिनी | ४४३८ | १३४८ | १४१४२ | ११३७५ | ५८३२ | ५९०.४ | ६४५.८ | ९६.७ | १७.४ |
| कर्णाली | २९३३ | ३१४ | ६६१२ | ५६५५ | ३४५८ | २३२.२ | २३८.८ | १००.० | २१.६ |
| सुदूरपश्चिम | ३३१५ | ८०१ | ८६१३ | ८६४५ | ६०६७ | ३२९.५ | ३४४.७ | ९५.७ | १५.४ |
| जम्मा | २७०१० | ८९४१ | ८९२१४ | ५४६०८ | ३६२८१ | ३३६०.९ | ३६७९.९ | ९७.९ | २०.५ |

स्रोतः आर्थिक सर्वेक्षण, २०८३

९.९ शैक्षिक वर्ष २०८२ मा सामुदायिक विद्यालयमा अस्थायी र राहत कोटामा कार्यरत शिक्षक संख्या ९ हजार १८४ र ३ हजार २५२ रहेको छ। शैक्षिक वर्ष २०८१ मा गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा कार्यरत सबै प्रकारका शिक्षकको संख्या जम्मा २१ हजार २५५ रहेकोमा शैक्षिक वर्ष २०८२ मा भने सो संख्या ५ हजार ४८३ ले थप भई जम्मा २६ हजार ७३८ पुगेको छ।

### तालिका ७४: सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको विवरण

| तह | दरबन्दी | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत(कक्षा १-५) | स्थायी | ७८९७ | ७८९७ | ११८४७ | १०६६२ | ११५१४ | ११५१४ | ९२५७ | १०१८० |
| | अस्थायी | ४७९२ | ४८९३ | ८५० | २०३५ | १३०४ | १३०४ | ३०९० | ३९४२ |
| | राहत | १४९९ | १५३५ | १६१५ | १६१५ | १५३५ | १५३५ | १३३५ | १३३५ |
| आधारभूत (कक्षा ६-८) | स्थायी | २२३७ | २२३७ | २६०१ | २४४१ | २३४८ | २३४८ | २१४५ | २२७१ |
| | अस्थायी | ४८० | ४८० | २२१ | ३८१ | ३६९ | ३६९ | ८४१ | २११२ |
| | राहत | १०७३ | १०८८ | १०७३ | १०७३ | १०८८ | १०८८ | १०४० | १०४० |
| माध्यमिक (कक्षा ९-१०) | स्थायी | २०४८ | २०७२ | २१०९ | २२०९ | २०५२ | २०५२ | १८६१ | १८५१ |
| | अस्थायी | १४७ | १४७ | २९६ | १९६ | १६७ | १६७ | ८०९ | २०२७ |
| | राहत | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७७ | ८७७ |
| माध्यमिक (कक्षा ११-१२) | अस्थायी | २५७ | ३३७ | ७५२ | ७५२ | ७५२ | ७५२ | २५५ | ११०३ |
| | राहत | ५८५ | ६०३ | ७३६ | ६३६ | ६०६ | ६०६ | ६०० | ६०० |
| जम्मा माध्यमिक (कक्षा १-१२) | स्थायी | १२१८२ | १२२०६ | १६५५७ | १५३१२ | १५९१४ | १५९१४ | १३२६३ | १४३०२ |
| | अस्थायी | ५६७६ | ५८५७ | १६२४ | २८६९ | २०९७ | २०९७ | ४७४० | ९१८४ |
| | राहत | ४०३६ | ४१०५ | ४२०४ | ४२०४ | ४१०८ | ४१०८ | ३२५२ | ३२५२ |
| कुल जम्मा | | २१८९४ | २२१६८ | २२३८५ | २२३८५ | २२११९ | २२११९ | २१२५५ | २६७३८ |

स्रोतः IEMIS, २०८२/सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

९.१० गण्डकी प्रदेशका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात शैक्षिक सत्र २०८२ मा गत शैक्षिक सत्र भन्दा बढी रहेको छ।

तालिका ७५: सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात

| विवरण | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | १३ | ११ | १३ | १३ | ११ | १७ | ९.१ | १४.४२ |
| आधारभूत तह (कक्षा ६–८) | ३४ | २९ | ३३ | २१ | २७ | ३८ | २२ | २४.६३ |
| माध्यमिक तह (कक्षा ९-१०) | २५ | २४ | २७ | १५ | २३ | २८ | १६.३ | १६.८१ |
| माध्यमिक तह (कक्षा ११–१२) | ७७ | ५४ | ५५ | ३९ | ५९ | ७३ | २९ | २९.३५ |

स्रोतः IEMIS, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

## धार्मिक विद्यालय

९.११ गण्डकी प्रदेशमा विभिन्न धार्मिक शैक्षिक संस्थाहरू क्रियाशील रहेका छन्। प्रदेशमा रहेका ६४ धार्मिक विद्यालयमध्ये २७ गुरुकुल, १३ गुम्बा विद्यालय तथा २४ मदरसा रहेका छन्। यस्ता संस्थाहरुका विद्यालयमा विभिन्न तहमा ३४२ छात्रा र २ हजार १०० छात्र गरी कुल २ हजार ४४२ विद्यार्थी अध्ययनरत छन्।

चार्ट ३४: गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी संख्या




स्रोतः IEMIS, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

## उच्च शिक्षा

९.१२ गण्डकी प्रदेशमा २ विश्वविद्यालय,१७ आङ्गिक क्याम्पस, ८३ सामुदायिक क्याम्पस तथा ५२ निजी गरी कुल १५२ उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्थाहरू रहेका छन्। शैक्षिक वर्ष २०८१ मा कुल विद्यार्थी भर्ना ४४ हजार १६८ रहेकोमा शैक्षिक सत्र २०८२ मा ५१ हजार ४७१ पुगेको छ। संकायगत रुपमा सबैभन्दा धेरै विद्यार्थी व्यवस्थापन संकायमा २३ हजार ३६ अध्ययनरत छन्।

तालिका ७६: प्रदेशका उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्था र विद्यार्थी भर्ना विवरण

| संकाय | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|
| | कुल विद्यार्थी | कुल विद्यार्थी | कुल विद्यार्थी |
| कृषि | ६०५ | ४१६ | ८४२ |
| शिक्षाशास्त्र | १०९९४ | ९२२८ | १२६८९ |
| इञ्जिनियरिङ | ४२२३ | ४४६७ | ४४२८ |
| वनविज्ञान | ० | ३७२ | ४३७ |
| मानविकी तथा समाजशास्त्र | २७२२ | २६९५ | २८६७ |
| कानुन | ७०८ | १२७५ | ६६९ |
| व्यवस्थापन | २२९०१ | २०१६० | २३०३६ |
| मेडिसिन | २९७४ | ३३८९ | ३५६४ |
| विज्ञान तथाप्रविधि | २७६९ | १९०९ | २४८६ |
| संस्कृत | ३४२ | २७५ | ४५३ |
| जम्मा | ४८२३८ | ४४१८६ | ५१४७१ |

स्रोतः IEMIS, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

९.१३ शैक्षिक वर्ष २०८१ मा माध्यमिक शिक्षा परीक्षामा सहभागी भई उत्तिर्ण हुनेको संख्या २६ हजार ९०५ रहेका थिए भने शैक्षिक वर्ष २०८२ मा २६ हजार ५५० रहेको छ। GPA २.८ देखि ३.२ को बीचमा ल्याउनेको सबैभन्दा बढी ९ हजार ४४५ रहेको छ।

तालिका ७७: माध्यमिक शिक्षा परीक्षा, कक्षा १०,( SEE)

| ग्रेडको विवरण | संख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८० | २०८१ | २०८२ |
| GPA 0.8< 1.2 | ० | ० | ० | ० | ० | ० |
| GPA 1.2<1.6 | ० | ० | ० | ० | ० | ० |
| GPA 1.6<2 | ३ | ३ | ० | ०.०१ | ०.०१ | ०.०० |
| GPA2<2.4 | १७७ | २८७ | ४१३ | ०.८८ | ०.६९ | १.१३ |
| GPA2.4<2.8 | ३५२३ | ४६५० | ५३५४ | १७.५२ | ११.१२ | १४.६७ |
| GPA2.8<3.2 | ७३१९ | ९०३६ | ९४४५ | ३६.४० | २१.६० | २५.८८ |
| GPA3.2<3.6 | ६१५७ | ८०३४ | ७३३९ | ३०.६२ | १९.२१ | २०.११ |
| GPA3.6<4 | २९२९ | ४८९५ | ३९९९ | १४.५७ | ११.७० | १०.९६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Graded | | २६९०५ | २६५५० | ०.०० | ६४.३२ | ७२.७५ |
| NG | ० | १४९२६ | ९९४३ | ०.०० | ३५.६८ | २७.२५ |
| जम्मासहभागी | २०१०८ | ४१८३१ | ३६४९३ | १०० | १०० | १०० |

स्रोतः IEMIS, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

## गण्डकी विश्वविद्यालय

९.१४ विक्रम संवत् २०७६ सालमा विश्वविद्यालय स्थापना भए पश्चात् शैक्षिक वर्ष २०७८/७९ देखि स्नातक तहको ३ संकाय सञ्चालनमा रहेका छन्। विकास तथा व्यवस्थापन संकायमा सबैभन्दा बढी २९६ विद्यार्थी रहेका छन्।

### तालिका ७८: गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी संख्या

| संकाय | सञ्चालित कार्यक्रम | २०८१ | | २०८२ | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी संख्या | क्रेडिट आवर | विद्यार्थी संख्या | क्रेडिट आवर |
| विकास तथा व्यवस्थापन | Bachelor in Sports Management | ५८ | १४८ | ४१ | १५६ |
| | Bachelor of Business Administration | ११७ | १२० | ८७ | १२० |
| | Bachelor of Arts and Bachelor of Law | १८२ | १९० | १६८ | १९० |
| चिकित्सा विज्ञान संकाय | Bachelor of Pharmacy | ९८ | १६८ | १११ | १६८ |
| विज्ञान तथा प्रविधि | Bachelor of Information Technology | २१२ | १३८ | १५७ | १३८ |
| अन्य | | १७ | ६० | ३२ | ६० |
| जम्मा | | ६८४ | | ५९६ | |

स्रोतः IEMIS, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, २०८२

## प्राविधिक शिक्षा

९.१५ गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त आङ्गिक शिक्षालय १३, सामुदायिक विद्यालय २८, साझेदारीमा सञ्चालित ५ र सम्बन्धन प्राप्त १९ गरी कुल ६५ डिप्लोमा तहको अध्यापन गराउने संस्थाहरू सञ्चालित छन्।

९.१६ प्रि-डिप्लोमा तहको पठनपाठन सञ्चालन गर्ने कुल संस्था संख्या ३१ रहेको छ। तीमध्ये परिषद्का आङ्गिक शिक्षालय ३, सामुदायिक विद्यालय २३, सामुहिक साझेदारीमा १ र सम्बन्धन प्राप्त ४ संस्था छन्। गत आर्थिक वर्षको तुलनामा संस्थाको संख्या ६ ले घटेर ६५ कायम भएको छ।

### तालिका ७९: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू

| कार्यक्रम | २०८१ | | | | | २०८२ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आङ्गिक शिक्षालय | सामुदायिक विद्यालय | सामुदायिक साझेदारीमा | सम्बन्धन प्राप्त | जम्मा | आङ्गिक शिक्षालय | सामुदायिक विद्यालय | सामुदायिक साझेदारीमा | सम्बन्धन प्राप्त | जम्मा |
| प्रि-डिप्लोमा कार्यक्रम सञ्चालित संस्था | ३ | १९ | ० | ४ | २६ | ३ | २३ | १ | ४ | ३१ |
| डिप्लोमा कार्यक्रम सञ्चालित संस्था | ८ | २० | ६ | ११ | ४५ | १० | ५ | ४ | १५ | ३४ |
| जम्मा संस्था | ११ | ३९ | ६ | १५ | ७१ | १३ | २८ | ५ | १९ | ६५ |

स्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, गण्डकी प्रदेश कार्यालय, २०८२

९.१७ शैक्षिक सत्र २०८१ मा शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा सम्बन्धित स्थानीय तहबाट अनुमति पाएका कक्षा ९-१२ मा इन्जिनियरिङ र कृषि विषय सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या १३३५ रहेकोमा शैक्षिक सत्र २०८२ मा ३१३ ले घटेर १०२२ रहेको छ। जसमा इन्जिनियरिङ तर्फ छात्र र कृषि विषय तर्फ छात्राको धेरै रुचि रहेको देखिन्छ।

### चार्ट ३५: प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय (कक्षा ९-१२) को विद्यार्थी विवरण




स्रोत:शिक्षा तथा मानव श्रोत विकास केन्द्र, २०८२

९.१८ शैक्षिक वर्ष २०८१ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका विभिन्न शैक्षिक संस्थाहरूमा डिप्लोमा तहमा भर्ना भएका विद्यार्थी संख्या कुल ३२०० रहेकोमा २०८२ मा १७९० पुगेको छ। प्रि-डिप्लोमा तहमा विभिन्न विषयमा अध्ययनरत ७०२ गरी कुल २४९२ विद्यार्थी भर्ना भएको देखिन्छ।

९.१९ विषयगत रुपमा हेर्दा सबैभन्दा बढी स्वास्थ्य विषयमा विद्यार्थीहरूको आकर्षण रहेको देखिन्छ। तुलनात्मक रुपमाकृषि, ईन्जिनियरिङ विषयमा कम आकर्षण रहेको देखिन्छ।

तालिका ८०: विभिन्न विषयमा अध्ययनरत विद्यार्थी विवरण

| Subject/Program | | २०८२ | |
|---|---|---|---|
| Engineering | | प्री डिप्लोमा | डिप्लोमा |
| | Civil | ८७ | ९६ |
| | Computer | २८ | ४३ |
| | Electrical | ४३ | ० |
| | Automobile | २१ | १९ |
| | Geomatics | ० | ० |
| | Civil Hydro | ० | ० |
| | IT | ० | ३५ |
| Health | Nursing | ० | १६० |
| | General Medicine | ० | ४१० |
| | Physiotherapy | ० | ४० |
| | Dental | ० | ४० |
| | Radiography | ० | ९३ |
| | Pharmacy | ० | ३५९ |
| | MLT | ० | १७७ |
| Management | Beauty and Cosmetology | ० | २३ |
| | Social Mobilization | १४ | ० |
| Agriculture | Plant science | १९२ | ५१ |
| | Animal Science | ९४ | १२६ |
| | Food and Dairy | ० | २४ |
| Hospitality | Hotel Management | २४ | ७१ |
| | Culinary arts | १२ | ० |
| Forestry | Forestry | ० | २३ |
| Apprenticeship | Civil | १०९ | ० |
| | Ecdf | २० | ० |
| | Electrical | १८ | ० |
| | Hotel Management | ४० | ० |
| जम्मा | | ७०२ | १७९० |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश, २०८२

### स्वास्थ्य सेवा

९.२० गण्डकी प्रदेशले स्वास्थ्य क्षेत्रमा सुधारको लागि जिल्ला अस्पतालको सुदृढीकरण र विशिष्टीकृत अस्पताल (सरुवा रोग, महिला तथा बाल, मुटु, मृगौला र क्यान्सर) को स्थापना र सञ्चालनमा जोड दिएको छ। नेपाल सरकार र स्थानीय तहको सहकार्यमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै नागरिकलाई पुर्‍याउने र कुपोषण न्यूनीकरण गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखेको छ।

९.२१ कुल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य तथा सामाजिक कार्यको योगदान तुलनात्मक रुपमा न्यून रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापको योगदान १.७८ प्रतिशत हुने अनुमान छ भने गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा २.२९ प्रतिशत हुने अनुमान रहेको छ।

चार्ट ३६: कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ ** संशोधित अनुमान * प्रारम्भिक अनुमान

९.२२ आर्थिक वर्ष२०८२/८३ को फागुन मसान्तसम्म ४३३आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र/ सामुदायिक स्वास्थ्य ईकाई, ४७८ स्वास्थ्य चैकी, १७ प्राथमिक स्वास्थ्य सेवा केन्द्र (PHCC), ६० सरकारी अस्पताल, ७४ निजी अस्पताल र ६४ आयुर्वेदिक औषधालय रहेका छन्। सरकारी स्वास्थ्य संस्था अन्तर्गत ६८ जना डाक्टर, ८० नर्स/अ.न.मी., २४ आयुर्वेद चिकित्सक/ कविराज, २१ वैद्य, ५४ स्वास्थ्य सहायकहरुबाट सेवा प्रदान गरिएको छ भने ५८६४ म.स्वा.स्व.से. मार्फत् विभिन्न स्वास्थ्य सेवाहरू घरदैलोसम्म पुयाईएको छ।

### तालिका ८१ः स्वास्थ्य सेवा विस्तारको विवरण

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३* |
|---|---|---|---|---|---|---|
| १.स्वास्थ्य संस्थाको किसिम | | | | | | |
| (क)सरकारी अस्पताल | १९ | १९ | ४१ | ५८ | ५८ | ६० |
| (ख)निजी अस्पताल | ६९ | ६९ | ६९ | ७४ | ७४ | ७४ |
| (ग)प्राथमिक स्वास्थ्य केन्द्र | २३ | २३ | २२ | २० | १७ | १७ |
| (घ)स्वास्थ्य चौकी | ४९० | ४९० | ४९० | ४८० | ४७८ | ४७८ |
| (ङ)आयुर्वेदिक औषधालय | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६४ |
| (च) आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र/ सामुदायिक स्वास्थ्य इकाई | ३८० | ४२० | ४२० | ४७९ | ४३३ | ४३३ |
| २.अस्पताल शैय्या* | ३०० | ३०० | ३०० | ३०० | ३०० | ८०० |
| ३. जनशक्ति विवरण | | | | | | |
| (क)डाक्टर (प्रदेश स्तरको मात्र) | ३८ | २७ | ३५ | ३७ | ४५ | ६८ |
| (ख)नर्स/अ.न.मी.(प्रदेशस्तरको मात्र) | ६५ | ७८ | ७० | ७४ | ७७ | ८० |
| (ग)आयुर्वेद चिकित्सक/कविराज (प्रदेशस्तरको मात्र) | २० | १९ | २२ | २३ | २४ | २४ |
| (घ)वैद्य (प्रदेशस्तरको मात्र) | १६ | १७ | १९ | २० | २१ | २१ |
| (ङ)स्वास्थ्य सहायक (हे.अ., अ.हे.ब.) (प्रदेशस्तरको मात्र) | ४६ | ४२ | ४९ | ५१ | ५४ | ५४ |
| (च)महिला स्वास्थ्य स्वयंसेविका | ५९३९ | ५९३९ | ५९३९ | ५८६४ | ५८६४ | ५८६४ |
| प्रदेश स्वास्थ्य मन्त्रालय मातहतका १४ वटा अस्पातलले दिएको सेवा विवरण | - | ५१२४०६ | ६७७७०२ | ७९७२३४ | ९३४४३८ | ५९१८६५ |

स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, २०८२ *फागुन मसान्तसम्म

## राष्ट्रिय खोप कार्यक्रम

९.२३ राष्ट्रिय खोप कार्यक्रम गण्डकी प्रदेशमा उल्लेख्य रुपमा सञ्चालन भइ बाल मृत्युदर घटेको छ। बि.सि.जी., डि.पी.टी./हेप.बि/हिब तेस्रो, पि.सि.भि.तेस्रो, एफ्.आइ.पि.भि. दोस्रो, पोलियो तेस्रो,जे.इ. र दादुरा/रुबेला दोस्रो जस्ता खोपहरूको प्रयोगले विभिन्न किसिमका रोग नियन्त्रणमा सहयोग पुर्‍याएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म जे.इ. खोप प्रयोग गर्नेको संख्या अन्यको तुलनामा बढी देखिन्छ।

९.२४ राष्ट्रिय खोप कार्यक्रम पहिलो प्राथमिकता प्राप्त लागत प्रभावकारी (Cost effective) जनस्वास्थ्य कार्यक्रम हो । गण्डकी प्रदेशलाई मिति २०७५ साल भाद्र १३ गते पूर्ण खोपयुक्त प्रदेश घोषणा गरी सोको सुनिश्चितता कायम गर्न कार्यक्रममा निरन्तरता दिइएको छ। आ.व २०८२/८३ को फागुन मसान्तसम्म जम्मा खोप कभरेज १ लाख १२ हजार ८०३ जनामा पुगेको छ ।

### तालिका ८२: निःशुल्क खोपको स्थिति (पटक संख्यामा)

| खोपको प्रकार | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३* |
| वि.सि.जी. | ३४८२८ | ३२३७३ | ३२१३७ | २४९८३ | २२१७२ | १४७२९ |
| डि.पी.टी./हेपवि/हिव तेस्रो | ३९४६३ | ३३३०५ | ३४७९७ | ३०८६० | २५९६२ | १६०५४ |
| पि.सि.भि.तेस्रो | ३८४९४ | ३३२९५ | ३४३२२ | ३२८३४ | २७१४६ | १५५५९ |
| एफ्.आइ.पि.भि.दोस्रो | ३९२५५ | ३३२७१ | २०७६८ | ३२७४७ | २७११६ | १५६१६ |
| पोलियो तेस्रो | ३९३६५ | ३३२९७ | ३४७७३ | ३०८४० | २५९५७ | १६०१५ |
| जे.इ. | ३८७११ | ३४६६७ | ३३२०६ | ३३७८७ | २८३०२ | १७९३३ |
| दादुरा/रुवेला दोस्रो | ३८६९६ | ३५१८३ | ३३२५२ | ३३६९२ | ३०३८३ | १६८९७ |
| जम्मा | २६८८१२ | २३५३९१ | २२३२५५ | २१९७४३ | १८७०३८ | ११२८०३ |

स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,२०८२ *फागुन मसान्तसम्म

## स्वास्थ्य शिक्षा, सूचना तथा संचार

९.२५ NDHS-२०२२ अनुसार गण्डकी प्रदेशको कुल प्रजनन दर १.४ प्रतिशत, नवजात शिशु मृत्युदर ( प्रति हजार जीवित जन्ममा) ८, शिशु मृत्युदर १८.७ (प्रति हजारमा), ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) २३ रहेको छ।

### तालिका ८३: स्वास्थ्य सम्बन्धि सूचकको गण्डकी प्रदेशको विवरण

| सूचक | NDHS -२०२२ |
|---|---|
| कुल प्रजननदर | १.४ |
| नवजात शिशु मृत्युदर ( प्रति हजार जीवित जन्ममा) | ८ |
| शिशुमृत्युदर (प्रति हजार जीवित जन्ममा) | १८.७ |
| ५वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | २३ |
| कम्तिमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत) | ८४.६ |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूती हुने गर्भवती प्रतिशत | ८९.२ |
| स्वास्थ्य संस्थामा प्रसूती हुने गर्भवती प्रतिशत | ८८ |
| पूर्णरुपमा खोप लगाउने बालबालिकाको प्रतिशत | ७८.४ |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | १६१* |

स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,२०८२

९.२६ चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म गण्डकी प्रदेशभित्र सञ्चालन भएका एम्बुलेन्स सबैभन्दा धेरै गोरखा जिल्लामा ५० वटा सञ्चालनमा रहेका छन्। B ग्रेडका ५० र C ग्रेडका १६२ गरी जम्मा २१२ एम्बुलेन्स सञ्चालनमा रहेका छन्।

चार्ट ३७: जिल्लागत रुपमा सञ्चालित एम्बुलेन्सको विवरण




स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,२०८२

९.२७ गण्डकी प्रदेश सरकारले दुर्घटनामा परेका घाइते र तत्काल उद्धार गर्नुपर्ने बिरामीको लागि हवाई उद्धारमार्फत् उद्धार गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ फागुन मसान्तसम्म हवाई उद्धारमार्फत् उद्धार गरिएका व्यक्तिहरूमा धेरै संख्या बागलुङका ३० जना रहेका छन्।

तालिका ८४: स्वास्थ्य मन्त्रालय मार्फत भएको हवाई उद्धार सेवा विवरण

| जिल्ला | २०८१/८२ सम्म उद्धार सख्या | २०८२/८३ पहिलो ८ महिनामा | हालसम्म जम्मा उद्धार सख्या |
|---|---|---|---|
| गोरखा | ४ | २ | ६ |
| पर्वत | २ | ० | २ |
| बागलुङ | २८ | २ | ३० |
| मनाङ | १ | १ | २ |
| मुस्ताङ | ५ | ० | ५ |
| म्याग्दी | १७ | १ | १८ |
| लमजुङ | ४ | ० | ४ |
| जम्मा | ६१ | ५ | ६७ |
| नोटः स्वास्थ्य मन्त्रालयमा कार्यक्रम लागू नहुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत हवाई उद्धार भएको ४ जना गरी हाल सम्म ७१ जना रहेका | | | |

स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, २०८२

## जनसंख्या

९.२८ राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको जनसंख्या २४ लाख ६६ हजार ४२७ रहेको छ। जसमध्ये ५२.५ प्रतिशत महिला र ४७.५ प्रतिशत पुरुष रहेका छन्। लैङ्गिक अनुपात प्रति

१०० महिलामा ९०.३७ पुरुष रहेको छ। क्षेत्रफलका हिसाबले जनघनत्व ११५ प्रति वर्ग किलोमिटर र वार्षिक जनसंख्या वृद्धिदर ०.२५ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्या २४ लाख ३ हजार ७५७ र लैङ्गिक अनुपात ८३.०८ थियो।

९.२९ राष्ट्रिय जनगणना २०६८ मा गण्डकी प्रदेशमा प्रति परिवार सदस्य औसतमा ४.१६ रहेकोमा राष्ट्रिय जनगणना २०७८ मा ३.७२ रहेको छ। परिवारको आकार नवलपरासी बर्दघाट सुस्ता पूर्वमा सबैभन्दा बढी ४.०३ र गोरखा जिल्लामा सबैभन्दा कम ३.४९ रहेको छ।

तालिका ८५: भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८

| क्षेत्र | जम्मापरिवार संख्या | जनसंख्या | | | औसत परिवार आकार | लैङ्गिक अनुपात | जन घनत्व |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ४.३७ | ९५.५९ | १९८ |
| गण्डकी प्रदेश | ६६२४८० | २४६६४२७ | ११७०८३३ | १२९५५९४ | ३.७२ | ९०.३७ | ११५ |
| गोरखा | ७१८२६ | २५१०२७ | ११८१५५ | १३२८७२ | ३.४९ | ८८.९२ | ७० |
| मनाङ | १५७२ | ५६५८ | ३१९२ | २४६६ | ३.६ | १२९.४४ | ३ |
| मुस्ताङ | ३६७४ | १४४५२ | ७९३४ | ६५१८ | ३.९३ | १२१.७२ | ४ |
| म्याग्दी | २८८३० | १०७०३३ | ५२१५३ | ५४८८० | ३.७१ | ९५.०३ | ४७ |
| कास्की | १६०६५१ | ६०००५१ | २९२७९१ | ३०७२६० | ३.७४ | ९५.२९ | २९७ |
| लमजुङ | ४४१७० | १५५८५२ | ७४०७७ | ८१७७५ | ३.५३ | ९०.५९ | ९२ |
| तनहुँ | ८८५८३ | ३२११५३ | १५००९२ | १७१०५९ | ३.६३ | ८७.७४ | २०८ |
| नवलपरासी (ब.सु. पू.) | ९३९२५ | ३७८०७९ | १७७८८७ | २००१९२ | ४.०३ | ८८.८६ | २६५ |
| स्याङ्जा | ६८९५९ | २५३०२४ | ११६६७८ | १३६३४६ | ३.६७ | ८५.५७ | २१७ |
| पर्वत | ३६१३७ | १३०८८७ | ६१६७८ | ६९२०९ | ३.६२ | ८९.१२ | २६५ |
| बागलुङ | ६४१५३ | २४९२११ | ११६११९४ | १३३०१७ | ३.८८ | ८७.३५ | १४० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

# १०. सार्वजनिक प्रशासन, सुशासन र विविध

## सुशासन

१०.१ प्रदेशले सुशासन र प्रभावकारी सेवा प्रवाहलाई प्रमुख मार्गदर्शक नीतिको रुपमा आत्मसात गरेको छ। पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न डिजिटल प्रविधिमार्फत सेवा प्रवाह गर्ने कार्यले तिव्रता पाएको छ। सेवाग्राहीलाई चुस्त दुरुस्त सेवा उपलब्ध गराउन गण्डकी प्रदेशमा विभिन्न प्रदेशस्तरीय संस्थागत संरचना (४ वटा निकाय र ९ वटा मन्त्रालय) स्थापना भइ सञ्चालनमा रहेका छन्।

१०.२ गण्डकी प्रदेश भित्र रहेका जम्मा १५ वटा मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन गर्दा लक्षित समुहलाई कानून बमोजिम छुट प्रदान गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा छुट लिने महिला सबैभन्दा धेरै जम्मा १३ हजार ७१ जनाको लागि जम्मा रु २७ करोड ४९ लाख ६६ हजार छुट दिईएको छ। सम्पूर्ण लक्षित वर्गलाई जम्मा २७ करोड हजार ८२ लाख ६९ हजार छुट दिईएको छ। चालु आर्थिक वर्षमा सो छुट विवरण गत आर्थिक वर्षमा भन्दा धेरै बढेको देखिन्छ।

तालिका ८६: घरजग्गा रजिष्ट्रेशन छुटको विवरण

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०८१/८२ | | २०८२/८३ | |
| | जना | छुट रकम रु. हजारमा | जना | छुट रकम रु. हजारमा |
| महिला | १३७७८ | १२१११११ | १३०७१ | २७४९६६ |
| एकल महिला | २२ | १५३ | ० | ० |
| दलित | ४७० | २५०६ | ३१२ | १८९१ |
| ज्येष्ठनागरिक | ३४ | ३३४ | ३२ | ३०७ |
| अपाङ्गता भएका व्यक्ति | १३ | ७७ | २ | ९.५ |
| नावालक | ६ | १० | ० | ० |
| विद्यालय | २ | २०८ | ० | ० |
| सरकारी निकाय | २३ | १४३८ | २४ | ३१७ |
| अन्यनिकाय/संस्था | २ | १४ | १९ | ७७९ |
| जम्मा | १४३५० | १२५८५० | १३४६० | २७८२६९.५ |

स्रोतः आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश पोखरा, २०८२

## लेखापरीक्षण र बेरुजुको स्थिति

१०.३ आर्थिक वर्ष २०८१/८२ को गण्डकी प्रदेश मन्त्रालय तथा निकाय (१५९) को रू. ३७ अर्ब ३२ करोड ६६ लाख ७७ हजार र समिति र अन्य संस्था (२१) को रु. ४ अर्ब १३ करोड

१४ लाख ५५ हजार गरी जम्मा १८० मन्त्रालय/ निकाय/संस्थाको कुल रू. ४१ अर्ब ४५ करोड ८१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

चार्ट ३८: प्रदेश मातहतका सरकारी निकायको लेखापरीक्षण

| कारोबार | रकम रू. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विनियोजन | १९६७६२४३ | २५६२३४१८ | २२०४३९३४ | २३६१४४५४ | २२२०६११५ | २२४९५०६७ |
| राजस्व | ७३७३९८५ | ९८०९३२९ | ११२९७९७३ | ९८७७४३५ | ११४३२२६९ | १०७५२४४३ |
| धरौटी | १०३६६३० | १५१३३८६ | १८१४१०७ | २०६३०२० | २१४१२६७ | २१३०२०९ |
| अन्य कारोबार | ६९५८५८ | १४४५६३७ | १८८९०९१ | १६९३३८९ | १८७५६६५ | १९४८९५८ |
| जम्मा | २८७८२७१६ | ३८३९१७७० | ३७०४५१०५ | ३७२४८२९८ | ३७६५५३१६ | ३७३२६६७७ |

स्रोत: महालेखा परीक्षकको आठौं वार्षिक प्रतिवेदन (प्रदेश), २०८३

१०.४ आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणबाट गण्डकी प्रदेश सरकारको बेरुजु रू. ५९ करोड ५० लाख १९ हजार रहेको छ भने सो विवरण आर्थिक वर्ष २०८०/८१ को बेरूजु भन्दा रू. ७ करोड ५१ लाख ८६ हजारले बढि हो। सातै प्रदेशको तुलनामा सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८३ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशको बेरुजु १.४४ प्रतिशत रहेको छ।

चार्ट ३९: प्रदेशगत बेरुजुको विवरण आर्थिक वर्ष२०८१/८२ (रू. हजारमा)

| प्रदेश | लेखापरीक्षण गरिएको कार्यालय संख्या | लेखापरीक्षण रकम | कुल बेरुजु रकम | पेश्की बाहेक बेरुजु रकम | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| कोशी | २०८ | ५२३८४९७९ | ५८६६८३ | ५५५५४६ | १.१२ |
| मधेश | १५० | ४९६९३९४३ | १८७३३६१ | १४२३३७६ | ३.७७ |
| वागमती | २०९ | ८३१५६३७८ | ६९३७९४ | ४९४१६७ | ०.८३ |
| गण्डकी | १८० | ४१४५८१३२ | ५९५०१९ | ५४०३८० | १.४४ |
| लुम्बिनी | २१४ | ५७२०१४२४ | ७२६९०५ | ६३३२०६ | १.२७ |
| कर्णाली | १३७ | ३७१९८०७६ | ७७३५६२ | ७००८२३ | २.०८ |
| सुदूरपश्चिम | १५९ | ३९४९९१५५ | ६०४८८९ | ५५५९०० | १.५३ |
| जम्मा | १२७५ | ३६०५९२०८७ | ५८५४२१३ | ४९०३३९८ | १.६२ |

स्रोत: महालेखा परीक्षकको त्रिसाठिऔं प्रतिवेदन, २०८३

१०.५ आर्थिक वर्ष २०८१/८२ कोकुल बेरुजुमध्ये असुल गर्नुपर्ने बेरुजु ७.३०, नियमित गर्नुपर्ने बेरुजु ८३.५२ र पेश्की बेरुजु ९.१८ प्रतिशत रहेको छ।

तालिका ८७: बेरुजुको वर्गीकरण (रू. हजारमा)

| | २०८०/८१ | | | | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्गिकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | प्रतिशत | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | प्रतिशत |
| असुल गर्नुपर्ने | ६३४१० | १३४१० | ७६८२० | १४.७८ | ३६८७५ | ६५६६ | ४३४४१ | ७.३० |
| नियमित गर्नुपर्ने | २७४६२८ | ९५९३६ | ३७०५६४ | ७१.२८ | ४१५५६७ | ८१३७२ | ४९६९३९ | ८३.५२ |
| पेश्की | ६६६६७ | ५७८२ | ७२४४९ | १३.९३ | ५४६३९ | - | ५४६३९ | ९.१८ |
| जम्मा | ४०४७०५ | ११५१२८ | ५१९८३३ | १००.०० | ५०७०८१ | ८७९३८ | ५९५०१९ | १०० |

स्रोतः महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन (प्रदेश), २०८३

## लैंगिक उत्तरदायी तथा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण बजेट

१०.६ गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका कार्यक्रम तथा क्रियाकलापहरूमा विनियोजन हुने प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको अनुपात आर्थिक वर्ष २०८३/८४ मा ६८ प्रतिशत पुर्याउने लक्ष्य लिएकोमा चालु आर्थिक वर्ष २०८२/८३ मा ३०.३४ प्रतिशत रहेको छ।

तालिका ८८: लैङ्गिक उत्तरदायी बजेट (रु. करोडमा)

| आर्थिक वर्ष | प्रत्यक्ष लाभ | | अप्रत्यक्ष लाभ | | तटस्थ | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| २०७६/७७ | २१२१.७ | ६६.० | ९१७.१ | २८.६ | १७४.६ | ५.४ |
| २०७७/७८ | १८९१.० | ५४.३ | १२६०.३ | ३६.२ | ३३२.९ | ९.६ |
| २०७८/७९ | १७५० | ४८.२ | ८६८.६ | २८.९ | ३८७ | १२.९ |
| २०७९/८० | २११८.९६ | ५९.०१ | ११५६.६० | ३२.२१ | ३१५.३३ | ८.७८ |
| २०८०/८१ | २१९६.४१ | ६५.७१ | ८३१.४० | २४.७८ | ३१४.९४ | ९.४२ |
| २०८१/८२ | १०९८.३३६ | ३३.३० | १९४२.०९ | ५८.८९ | २५७.४३६ | ७.८१ |
| २०८२/८३ | ९७०.१९ | ३०.३४ | २०४२.४२ | ६३.८७ | १८५.३८ | ५.५० |

स्रोतः सम्वन्धित आर्थिक वर्षको बजेट बक्तव्यहरु

१०.७ गण्डकी प्रदेश जलवायु परिवर्तनजन्य जोखिमका हिसावले बढी संवेदनशील रहेको छ। गत आर्थिक वर्षबाट प्रत्यक्ष लाभ प्रतिशत १०.२५ रहेकोमा चालु आर्थिक वर्षमा १०.१४ प्रतिशत

बजेट विनियोजन भएको छ। प्रत्यक्ष लाभ पुग्ने बजेट भन्दा अप्रत्यक्ष लाभ पुग्ने बजेटमा धेरै बजेट विनियोजन भएको देखिन्छ।

तालिका ८९: जलवायु परिवर्तन बजेट विनियोजनको अवस्था (रु. करोडमा)

| आर्थिक वर्ष | प्रत्यक्ष लाभ | | अप्रत्यक्ष लाभ | | तटस्थ | |
|---|---|---|---|---|---|---|
| | रकम रु. | प्रतिशत | रकम रु. | प्रतिशत | रकम रु. | प्रतिशत |
| २०७६/७७ | १७३५.४ | ५४ | ६८५.२ | २१.३ | ७९२.९ | २४.७ |
| २०७७/७८ | १६९१.६ | ४८.६ | ७६७.७ | २२.१ | १०२४.९ | २९.४ |
| २०७८/७९ | ११३५.४ | ३७.८ | ८८५.६ | २९.५ | ९८४.६ | ३२.८ |
| २०७९/८० | १५०४.६० | ४१.९ | ११४४.२० | ३१.८६ | ९४२.०९ | २६.२४ |
| २०८०/८१ | १४९४.७१ | ४४.७० | ११०४.२६ | ३३.०४ | ७४४.२७ | २२.२७ |
| २०८१/८२ | ३३७.८९९ | १०.२५ | २०४८.०७९ | ६२.१० | ९११.८७७ | २७.६५ |
| २०८२/८३ | ३२४.२८ | १०.१४ | २००३.८५ | ६२.६६ | ८६९.८६ | २७.२० |

स्रोतः सम्वन्धित आर्थिक वर्षको बजेट बक्तव्यहरु

## विपद् व्यवस्थापन

प्रदेश कार्यकारी समितिको मिति २०८२ माघ ०४ को निर्णयानुसार विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न जिल्ला विपद् व्यवस्थापन समिति, पर्वत, गोरखा, नवलपरासी (ब.सु.पू.), बागलुङ र कास्कीमा प्रदेश विपद् कोषबाट रु १ करोड ३८ लाख निकासा भएको छ।

## शान्ति सुरक्षा

गण्डकी प्रदेश प्रहरी कार्यालय र अन्तर्गतका तालिम केन्द्र, अस्पताल भवन, ट्राफिक प्रहरी कार्यालय, प्रहरी चौकी, इलाका प्रहरी कार्यालय भवन निर्माण सम्पन्न गर्न रु. ७ करोड ८१ लाख ६६ हजार खर्च गर्ने अख्तियारी हस्तान्तरण भएको छ। शसस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी पोखरा र अन्तर्गतका भवन निर्माण एवं संरक्षण, मेस निर्माण र वेगनास तालमा विपद् उद्धारको लागि मोटरबोट खरिद गर्न रु. १ करोड ६५ लाख खर्च गर्ने अख्तियारी हस्तान्तरण भएको छ।

## प्रदेश किताबखाना

प्रदेश किताबखाना स्थापना भए पश्चात २०८२ फागुन मसान्तसम्म प्रदेश तथा स्थानीयतह (अन्य सेवा समेत) कर्मचारीको वैयक्तिक सूचना प्रणालीमा पहुँच प्राप्त भई कार्य प्रारम्भ गरिएकोमा प्रदेश

निजामती सेवाका ६११, गण्डकी प्रदेश अन्तर्गतका स्थानीय सरकारी सेवा (अन्य सेवा समेत) का ४४० जना कर्मचारीहरुको वैयक्तिक विवरण (सिटरोल) दर्ता भएको छ।

## नवप्रवर्तन साझेदारी कार्यक्रम

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा ३७ वटा स्थानीय तहबाट परियोजना प्रस्ताव पेश भएकोमा १५ वटा परियोजना प्रस्ताव स्वीकृत भई कार्यान्वयनमा रहेका छ। प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम बमोजिम सञ्चालित नवप्रवर्तन साझेदारी कोष अन्तर्गत ४२ वटा स्थानीय तहबाट परियोजना प्रस्ताव पेश भएकोमा ८ वटा परियोजना प्रस्ताव स्वीकृत भई कार्यान्वयनमा रहेका छ।

## सार्वजनिक प्रशासन

स्थानीय तहको माग बमोजिम ६२ वटा स्थानीय तहमा न्यायिक सहजकर्ता परिचालन गरिएको छ।

प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिबाट प्राप्त सुझावको औचित्य र आवश्यकताको आधारमा क्रमशः कार्यान्वयनमा लैजान गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०२/३१ को निर्णय बमोजिम २८५ (±२०) दरबन्दी पुनरावलोकन हुनुका साथै नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ कार्यान्वयन भएको छ।

भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनको क्रममा क्षति भएको सम्पत्तिको मूल्याङ्कन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को व्यवस्था बमोजिम लिलाम तथा मिनाहा सम्बन्धी कार्य सम्पन्न भएको छ।

गण्डकी प्रदेशमा चालु आर्थिक वर्ष २०८२/८३ फागुन मसान्तसम्म जम्मा दर्ता भएका रेडियो र टेलिभिजनको संख्या क्रमशः ३० र १० रहेको छ।

१०.१ आर्थिक वर्ष २०८०/८१ मा जम्मा ९१९ जनालाई ४ करोड २३ लाख, आर्थिक वर्ष २०८१/८२ मा ६४९ जनालाई ३ करोड ९५ लाख ७२ हजार रचालु आर्थिक वर्षको प्रथम आठ महिनामा ३२३ जनालाई २ करोड १५ लाख ५० हजार आर्थिक सहायता वितरण भएको छ।

तालिका ९०: आर्थिक सहायताको विवरण

| रोगको प्रकृति | २०८०/८१ | | २०८१/८२ | | २०८२/८३ * | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम रु | संख्या | रकमरु | संख्या | रकम रु |
| विभिन्न किसिमका क्यान्सर (रु.१,००,०००।-) | १७१ | १७१००००० | २७१ | २७१००००० | १७० | १७०००००० |
| अन्य घातक रोग मुटु, मेरुदण्ड, मृगौला लगायत (रु.७५,००,०००।-) | १२० | ९०००००० | ३ | २२५००० | ० | ० |
| ब्रेन ट्यूमर, पक्षघात लगायत (रु.५०,००,०००।-) | २० | १०००००० | ५८ | २९००००० | २९ | १४५०००० |
| मृगौला, आखा, टाउको लगायत (रु.२५,००,०००।-) | ६०८ | १५२००००० | २५७ | ६४२५००० | १२४ | ३१००००० |
| अन्य विपन्नलाई कलेजो लगायत (रु. ५,०००, १०,००० र१५,०००।-) | ० | ० | ६० | २९२२००० | ० | ० |
| जम्मा | ९१९ | ४२३००००० | ६४९ | ३९५७२००० | ३२३ | २१५५०००० |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८२ *फागुन मसान्तसम्म

१०.२ गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठक संख्या आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०८२/८३ को प्रथम आठ महिनाको विवरणलाई तुलना गर्दा सबैभन्दा बढी आर्थिक वर्ष २०७९/८० मा ५२ बटा बैठक बसेको छ।

तालिका ९१: मन्त्रिपरिषद्को बैठकको विवरण

| | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ फागुन सम्म |
| बैठक संख्या | २८ | ३८ | ४० | ५२ | ४४ | ४७ | १६ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८२

## नीति तथा योजना

१०.३ नियमित रुपमा प्रदेश सरकारको स्रोत अनुमान, मध्यमकालीन खर्च संरचना, बजेट सीमा निर्धारण तथा मार्गदर्शन तयारी र पूर्व-बजेट छलफल सम्पन्न गरी पृष्ठपोषण सहितको प्रतिवेदन पेश भएको छ।

